## अध्यायः एक

# परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “इन्द्रमणि ‘मानव’ को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन” रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविश्द्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नाकोत्तर तह दोस्रो बर्षको दसौं पत्रको प्रयोजनको लागि तयार गरिएको हो ।

### १.३ विषयपरिचय

स्वर्गीय इन्द्रमणि ‘मानव’ एक सिर्जनशील प्रतिभा हुन् । करिब पाँच दशक लामो साहित्यिक साधनामा यिनले विभिन्न विधामा कलम चलाए तापनि यिनको मुख्य विधा कविता र कथा हो । यिनले कविता र कथा विधामा दुईओटा पुस्तकाकार कृति तथा थुप्रै फुटकर कविता र कथाहरू लेखेर नेपाली साहित्यको श्रीवृद्धिमा सहयोग पुऱ्याएका छन् । उनका निबन्ध र नाटक पनि प्रकाशित छन् । साहित्य- सिर्जनाका अतिरिक्त यिनले समाज र राष्ट्रोत्थानका लागि साहित्यक्षेत्रमा रहेर थुप्रै कामहरू गरिसकेका छन् । मध्यपश्चिमाञ्चलको नेपालगन्जजस्तो ठाउँमा रहेर यिनले नेपाली साहित्यमा गरेको योगदानको लेखाजोखा हुन आवश्यक ठानेर प्रस्तुत अध्ययन गरिएको हो ।

### १.४ समस्याकथन

प्रारम्भमा नेपाली साहित्यमा कविता विधाबाट प्रवेश गरेका साहित्यकार इन्द्रमणि ‘मानव’ ले हालसम्म कविता, कथा, लेख, निबन्ध र नाटक विधामा समेत संलग्न भएर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् । यसरी

साहित्यका विविध विधामा कलम चलाउने बहुमुखी प्रतिभाको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र र व्यवस्थित अध्ययन भएको पाइँदैन । त्यसैले उनको सम्पूर्ण योगदानको अध्ययन, विश्लेषण र मूल्याङ्कन हुन आवश्यक छ । अतः साहित्यकार इन्द्रमणि 'मानव' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका सन्दर्भमा उनको जीवनमा देखापरेका आरोह-अवरोहको समस्या-कथन यस प्रकारले गर्न सकिन्छ :

१) इन्द्रमणि 'मानव' को जीवनीका साथसाथै व्यक्तित्व केकस्तो छ ?

२) कस्तो परिवेशमा उनी नेपाली साहित्यका फाँटमा देखा परे ?

३) उनका साहित्यिक प्रवृत्तिहरू र साहित्यिक मूल्य र मान्यताहरू केकस्ता रहेका छन् ।

४) उनका कृतिहरूका विशेषता के कस्ता छन् ?

५) नेपाली साहित्यका क्षेत्रमा उनको योगदान केकस्तो छ ?

यी समस्याहरूमा केन्द्रित रहेर साहित्यकार 'मानव' का बारेमा विस्तृत र व्यापक अध्ययन गर्नेतर्फ प्रस्तुत शोधपत्र उन्मुख भएको छ ।

### १.५ शोधकार्यको उद्देश्य

इन्द्रमणि 'मानव' का जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पक्षहरूको विवेचना र मूल्याङ्कन गर्नु नै यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ । यसका साथै 'मानव' ले सम्पादन गरेका पत्रपत्रिकाहरूको आवश्यक परिचय दिई त्यस विषयमा समेत आधारभूत कुरा खोतल्नुपर्ने भएकाले समस्याकथनमा प्रस्तुत गरिएका समस्याहरूसँग गाँस्तै यस अध्ययनका उद्देश्यहरूलाई क्रमशः यस प्रकार प्रस्तुत गरिएको छ :

१) 'मानव' को जीवनीका साथसाथै व्यक्तित्वका बारेमा सत्यतथ्य प्रमाणसहित व्याख्या गर्ने,

२) उनी नेपाली साहित्यका फाँटमा देखा पर्नाका मुख्य परिवेश, वातावरण र वस्तुस्थितिको वर्णन गर्ने,

३) उनका साहित्यिक प्रवृत्तिहरूको चर्चा गरी साहित्यिक मूल्य र मान्यताहरू प्रस्तुत गर्ने,

४) उनका कृतिहरूका विशेषता केलाउने,

५) 'मानव' ले नेपाली साहित्यिलाई दिएको योगदानबारे चर्चा गर्ने ।

**१.६ पूर्वकार्यको समीक्षा**

इन्द्रमणि 'मानव' 'को जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र रूपमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण हुन सकेको छैन । यिनका बारेमा हालसम्म जेजति अध्ययन भएको छ त्यो अध्ययन अधुरो भएको भेटिन्छ । उनका साहित्यिक योगदानका बोरमा साहित्यकार र समालोचकहरूबाट गरिएको पूर्वकार्यलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

१) सनत रेग्मीले "अभिशप्त जीवन कथासंग्रह" (२०२५, पृ. १) को भूमिकामा 'मानव' लाई भेरी अञ्चलका सुप्रसिद्ध कथाकार र विभिन्न पत्रपत्रिकाका कुशल सम्पादकका रूपमा चिनाएका छन् ।

२) काशीनाथ तमोटले "कथा अञ्चल भेरी", शीर्षकको लेखमा ('प्रतीक', २०२९, पृ. २८) भेरी अञ्चलका कथा र कथाकारहरूको चर्चा गर्ने क्रममा कथाकार इन्द्रमणि 'मानव' लाई सामाजिक यथार्थवादी कथाकारका रूपमा चिनाएका छन् ।

३) "यस अङ्कका कथाहरू शीर्षकको 'सिर्जना' (अङ्क २, २०३३ पौष, पृ. क) पत्रिकाको भूमिकामा सम्पादकद्वारा कथाकारहरूको परिचय प्रस्तुत गर्ने क्रममा इन्द्रमणि 'मानव' को परिचय दिने काम गरिएको छ ।

४) 'भेरीका कथा" (नेपालगन्जः भेरी साहित्य विकास समिति, २०३५ पृ.अ.) मा इन्द्रमणि 'मानव' र अन्य कविका कविताहरू विश्लेषण गर्ने क्रममा 'मानव' लाई एक राष्ट्रप्रेमी कविका रूपमा चर्चा गरिएको छ ।

५) सनत रेग्मीले "साहितिय विकासको बाटोमा भेरी अञ्चल" शीर्षकको 'महेन्द्र सौरभ' (वर्ष ३, अङ्क २३, २०३९, पृ. ११३) का लेखमा बाँकेका साहित्यिक प्रतिभाहरूको परिचय दिने क्रममा 'मानव' 'को साहित्यिक योगदानको चर्चा गरेका छन् ।

६) मधुसूदन गिरीले "भेरीका कविताः पृष्ठभूमि र परम्परा" शीर्षकको "मध्यपश्चिमाञ्चलका कविता" (काठमाण्डौंः मध्यपश्चिमाञ्चल साहित्य परिषद्, २०५६, पृ. ५२) मा प्रकाशित लेखमा भेरीको समग्र साहित्यको चर्चा गर्ने क्रममा बाँकेको साहित्यिक पृष्ठभूमि, विकासक्रम र बाँकेका प्रतिभाहरूको परिचय दिएका छन् र इन्द्रमणि 'मानव' का बारेमा विस्तृत चर्चा गरेका छन् ।

७) नारायणप्रसाद शर्मा गैरेले इन्द्रमणि 'मानव' को परिचय' शीर्षकको लेखमा 'वागेश्वरी टाइम्स दैनिक' (नेपालगन्जः २०५७ पौष १८, पृ. २) मा इन्द्रमणि 'मानव' लाई समाजसुधारक, नैतिकवान्, कर्तव्यशील, देशभक्त र राणाशासनका घोर विरोधी साहित्यकारका रूपमा चिनाएका छन् ।

८) नारायणप्रसाद शर्मा गेरैले नै इन्द्रमणि 'मानव' को परिचय' शीर्षकको लेखमा 'बागेश्वरी टाइम्स दैनिक'(नेपालगन्जः २०५७ पौष २९, पृ. ३) मा 'मानव' लाई एक सिद्धहस्त मनोवैज्ञानिक यथार्थवादी कविका रूपमा चिनाएका छन् ।

९) ईश्वरीप्रसाद रिजालले "बाँके जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविताकृतिको अध्ययन" (त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत एम. ए. तहको शोधपत्र, २०६३) मा इन्द्रमणि 'मानव' लाई स्वच्छन्दतावादी,

प्रकृतिप्रेमी, क्रान्तिकारी, विसङ्गतिवादी र भक्तिपरक कविका रूपमा चिनाएका छन् ।

१०) महेन्द्र वाग्लेले "कथाकार इन्द्रमणि 'मानव' र उनका कथाहरूको विश्लेषण" (त्रि.वि. म. ब. क्याम्पसमा प्रस्तुत एम.ए.तहको शोधपत्र, २०६२) मा आदर्शोन्मुख यथार्थवादी, सामाजिक यथार्थवादी र मनोवैज्ञानिक कथाकारका रूपमा 'मानव' लाई चिनाएका छन् ।

**१.७ प्राक्कल्पना**

प्रस्तुत शोधकार्यका नायक इन्द्रमणि 'मानव' एक महत्त्वपूर्ण साहित्यकार हुन् । उनको जीवनी प्रेरणाप्रद छ र उनको साहित्यिक योगदानले नेपाली साहित्यको उत्थानमा विशेष सघाउ पुऱ्याएको छ ।

**१.८ शोधकार्यको औचित्य**

इन्द्रमणि 'मानव' का विषयमा उपयुक्त र पूर्ण अध्ययन भएको देखिँदैन । कुनैकुनै लेखमा उनका बारेमा सामान्य चिनारी दिइनाका साथै उनका कथाका बारेमा स्नाकोत्तर तहको शोधकार्य भए पनि साङ्गोपाङ्ग अध्ययन भने अझै हुन सकेको छैन । अतः 'मानव' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्न रुचि राख्ने पाठकहरूलाई यसबाट विस्तृत जानकारी प्राप्त हुनेछ । नेपाली साहित्यको इतिहासलेखनमा पनि यस अध्ययनको उपयोग गर्न सकिनेछ ।

**१.९ शोधकार्यको सीमाङ्कन**

वि.सं. २००२ देखि नेपाली साहित्यकाशमा उदाएका साहित्यकार इन्द्रमणि 'मानव' ले जीवनको अन्तिम घडी अर्थात् वि.सं. २०५७ सम्म विभिन्न पुस्तकाकार कृति र फुटकर रचनाहरू प्रकाशित गर्नाका साथै विविध पत्रपत्रिकाको सम्पादनसमेत गरेको पाइन्छ । त्यसैले प्रस्तुत शोधपत्रमा उनको जीवनी, व्यक्तित्व र सम्पूर्ण प्रकाशित कृतिहरूको अध्ययन, विश्लेषण तथा

मूल्याङ्कन गरिएको छ । यसका अतिरिक्त साहित्यकार ‘मानव’ का साहित्यिक मान्यताहरूको निरूपण गर्नु तथा कुनै एक विधाविशेषमा मात्र केन्द्रित नभई उनका सम्पूर्ण कृतिहरूको  अध्ययन गर्नुलाई यसको सीमाका रूपमा लिइएको छ ।

**१.१० शोधविधि**

प्रस्तुत शोधपत्रको अनुसन्धान गर्ने क्रममा आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन एवं विश्लेषणमा मूलतः पुस्तकालय पद्धतिलाई अँगालिएको छ ।  यस क्रममा सम्बन्धित विषयका पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित लेख-रचनाहरूको अध्ययन गरिएको छ । यसका अतिरिक्त क्षेत्रीय पद्धतिअनुसार अनुसन्धेय व्यक्तिका परिवारका निकटतम सदस्यहरूबाट मौखिक तथा लिखित अन्तर्वार्ताका साथै ‘मानव’ सँग सम्बन्धित साहित्यका वरिष्ठ विद्वान् तथा समालोचकहरूसँग पनि आवश्यक विषयमा सोधपुछ गरी सामग्री सङ्कलन गरिएको छ ।

**१.१.१ शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रलाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नाका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

११.१ प्रथम अध्याय : शोधपरिचय

११.२ दोस्रो अध्यायः इन्द्रमणि ‘मानव’ को जीवनीको अध्ययन

११.३ तेस्रो अध्यायः इन्द्रमणि ‘मानव’ को व्यक्तित्वको अध्ययन

११.४ चौथो अध्यायः इन्द्रमणि ‘मानव’ को कृतित्वको अध्ययन

११.५ पाँचौ अध्यायः  उपसंहार

# अध्यायः दुई

# इन्द्रमणि 'मानव' को जीवनी

## २.१ जन्म

नेपालका पाँच विकास क्षेत्रमध्येको मध्यश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चल, बाँके जिल्लाको दक्षिण - पश्चिममा भारतीय सीमानजिक एउटा रमणीय बजार छ, जसलाई व्यापारिक दृष्टिले पश्चिमी भेगको मुटु भनेर चिनिन्छ, त्यसैलाई नै नेपालगन्ज भनिन्छ । यही बजारको गगनगन्ज भन्ने ठाउँमा वि.सं. १९७४ असार महिनाको ३१ गते शनिवारका दिन पिता हर्षमानपति वज्राचार्य र माता अतिमाया वज्राचार्यका ज्येष्ठ सुपुत्रका रूपमा इन्द्रमणि 'मानव' को जन्म भएको हो ।[१] उनको जन्मकुण्डलीअनुसारको न्वारनको नाम इन्द्रमानपति वज्राचार्य हो ।

## २.२ पुर्ख्यौली

वज्राचार्य परिवार नेपालगन्जको आदिवासी नभई काठमाडौं मखन टोलबाट गएको परिवार हो ।[२] इन्द्रमणि 'मानव' का पिता हर्षमान्पति वज्राचार्य काठमाडौंबाट त्यहाँ गएर बसोबास गरेका हुन् । उनका बाजे कुलमानपति वज्राचार्यलगायत उनका पुर्खाहरू काठमाडौंका थिए । पिता हर्षमानपति वज्राचार्य काठमाण्डौका मखनटोलका प्रतिष्ठित व्यक्ति थिए र उनको जमिन्दारी बर्दिया जिल्लाको बुटाहा, जगतियामा थियो ।[३] नेपालगन्जको गगनगन्ज टोलमा उनको घडेरी भएकाले उनको परिवार त्यहीँ बस्दथ्यो । यसरी इन्द्रमणि 'मानव' को पुर्ख्यौलीलाई हेर्दा सामाजिक मानमर्यादाप्राप्त

---

[१] इन्द्रमणि 'मानव' 'आत्मकथा' दौंतरी (वर्ष १०, अंक १, पूर्णाङ्क ११, २०६१ मंसिर), पृ.१५९ ।

[२] सनत रेग्मी, "स्व. इन्द्रमणि मानव : एक श्रद्धाञ्जलि", दौंतरी, (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१ मङ्सिर), पृ. क ।

[३] शोभना बज्रचार्यबाट प्राप्त जानकारी अनुसार ।

सम्पन्न परिवार भएको भेटिन्छ । पिता खरिदार पदको जागिरे भएको र धेरै ठाउँमा उनको जग्गाजमिन भएका कारण परिवारलाई खानलगाउन पुगेर पनि अरूलाई सहयोग गर्न सक्ने र बचत गर्न सक्ने हुँदा आर्थिक दृष्टिकोणले उनको परिवारलाई सहजै उच्चमध्यम स्तरमा राख्न सकिन्छ ।

खरिदार हर्षमानपति वज्राचार्यका चार छोरामध्ये इन्द्रमणि 'मानव' जेठा छोरा हुन् भने माहिला, साहिँला र कान्छा क्रमशः हरिमानपति वज्राचार्य, सुन्दरमानपति वज्राचार्य र ज्ञानमानपति वज्राचार्य हुन् ।[४] आमाको स्वर्गारोहण हुँदा इन्द्रमणि 'मानव' जम्मा २२ दिनका नाबालक थिए । हर्षमानपति वज्राचार्यले पत्नी- वियोगको ठूलो पीडा सहनुपरेको थियो । 'मानव' जन्मनु-अगावै आफ्नी विवाहिता पत्नी हुँदाहुँदै बुबा हर्षमानपति वज्राचार्यले अर्की पत्नी भित्र्याएका थिए ।[५] उनका दुवै पत्नीबाट छोराहरू जन्मेका थिए र उनीहरूलाई पढ्ने वातावरण मिलाउन उनले धेरै परिश्रम गर्नुपरेको थियो । उनले कहिले काठमाडौं, कहिले नेपालगन्ज अनि कहिले बर्दियामा भौंतारिदै पारिवारिक जीवन सुखमय र शिक्षित बनाउन अन्तिम क्षणसम्मै सङ्घर्ष गरेका थिए ।

**२.३ बाल्यकाल**

आफू जन्मेको महिनादिन बित्दा नबित्दै आमाको मृत्यु भएकाले आमाको अनुहार चिन्ने र न्यानो काखमा खेल्ने सौभाग्य इन्द्रमणि ''मानव' ' लाई मिलेन । उनको बाल्यकाल कहिले धाईआमाको र कहिले फुपूफुपाजुको स्याहारमा  बित्यो । त्यसैले उनको संरक्षणको बाल्यकालीन अवस्था सुखमय तरिकाले बित्न पाएन ।[६] उनको बाल्यकालका सम्बन्धमा उनकी कान्छी छोरीले सुनेअनुसार उनको परिवार खान्दानी थियो । 'मानव' की आमा विवाह भएको केही वर्ष बितिसक्दा निःसन्तान भएका कारण बुबाले अर्की विवाह गर्नुपरेको

---

[४] ऐजन ।

[५] ऐजन ।

[६] नारायणप्रसाद शर्मा गैरेबाट प्राप्त जानकारी अनुसार ।।

थियो । आमा प्रायः नेपालगन्जमा तथा बुबा र सौतेनी आमा बर्दियामा रहन्थे तर सौतेनी आमा आएपछि 'मानव' गर्भमा बसिसकेछन् । उनको परिवार जमिन्दारी प्रथामा आश्रित रहेकाले कमैयाहरू 'मानव' जन्मने दिन गाडा लिएर नेपालगन्जस्थित उनको घरमा आएका थिए अनि 'मानव' की सौतेनी आमा पनि आएकी थिइन् । 'मानव' रातीको समयमा स्याहारसुसारबिनाको सिकुटो र मरेतुल्य अवस्थामा जन्मेका थिए । सौतेनी आमा हतारिँदै ईर्ष्याको भावमा आइन् । त्यहाँ कुलका जेठा छोराको रूपमा उनी जन्मिएका थिए । 'मानव' नचलमलाएको र उनले सास पनि नफेरेको कारण कपडामा बेरेर सौतेनी आमाले मरेछ भनी बाहिर फ्याँकिदिइन् । त्यस अवस्थासम्म 'मानव' की आमा प्रसववेदना र कमजोरीपनका कारण अचेत नै थिइन् । फ्याँकिएका 'मानव' लाई कमैयाहरूले के हो भनी हेर्दा केही ढुकढुकी भएको थाहा पाएर बाहिर आँगनमा खाना पकाउँदै गरेको आगोमा सेकाएछन् र उनले सास  फेरेछन् अनि रुन थालेछन् । त्यसपछि उनका बुबालाई बर्दियामा खबर दिई गर्नुपर्ने कर्मकाण्ड गरिएछ ।[७] दुर्भाग्यवश उनी २२ दिनको हुँदा उनकी आमाको मृत्यु भयो र उनले कलिलो उमेरमा नै आफ्नी आमाको न्यानो काखबाट वञ्चित हुनुपर्‍यो । उनका जीवनमा दुःखका दिन यहीँबाट सुरु भए । आमाको मृत्यपछि उनले सौतेनी आमाबाट माया पाउन सकेनन् । सानै उमेरमा सौतेनी आमाद्वारा उनीमाथि गरिएको दुर्व्यवहार  खपिनसक्नु थियो । एकबेला उनी र उनका भाइ दुवैलाई दादुराले समात्यो । घरमा स्याहारसुसार नपाएपछि उनलाई मामाघर काठमाण्डौ बोलाइयो ।[८] एकदिनको घटना हो उनी ठूलो भएपछि दुई समूहबीच उनी तानातानमा परेका थिए । उनलाई एक समूहले आफ्नो स्थानमा पुर्‍याएछ । पछि उनले थाहा पाए त्यो समूहमा उनका फुपू र फुपाजु रहेछन् ।

[७] शोभना वज्राचार्यबा प्राप्त जानकारीअनुसार ।

[८] अस्मिता शाह, "स्व. इन्द्रमणि मानव : एक चिनारी", दौंतरी, (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१ मङ्सिर), पृ. व

निःसन्तान भएकाले सन्तानको रहर पूरा गर्न उनीहरूद्वारा त्यस्तो व्यवहार गरिएको रहेछ ।[९] उनको बाल्यावस्था एकै ठाउँमा स्थिर भएर बित्न पाएन। उनी कहिले नेपालगन्ज र कहिले काठमाडौं पुऱ्याइन्थे । उनको बाल्यकाल कहिले सौतेनी आमाका छोराहरूसँगै खेल्दै र कहिले मामाघरका बाजेबज्यैका काखमा बित्यो । उनी फुपू-फुपाजुका घरमा पुगेपछि पनि शान्तसँग उनले बाललीला प्रर्दशन गर्न पाएनन् । फुपू जलौदी रोगबाट ग्रस्त थिइन् भने फुपाजु पूजाकर्मबाट गुजारा चलाउँथे । उनले घरको सबै काम गनुपर्दथ्यो । उनको नौ वर्षसम्मको बाल्यकालीन जीवन फुपूका घरमा बित्यो । बुबा हर्षमानपतिले चूडाकर्मको सिलसिलामा उनलाई काठमाडौं ल्याएपछि उनको बाल्यकाल कान्छीआमासँग काठमाडौं असनमा बित्न थाल्यो ।[१०] बाल्यकालीन जीवन अनेक उकाली- ओराली र घामछायामा बिते पनि उनलाई के खाऊँ र के लाऊँको समस्याले ग्रस्तचाहिँ हुनुपरेन । आफ्नी माताको मृत्युका कारण कान्छीआमा र बुबाको भेदभावपूर्ण व्यवहार बेहोर्दै घरछिमेक र साथीहरूका माझमा टुहुरो अनुभव गर्नु परेकाले उनको बालमस्तिष्कमा छुट्टै पीडा बल्झेको थियो । माता जीवित अवस्थामा भएको भए जुन सुख, आनन्द र मातृवात्सल्यमा रमणीयताका साथ उनको बाल्यअवस्था बित्न सक्थ्यो, त्यस्तो हुन सकेन । समग्रमा भन्नुपर्दा इन्द्रमणि ''मानव' ' को बाल्यकाल धाईआमा, मावलीघर, फुपू-फूपाजु अनि कान्छीआमाका साथमा लेखाइपढाइका साथै अन्य काम गर्दै कहिले नेपालगन्ज र कहिले काठमाडौंको असन, मखन र लाजिम्पाटको सेरोफेरोमा दुःखकष्ट अनि कठिन परिस्थितिसँग जुध्दै बितेको थियो ।

---

[९] इन्द्रमणि 'मानव' आत्मकथा, दौंतरी (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१ मङ्सिर ), पृ. १५९ ।

[१०] ऐजन ।

## २.४ शिक्षादीक्षा

इन्द्रमणि 'मानव' को शिक्षादिक्षा विकसित सहरी क्षेत्रको शिक्षित परिवारमा भएको थियो । पिता हर्षमानपति शिक्षित थिए तर पनि पारिवारिक असन्तुलनका कारण 'मानव' को शिक्षामा धेरै बाधा पर्न गएको थियो । सानो छँदा धाईआमाकहाँ र त्यसपछि फुपू-फुपाजूका घरमा सन्तानको रहर पूरा गरिदिन पालिएको हुँदा त्यहीँबाट उनको लेखपढ आरम्भ भएको थियो । अतः उनको अध्ययन-समयलाई प्रारम्भिक शिक्षा-आर्जनको अवधि र त्यसपछिको अवधि गरी दुई चरणमा राखेर अध्ययन गर्न सकिन्छ ।

### २.४.१ प्रथम चरण– प्रारम्भिक शिक्षा

'मानव' को बाल्यकालमा धेरै नै उतारचढाउ आएकाले उनी एक ठाउँमा स्थिर भएर शिक्षा-आर्जन गर्न पाएनन् । घरमा पढ्ने वातावरण नपाएपछि फुपू-फुपाजुको हुक्कानलीको प्रहारसँगै नौ वर्षसम्म त्यहीँ बसी उनले पठनपाठन गर्न सुरु गरे । सधैँभरि त्यहीँ बसेर पढ्न उनलाई परिस्थितिले दिएन र फेरि उनी कान्छी आमासँग काठमाडौंको मखनटोलमा बस्न थाले । बुबा हर्षमानपतिलाई उनको बाल्यकालीन जीवन र शिक्षासम्बन्धी कुनै चासो थिएन । कहिले नेपालगन्ज, कहिले काठमाडौं अनि कहिले बर्दियाको यात्रा गर्दागर्दै उनको समय बित्दथ्यो । त्यसैले 'मानव' ले अभिभावकको नियन्त्रणविनाको अवस्थामा स्वच्छन्द भएर मखनटोलको घरमा बसेर टोलका ठिटाहरूका साथ एउटा विद्यालयमा पढ्न थाले । बाल्यकालीन जीवनमा भएको उतारचढाउ भोगेपछि वि.सं. १९५८ मा सपरिवार उनी नेपालगन्ज आए । त्यस समयावधिसम्म उनका सौताने भाइहरू पनि स्कुल पढ्ने उमेरका भएकाले उनी माहिला भाइ छत्रमानपतिसँग छिमेकी देश भारतको उत्तरप्रदेशको बहराइच जिल्लाको महाराजसिंह हाई स्कुलमा कक्षा ४ देखि पढ्न थाले । त्यही स्कुलमा उनले आफ्नो प्रतिभाको प्रर्दशन गर्दै प्रारम्भिक

शिक्षा अध्ययन गरे ।[११] बाल्यकालमा जस्तोसुकै उतारचढाउ आए पनि उनी एक तीक्ष्ण बुद्धि भएका चतुर अनि दूरदर्शी बालक भएकाले उनले विद्यालयमा अरू विद्यार्थीभन्दा बढी गुरुको माया पाएका थिए ।

### २.४.२ द्वितीय चरण– माध्यमिक शिक्षा

शिशु-अवस्थादेखि नै मातृवात्सल्यबाट वञ्चित र सौतेनी आमाको कर्कश व्यवहारबाट पीडित 'मानव' ले आफूलाई टुहुरो हुनुपरेको वेदना सहँदै आफ्नो शिक्षा-अध्ययनलाई अगि बढाएका थिए । बाल्यकालदेखि नै अध्ययनमा रुचि राख्ने इन्द्रमणि 'मानव' ले भारतको बहराइचस्थित महाराजसिंह हाईस्कुलबाट एस.एल.सी. परीक्षा पास गरेका थिए ।[१२] हाईस्कुलमा पढ्दा बुबाले जानीजानी अरू छोरा र उनलाई गरेको भिन्न व्यवहार उनले प्रत्यक्ष भोग्नुपऱ्यो तर त्यसको प्रतिकार गर्न सक्ने अवस्थामा उनी थिएनन् । उनको मनभित्रको रोदनको चीत्कार खपिनसक्नु हुन्थ्यो । त्यो कलिलो उमेरमा उनका मस्तिष्कमा आफू असहाय हुनुपरेको पीडाको छाप नराम्रोसँग बसेको थियो । उनलाई बाल्यकालमा मामाघरमा पाएको मायाको सम्झना झलझली आउँदथ्यो । उनी एक्लै धेरै रूने गर्दथे । कापी-किताबमा समेत देखाएको भिन्नताको व्यवहारले उनी विक्षिप्त हुन पुगी उनमा प्रतिशोधको भावना आएको थियो । उनी यो असहाय व्यवहारबाट उम्कन विद्यालयको शुल्क तिर्न दिएको पैसा लिई भागेर काठमाडौं आइपुगे । काठमाडौं बसाइ धेरै नलम्बिँदै बुबाले उनलाई फेरि नेपालगन्ज झिकाउनु भयो । उनलाई उच्चशिक्षा अध्ययन गर्ने इच्छाले भित्रभित्रै उद्वैलित तुल्याइरहेको भए पनि पढाइबाट वञ्चित भई विभिन्न ठाउँमा काम गर्न पुगे । उनीभित्र पढ्नुपर्छ भन्ने तीव्र भावना भएकोले त्यसकै निम्ति घरबाट केही पैसा र गरगहना हात पारी उनी घरबाट भागेर

---

[११] ऐजन, पृ. १६० ।

[१२] दिलिप कार्की, "ज्यूँदो इतिहास हुनुहुन्छ इन्द्रमणि 'मानव' वज्राचार्य", दौंतरी (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१ मङ्सिर), पृ. ब ।

भारतको बनारस पुगे तर प्रमाणपत्र नलगेका कारण उनी महाविद्यालयमा भर्ना हुन पाएनन् । अतः उनको औपाचारिक शिक्षाको पाइलो माध्यमिक शिक्षामा आएर नै रोकिएको थियो तर अनौपचारिक शिक्षा भने जीवनको अन्तिम अवस्थासम्मै चालू रहयो । यसरी उनले विभिन्न बाधा- व्यवधानसँग प्रतिकार गर्दै अध्ययनलाई अगाडि बढाएका थिए । सम्पन्न आर्थिक अवस्था भएर पनि पारिवारिक वातावरणमा तालमेल नमिलेका कारण उनको पठनपाठन राम्ररी पूरा हुन पाएन ।

## २.५ विवाह र दाम्पत्य जीवन

विवाह जीवनको महत्त्वपूर्ण अवसर तथा उत्सव हो र कर्म पनि हो । विवाहपश्चात् प्रत्येक मान्छे एकातिर आफ्नो जीवनको दायित्वबोधको अनुभूति गर्छ भने अर्कातिर सुखदुःखमा आफ्नो तनमन साट्ने अनि हाँसो र आँसु पोख्ने जीवनको अभिन्न अङ्गको सहयोगी-सहयात्री  पनि प्राप्त गर्दछ । 'मानव' को विवाहताका हाम्रो समाज रूढिवादी जाँतामा पिसिएको थियो । कलिलो बाल्यकालमा विवाह गर्नुपर्दछ भन्ने सामाजिक कुरीतिलाई उनले तोडेका थिए । अन्ध परम्पराले ग्रस्त तत्कालीन सामाजिक संस्कारबाट उम्कन सफल भई वि.सं. १९९८ सालमा २४ वर्षको उमेरमा 'मानव' ले काठमाडौं, मखन टोलबासी एक सम्पन्न परिवारकी छोरी शीलकुमारी वज्राचार्यसँग वैदिक विधिविधानअनुसार विवाह सम्पन्न गरेका थिए । विवाहपछि उनकी जीवनसङ्गिनी शीलकुमारी वज्राचार्यले धेरै दुःख पाइन् । श्रीमान् धेरेजसो बाहिरै रहने र बारम्बार जेलमा पर्ने भएकाले घरको सबै जिम्मेवारी उनीमाथि थियो ।[१३]

---

[१३] अस्मिता शाह, "स्व. इन्द्रमणि मानव : एक चिनारी", दौंतरी (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११,  २०६१, मङ्सिर), पृ. व ।

उनको पारिवारिक वातावरण सुख र दुःखको सम्मिश्रण थियो । परिवारमा सन्तानको हकमा दुई छोरा र तीन छोरी क्रमशः स्थिरमणि वज्राचार्य, तेजमणि वज्राचार्य, शारदा वज्राचार्य, सरला वज्राचार्य र शोभना वज्राचार्य रहेका छन् तर दुर्भाग्यवश कान्छो तेजमणि वज्राचार्य को २०४४ साल वैशाख ५ गते दुर्घटनामा परेर निधन भएकाले अहिले उनको परिवारमा एक छोरा, श्रीमती, बुहारीहरू, तीन छोरी र नाति- नातिनीहरू छन् । 'मानव' को पारिवारिक जीवनको उत्तरार्धतिर आइपुग्दा कान्छा छोराको आकस्मिक निधनको पीडाले उनलाई मर्माहत पारेको थियो । हाल उनका अन्य छोराछोरीहरू उच्च शिक्षासमेत आर्जन गरी वैवाहिक जीवनमा बाँधिएर आ-आफ्नो कार्यमा संलग्न भएको पाइन्छ ।

'मानव' को पारिवारिक जीवनमा केही उतारचढाउ आए तापनि समग्रमा उनको दाम्पत्य जीवन र पारिवारिक जीवन सुखमय रहेको देखिन्छ ।

## २.६ अध्ययनकार्यमा प्रवेश र निरन्तरता

उच्चशिक्षा प्राप्त गर्ने 'मानव' को धोको पूरा हुन सकेन । उनको औपचारिक शिक्षा प्रवेशिकामा गएर रोकिन पुग्यो । प्रवेशिका पास भइसकेपछि उनले होटलमा भाँडा माझ्ने काम,छ बर्षको सैनिक जीवन, राजनैतिक वातावरण र छ सालको नख्खु जेलजीवन आदि भोग्दै अनेक हन्डरठक्कर खानुपऱ्यो । त्यस समयमा सरकारी नोकरीलाई चाकडी र पराधीनताको रूपमा हेरिन्थ्यो भने शिक्षणपेसालाई प्रतिष्ठित र गौरवपूर्ण स्वतन्त्र पेसाका रूपमा लिइन्थ्यो । समाजमा प्रचलित यही भावनाबाट प्रभावित भएर ''मानव' 'ले अन्य सबै पक्षबाट सन्यास लिई वि. सं. १९९५ मा काठमाडौंको जनता विद्यालयमा अध्यापन गर्न सुरु गरेका थिए । केही वर्षपछि  नेपालगन्ज आई उनले वि.सं. २००७ सालपश्चात् महेन्द्र स्कुल र पछि महेन्द्र नाइट एकेडेमीमा नेपाली शिक्षकको पेसामा पदार्पण गरे । वि. सं. २०१६ देखि नेपालगन्जको

स्थानीय श्री मङ्गलप्रसाद मा. वि. मा शिक्षक भई जीवनको अन्तिम क्षणसम्मै उनी त्यहाँ सेवारत थिए ।[१४]

परिवारका सदस्यहरूप्रतिको आफ्नो गहन दायित्वलाई पूरा गर्नुपर्ने बाध्यताका कारण कुनै पनि मानिसले आफ्नो योग्यता र क्षमताले भ्याएसम्म कुनै न कुनै पेसा अथवा व्यवसाय अँगालेको हुन्छ । सानैदेखि विभिन्न समस्याहरूसँग लड्न खप्पिस 'मानव' त्यस समयमा विभिन्न समस्याहरूसँग जुध्दै नेपालगन्जजस्तो हिन्दीको बोलबाला भएको ठाउँमा नेपाली भाषासाहित्यलाई मुख्य मान्यता दिँदै सोही विषयका शिक्षक भएका थिए । शैक्षिक क्षेत्रमा प्रवेश गर्नुपूर्व नै उनका केही फुटकर साहित्यिक कृतिहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका थिए तर लेखेर मात्रै जीवन धान्न सकिने स्थिति नेपाली साहित्यका क्षेत्रमा नभएकाले उनले अन्य पेसा पनि अँगाल्नु पर्‍यो । नेपालको त्यसताकको राजनैतिक स्थिति निल्नु न ओकल्नुको थियो । त्यसैले उनी त्यसबाट पनि वाक्क भएर राजनैतिक क्षेत्रबाट सन्न्यास लिई कुनै जागिरी नै गर्नुपर्ने आवश्यकता सम्झी अध्यापन-कार्यमा समर्पित भएका थिए । आफ्ना परिवारका आवश्यकतालाई पूरा गर्ने माध्यमका रूपमा उनले अध्यापन-पेसालाई अँगालेकाले एकातिर आर्थिक जगेर्नामा र अर्कातिर साहित्यप्रेमी भएकाले नेपाली भाषासाहित्यको सेवामा पनि उनको कार्य उपयोगी बन्यो । यसै पेसामा रही उनले थुप्रै प्राज्ञिक क्रियाकलाप र सम्पादनका साथ आफ्नो व्यक्तित्वको विकास र विस्तार गरेका थिए । यसरी नेपाली भाषासाहित्यको प्रचारप्रचार र उन्नति गरी नयाँ पुस्तालाई साहित्यिक क्षेत्रमा बाटो देखाउने र आफूलाई आजीवन साहित्यमा होम्ने 'मानव' ले जीवनको अन्तिम क्षणसम्म पनि अझै आफूले केही गर्न बाँकी रहेको र धोको पूरा नभएको विचार व्यक्त गरेका थिए ।

---

[१४] सनत रेग्मी र नन्दराम लम्सालबाट प्राप्त जानकारीअनुसार ।

## २.७ बसोबास र आर्थिक स्थिति

'मानव' को जन्म नेपालगन्ज-८ गगनगन्जमा भए तापनि काठमाडौंको मामघरको सेरोफेरोमा उनी हुर्केका थिए । प्रारम्भिक शिक्षा आर्जन गर्ने क्रममा उनले त्यहीँ बस्नुपर्ने स्थिति थियो । यसरी नै भारतको बहराइच जिल्लामा रहेर उनले विद्यालयीय जीवन व्यतीत गरेका थिए । आमाको निधन, पितासँगको अंश- अप्राप्ति आदिले उनको जीवन अभावग्रस्त थियो । पिताको राम्रो स्नेह प्राप्त गर्न नसकेकाले पिता धनी नै भए पनि उनले गरिबजस्तै भएर जीवनको लामो कालखण्ड दु:खपूर्ण तरिकाले बिताउनुपर्‍यो ।[१५] पछि आफ्नै परिश्रमले नेपालगन्जको मणिपुरमा केही जग्गा किनी उनले घरनिर्माण गरे र हालसम्म उनका परिवार त्यही घरमा बसोबास गरिरहेका छन् ।

विगतका दिनमा जतिसुकै अभाव भोग्नुपरे तापनि मणिपुर नेपालगन्जस्थित उनको वर्तमान घरमा उनका परिवारका सदस्यहरूले सन्तोषजनक जीवन व्यतीत गरेको पाइन्छ । सहरिया जीवनमा स्थापित भई बस्नुपरेको र आम्दानीको स्रोत एउटा जागिर मात्र भएकाले दैनिक गुजराबाहेक अन्य काममा उनलाई आर्थिक अवस्थाले पिरोलेको थियो । त्यसैले जीवनभर उनले तडकभडकपूर्ण व्यवहार नगरी सापेक्षित र सन्तुलित जीवन व्यतीत गरेका थिए । यसरी हेर्दा सुरुमा यिनको आर्थिक अवस्था कमजोर देखिए पनि पछि चाहिँ सन्तोषजनक देखिन्छ ।

## २.८ जीवनचर्या

इन्द्रमणि 'मानव' जन्मेको २२ औं दिनमा उनकी आमाको मृत्यु भयो । त्यसैले कलिलो उमेरमा नै उनले आफ्नी आमाको न्यानो काख छोडेर धाई-

---

[१५] शोभना वज्राचार्य, सनत रेग्मी, नारायणप्रसाद शर्मा गैरे र नन्दराम लम्सालबाट प्राप्त जानकारीअनुसार ।

आमाको काखमा अनि सौतेनी आमाको कर्कश व्यवहारमा शारीरिक र मानसिक रूपमा कुण्ठित हुँदै हुर्किनुपऱ्यो ।

उनले प्रारम्भिक शिक्षा लिने क्रममा काठमाडौंको फुपू-फुपाजुको घर र मामाघरमा तथा माध्यमिक शिक्षा लिने सिलसिलामा भारतको बहराइच जिल्लाको महाराजसिंह स्कुलमा आफ्नो बाल्यकालीन जीवनका क्षणहरू बिताए ।

उनले वि.सं. १९९८ मा काठमाडौंको जनता विद्यालयमा तीन वर्षसम्म अध्यापन गरे । त्यस बेला नेपालमा राणाशासण थियो । 'मानव' ले राणाहरूले गरेको थिचोमिचो र अन्यायबाट मुक्ति पाउनका लागि राणाशासनविरुद्ध आवाज उठाए । त्यसताका उनको मित्रता हाम्रा वीर सहिद गङ्गालाल, शुक्रराज, धर्मभक्त र दशरथ चन्दसँग थियो ।[१६] यसरी राणाशासनविरुद्ध आवाज उठाउँदा उनी बारम्बार जेलमा परेका थिए । सहिदकाण्डबाट उनी पनि १५/१६ दिन सिंहदरबारमा थुनिएका थिए । राजनीतिमा सक्रिय हुँदाहुँदै उनलाई उच्चशिक्षा ग्रहण गर्ने इच्छा जाग्यो ।[१७] उच्चशिक्षा लिने उद्देश्य बोकी उनी घरबाट भारतको बनारस पुग्दा प्रमाणपत्र नलगेका कारणले महाविद्यालयमा भर्ना हुन पाएनन् । घर फर्किन पनि उनको मनले स्वीकार गरेन र उनी भारतीय सैनिक बनी दोस्रो विश्वयुद्धमा लड्दै बर्मा पुगेर ६ वर्षपछि सैनिक जीवन त्यागी नेपाल फर्के ।[१८]

सैनिकजीवनबाट असन्तुष्ट भई नेपाल फर्केर फेरि उनले राजनीतिमा प्रवेश गरे । यसै क्रममा उनले राजनीतिमा सक्रिय भएर भारतको इलाहाबादसम्म पुगी भारतीय नेता जवाहरलाल नेहरूलगायत अन्य नेताहरूसँग भेटवार्ता गरे । राजनीतिमा पनि सत्ताका निम्ति हानथाप भएको

---

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] दिलीप कार्की, "ज्यूँदो इतिहास हुनुहुन्छ इन्द्रमणि मानव वज्राचार्य", <u>दौंतरी</u>, (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१, मङ्सिर), पृ. ब

देखेपछि उनले राजनीतिबाट सन्न्यास लिए । साहित्यतिर उनको अभिरुचि बढ्दै गयो । यसै क्रममा उनी शिक्षणपेसामा संलग्न भए । यसबाट पारिवारिक जीवनको आर्थिक स्थिति सुधार्न र साहित्यमा समर्पित हुन उनलाई मद्दत पुग्यो । उनी विभिन्न सामाजिक र साहित्यिक संस्थाहरूसँग सम्बन्धित हुँदै भेरी साहित्य विकास समितिका अध्यक्ष पनि भए । उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गरी स्कुलमा होस् या घरमा समसामयिक विषयमा ज्ञानगुणजन्य र साहित्यिक पत्रपत्रिका तथा पुस्तकहरू अध्ययन गर्नमा गहिरो अभिरुचि लिए । साहित्यप्रेमी ''मानव' ' फुर्सद मिल्नासाथ लेख्ने कार्यमा पनि व्यस्त हुने गर्दथे । जीवनको अन्तिम अवस्थासम्मै घरमा दैनिक आइपर्ने घरायसी काम, अध्यापनकार्य, साहित्यिक अध्ययन, लेखन, सम्पादन र प्रकाशनका साथै विभिन्न सामाजिक सङ्घसंस्था एवं शिक्षणसंस्थाहरूमा सरसल्लाह र सहयोग 'मानव' को दिनचर्याका महत्त्वपूर्ण पक्ष बने । 'मानव' को वि.सं. २०५७ पुस ६ गते ८३ वर्षको उमेरमा स्वर्गारोहण भयो ।[१९]

## २.९ रूचि र स्वभाव

इन्द्रमणि 'मानव' बाल्यकालीन अवस्थादेखि नै पठन र लेखनमा ध्यान दिने तथा गुरुवर्गहरूको आदर गर्ने परिश्रमी र लगनशील व्यक्ति थिए । उनी कम बोल्ने, हाँसेर मीठो बोल्ने र आफ्नो घरेलु दुःखका कुरा कसैलाई नभन्ने शालीन व्यक्ति थिए । हरेक कामकुरामा हक्की स्वभावका 'मानव' प्रस्ट वक्ता थिए ।[२०] विभिन्न परिकारयुक्त खाना मन पराउने तथा सरल र सादा हल्का पहिरन लगाउने रुचि राख्ने 'मानव' मिलनसार एवं उदार विचारका थिए । उनको एउटा बिर्सनै नहुने कुरा के थियो भने उनले साँझ भएपछि दुइटा अण्डा र अलिकति चनासित थोरै रक्सी खानै पर्थ्यो । नेवारी संस्कारबाट

---

[१९] अस्मिता शाह, "स्व. इन्द्रमणि मानव : एक चिनारी", दौंतरी (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१, मङ्सिर), पृ. श ।

[२०] नारायणप्रसाद शर्मा गैरेबाट प्राप्त जानकारीअनुसार ।

उनलाई सो बानी परेको थियो । चाडपर्वहरूमा केही बढी खानपान गरे पनि नियन्त्रणदेखि बाहिर भने उनी हुँदैनथे ।[२१] संयम, धैर्य र प्राञ्जलताजस्ता गुणहरू जीवनको अन्तिम अवस्थासम्मै उनमा विद्यमान रहे ।[२२] केटाकेटी अवस्थादेखि नै भजन, गीत, कविता र उखानटुक्का सुन्न उनी औधी उत्सुक हुन्थे जसले गर्दा पछि गएर उनलाई एउटा योग्य साहित्यकार बन्न बल पुग्यो । विभिन्न ठाउँको भ्रमण गर्ने इच्छा र चाहना पनि उनमा त्यत्तिकै थियो । अन्याय-अत्याचार नसहने "मानव' ' युवाअवस्थामा राणाकालीन बर्बरतापूर्ण वातावरणलाई देखेर केही समय राजनीतिमा पनि संलग्न भए । देशविदेशका विविध ज्ञानवर्द्धक पत्रपत्रिका र बढी मात्रामा साहित्यिक व्यक्तित्वका नयाँनयाँ कृतिहरूका अध्ययनमा उनले बढ्ता जिज्ञासा र चासो लिने गर्थे । "मानव' 'को रेडियो सुन्ने, टी.भी. हेर्ने र खेलप्रति पनि रुचि लिने स्वभाव  थियो । भनिन्छ उनी फुटबलका प्रेमी थिए ।[२३] नेपाली भाषा-साहित्यको विकास गरेर नेपालीहरूलाई समृद्ध, सुखी र शान्त तुल्याउने उनको गहिरो अभिरुचि थियो ।[२४] समग्र रूपमा उनको रूचि र स्वभावलाई केलाउँदा अन्यभन्दा अध्ययन एवं लेखनमा उनको रुचि बढी भएको भेटिन्छ । सेवा र उपकारजन्य काममा सदा खुल्ला हृदयले लागिपर्ने "मानव' ' का सहयोगी भावना, सहिष्णुता, सादा जीवन उच्च विचार आदि बिर्सन नसकिने गुणहरू हुन् ।

### २.१० राजनीतिमा प्रवेश

वि.सं. २००७ को आन्दोलनको प्रभाव देशव्यापी बनेको थियो । त्यतिखेर राणाहरूका विरोधमा जनताहरूले उग्ररूप लिएका थिए । वि.सं. १९९५ मा जनचेतनाको जागृति गर्ने नेपाल प्रजा परिषद्जस्तो संस्थाको स्थापना

---

[२१] नन्दराम लम्सालबाट प्राप्त जानकारीअनुसार ।

[२२] सनत रेग्मीबाट प्राप्त जानकारीअनुसार ।

[२३] शोभना वज्राचार्यबाट प्राप्त जानकारीअनुसार ।

[२४] नाराणयप्रसाद गैरेबाट प्राप्त जानकारीअनुसार ।

भइसकेको थियो । 'मानव' ले त्यसै समयदेखि राजनीतिमा प्रवेश गरेको पाइन्छ । त्यस समयका उनका सँगीसाथीहरू सहिद गङ्गालाल, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथ चन्द थिए ।[२५] राणाविरुद्ध आवाज उठाउँदा उनी बारम्बार जेल परेका थिए । आत्मकथामा उनी भन्दछन् - "९७ साल माघमा मखनटोलमा महादेवको डबलीमा घाम तापिरहेको थिएँ, 'तपाईलाई थानाबाट बोलाएको छ' भनेर असनको थानाबाट पुलिसले श्री ३ पद्म शम्शेरको सम्मुख लगियो र १०० रुपियाँ जरिबाना गरी उप्रान्त नलाग्नू भनी त्यहाँबाट सोझै सिंहदरबार लगियो र वहीँ राखियो । १८/२० दिनपछि श्री ३ बाट नलाग्नू भनी छाडियो ।" यसरी नै वि.सं. १९९७ को सहिदकाण्डको स्मरण गर्दै उनी आत्मकथामा यसरी लेख्छन्- "पचलीमा शुक्रराज शास्त्री  झुण्डाए भन्ने सुनैं, म घरको गन्थनमा दर्शन गर्न जान सकिन । भोलिपल्ट शोभा भगवतीमा गङ्गालाल र दशरथचन्दलाई गोली ठोकेर मारियो भन्ने सुनेर बिहानै कम्बल ओढेर शोभा भगवती पुगेँ र सहिदहरूको छातीबाट चुहिएको रगत देखेर रोएँ ।"[२६] यसपछि उनी अझ सक्रिय रूपमा राजनीतिमा लागिपरेका थिए । उनका साथीहरूको हत्याको पीडा मात्र उनले भोगेनन्, सहिदपरिवारको दुःख पनि गहिरोसँग अनुभव गरे । राणाहरूद्वारा सताइएकाले 'मानव' उनका अन्य साथीहरू भारद्वाज र चन्द्रभक्त श्रेष्ठसँग मिलेर भारत भाग्न सफल भए । भारतमा उनले जवाहरलाल नेहरूसँग भेटवार्ता गरे अनि सक्रिय राजनीति सुरु गरे ।[२७] उनले वि. सं. २०१५ को आमचुनावमा प्रतिनिधि सभाका लागि नेपाल कम्युनिष्ट पार्टीका तर्फबाट उम्मेदवार भई चुनावमा भाग लिएर हारेका थिए ।[२८] यसरी राजनीतिमा आफू मरिमेटी लागिपरे पनि उनी सफल हुन सकेनन् । आफ्ना मित्रहरूको मृत्यु र सत्ता हासिल गर्ने नेताहरूको लिप्साले उनलाई

---

[२५] ऐजन ।

[२६] इन्द्रमणि मानव, "आत्मकथा", दौंतरी, (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१, मङ्सिर), पृ. १६२ ।

[२७] ऐजन ।

[२८] नन्दराम लम्सालबाट प्राप्त जानकारीअनुसार ।

राजनीतिबाट टाढा लग्यो र उनी राजनीतिबाट सन्न्यास लिई साहित्यतिर अग्रसर रहे । युवा अवस्थामा केही समय राजनीतिमा लागे  पनि उनको मुख्य क्षेत्रचाहिँ साहित्य नै बन्यो ।

**२.११ जीवनका केही स्मरणीय दुःखका क्षणहरू**

प्रत्येक मानिसले जन्मदेखि नमरुन्जेलसम्म केही आनन्ददायी र केही दुःखदायी अवस्थाहरूको अनुभव प्रायः गरेको हुन्छ । जीवन यात्राका त्यस्ता क्षणहरू जीवनमा बिर्सन खोज्दा पनि बिर्सिदैनन् । बाइस दिनको अबोध अवस्थामा आफ्नी माताको मृत्यु भएको र सौतेनी आमाको दुर्व्यवहार भोग्नुपरेको उनको बालमस्तिष्क बाल्यकालमा पीडाग्रस्त थियो । जीवनको अन्तिम अवस्थासम्मै उनलाई आमाको अभावको पीडाले  सताइरह्यो । तेइस वर्षको लक्का जवानी अवस्थामा उनले नेपालमा राणाशासनविरुद्ध नेपाली जनतालगायत वीर सहिदहरूले कडा विरोध  गर्दै सडकमा उत्रिएको देख्नुभोग्नु परेको थियो । त्यही समयताका उनले १५-१६ दिनसम्म जेलजीवन पनि भोग्नुपरेको थियो । त्यतिखेरै उनका आँखाअगाडि चार जना वीर सहिदको हत्या गरिएको थियो । उक्त दुः खद घटनाले उनलाई मृत्युसम्मै झस्काइरह्यो । राजनीतिक होहल्ला सुन्नेबित्तिकै उनलाई त्यही घटनाले पिरोल्दथ्यो । त्यसैताक उनी छिमेकी राष्ट्र भारतमा राजनीतिक रूपमा प्रशिक्षित हुने उद्देश्यले गए । त्यसैबाट उनको राजनैतिक जीवन सुरुवात भयो । त्यसै समयमा उनी १२/१५ दिनसम्मै मुखमा एक सितोसम्म नहाली भोकभोकै बस्नुपरेको थियो ।[२९] एउटा उनको जीवनको अति स्मरणीय दुःखद क्षणचाहिँ विद्यालय व्यवस्थापन समितिको सहमति र आफ्नो क्षमताका आधारमा उनले माध्यमिक विद्यालयस्तरमा नेपाली विषय शिक्षण गर्दै आएको अवस्थामा नयाँ शिक्षा पद्धति लागू भएपछि प्रा. वि. तहमै फर्काउने निर्णय हुनु थियो । यसबाट उनी

[२९] इन्द्रमणि मानव, "आत्मकथा", दौंतरी, (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१, मङ्सिर), पृ. १६२ ।

ज्यादै दुःखी भए र उनले जागिरसमेत त्यही बेलादेखि छोडिदिएका थिए ।[३०] २०४४ साल वैशाख ५ गते 'मानव' का कान्छा छोरा तेजमणि वज्राचार्यको राप्ती अगैया भन्ने ठाउँमा पानीमा डुबेर असामयिक निधन भएको थियो ।[३१] उक्त घटनाले उनलाई मानसिक रूपमा ठूलो आघात पऱ्यो र बुढेसकालको रोग बन्यो ।

यसरी इन्द्रमणि 'मानव' का जीवनका घुम्तीहरूमा उल्लिखित घटनाहरूले मृत्युशय्यासम्मै घोचिरहे ।

## २.१२ लेखन

### २.१२.१ लेखनका लागि प्रेरणा र प्रभाव

सानै उमेरदेखि नै कथा-कविता सुन्ने र चिन्तन-मननमा रुचि राख्ने इन्द्रमणिको बाल्यकालीन अवस्थाको हन्डरठक्कर नै उनको साहित्यिक प्रेरणाको स्रोत थियो । 'दौंतरी' मा साहित्यकार स्व. इन्द्रमणि ''मानव' 'सँगको कुराकानीमा शिव डोटेल र अनुषा ढुङ्गानाले केवल टेलिभिजनको 'साङ्गीतिक दर्पण' कार्यक्रमका लागि लिएको अन्तर्वार्तामा 'मानव' भन्दछन् -"भागेर कलकत्ता गएपछि भर्ती हुनुअघि खानुसम्म हन्डर खाएँ । त्यही दुःख नै साहित्य-सिर्जना गर्न प्रेरित गर्ने शक्ति बन्यो ।[३२] उनी बनारसमा छँदा लक्ष्मीशङ्करलाल श्रेष्ठ र काशीबहादुर श्रेष्ठको सहयोगमा उनको जीविका चलेको थियो । ती दुवै श्रेष्ठ-बन्धुहरू साहित्यिक अभिरुचिका थिए । काशीबहादुर श्रेष्ठले त्यहाँबाट 'उदय' मासिक पत्रिकाको सम्पादन र सञ्चालन गर्दथे । उनीहरूको प्रेरणा र सङ्गतबाट इन्द्रमणि ''मानव' ' मा साहित्यिक अभिरुचि पलायो ।[३३] यसका साथै दौलतविक्रम विष्ट, केदारमान 'व्यथित,' गङ्गालाल, दशथचन्द, शुक्रराज

---

[३०] नारायणप्रसाद शर्मा गैरेबाट प्राप्त जानकारीअनुसार ।

[३१] शोभना वज्राचार्यबाट प्राप्त जानकारीअनुसार ।

[३२] इन्द्रमणि 'मानव' "साहित्यकार एवं इन्द्रमणि 'मानव' सँगको कुराकानी" दौतरी (वर्ष १०, अंक १, पूर्णाङ्क ११ मङ्सिर, २०६१), पृ. २ ।

[३३] नन्दलाल लम्साल र नारायण प्रसाद गैरेबाट प्राप्त जानकारीअनुसार ।

शास्त्री, सिद्धिचरण श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटाजस्ता व्यक्तिहरूको सरसङ्गतबाट पनि उनी साहित्य-सिर्जनातिर प्रेरित भए ।[३४]

यसरी बाल्यावस्थादेखि पाएको हन्डरठक्कर, परिवारमा भएको विभेदपूर्ण व्यवहार, आर्थिक, राजनीतिक र सामाजिक स्थिति आदि कारण र बनारसमा छँदाको साहित्यिक वातवारणले उनलाई सिर्जनशीलतातर्फ अग्रसर गरायो ।

**२.१२.२ लेखनकार्यको प्रारम्भ र प्रकाशनको थालनी**

इन्द्रमणि 'मानव' को लेखनको प्रारम्भ 'राष्ट्रिय वन्दना' शीर्षकको कविताबाट भएको हो ।[३५] २००२ भन्दा पूर्व नै साहित्यमा अभिरुचि राखी लेखनाआरम्भ गरेका मावनको सार्वजनिक साहित्ययात्रा सोही कविता विधाबाट हुन गयो । उनका कथातर्फ हेर्ने हो भने प्रथमतः वि.सं. २००२ को 'उदय' मा उनको 'नर्स' शीर्षकको कथा प्रकाशन भएको पाइन्छ । यसपछि उनको लेखन र प्रकाशनको क्रम लगातार रूपमा अगि बढिरहन्छ । यसै क्रममा 'अभिशप्त जीवन' (२०२४) नामक उनको कथाको सङ्ग्रह प्रकाशित भयो र यस सङ्ग्रहबाट नै ''मानव' ' नेपाली साहित्यजगत्मा परिचित हुन थाले ।

यसरी उनले भोगेका भोगाइहरू, पाठशालाको परिवेश, साथीसँगको साहित्यिक सङ्गत आदिबाट उनमा साहित्यसृजना अङ्कुरित र प्रस्फुटित भयो । उनलाई नेपाली साहित्यप्रति चाहना र अभिरुचि जगाएर आकृष्ट पार्ने तथा साहित्यलेखनको उद्बोधन गराउने त्यही नै मुख्य उद्दीपक र प्रेरणादायी स्रोत बन्न पुग्यो । सर्वप्रथम कविता-साहित्यबाट प्रस्फुटित उनको साहित्यिक बीज स्वाध्ययन, अभ्यास, परिश्रम र प्रतिभाकै कारण कविता, कथा र निबन्ध हुँदै

[३४] मधुसूदन गिरी, "स्व. इन्द्रमणि 'मानव' (वि. सं. १९७४- २०५७) : परिचय", दौंतरी (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१, मङ्सिर), पृ. छ ।

[३५] ऐजन ।

क्रमशः नाटकसम्म विस्तारित भयो । जिज्ञासु अनि तीक्ष्ण प्रतीभाशाली 'मानव' ले यसरी साहित्यलेखनतर्फ आफूलाई प्रवृत्त गराए ।

### २.१.३ निष्कर्ष

इन्द्रमणि 'मानव' वि.सं. १९७४ असार ३१ गते पिता हर्षमान र माता अतिमायाका पुत्रका रूपमा नेपालगन्जको गगनगन्जमा जन्मेका थिए । उनकी माताको मृत्यु हुँदा उनी २२ दिनका थिए । सानैमा टुहुरो बन्न पुगेको 'मानव' को संरक्षकत्व धाईआमा, सौतेनी आमा र मावलीबाट भएको थियो । उनको अक्षरारम्भ पनि पनि फुपू- फुपाजुबाट भएको थियो । उनले प्रारम्भिक शिक्षा काठमाडौंबाट र माध्यमिक शिक्षा भारतको बहराइच जिल्लाबाट आर्जन गरेका थिए । सानैदेखि विभिन्न मानसिक यातना भोगिसकेका ''मानव' ' सरल स्वभाव र तीक्ष्ण बुद्धिका भएकाले लेखपढ गर्ने औधी चाख राख्दथे । आफ्नो अध्ययनकार्य पूरा गरेपछि उनले वि.सं. १९९५ देखि काठामाडौंको जनता विद्यालयमा तीन वर्षसम्म अध्यापन गरे ।

उनले २००७ सालमा महेन्द्र नाइट स्कुलमा र त्यसपछि २०१६ सालदेखि मङ्गलप्रसाद मा. वि. मा अध्यापन गरे । उनको स्थायी बसोबास नेपालगन्ज-१६ मणिपुरमा थियो । हाल उनका परिवारजन त्यही घरमा बसोबास गर्दै आएका छन् । मातृस्नेह पाउन नसकेका 'मानव' ले सुरुदेखि नै कठिन परिस्थितसँग जुध्नुपरेको थियो । नेपाली कविता विधाबाट साहित्यमा प्रवेश गरेका 'मानव' ले बनारसमा छँदाको साहित्यिक वातावरणमा छिटफुट रूपमा कविता लेखेर पछिका दिनहरूमा कथा, निबन्ध र नाटकतर्फ आफ्नो लेखनकार्यलाई अग्रसरता दिएका थिए । साहित्यकार अनि समाजसेवी ''मानव'' नेपाली भाषासाहित्यको विकासमा संलग्न हुँदाहुँदै वि. सं. २०५७ पुस ६ गते ८३ वर्षको उमेरमा स्वर्गारोहण भए

**अध्यायः तीन**

# इन्द्रमणि ‘मानव’ को व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको व्यक्तित्व नै उसका विशेषताको परिचायक हुन्छ । सक्रिय व्यक्तिको व्यक्तित्वका आधारमा उसका निहित विशेषतालाई ठम्याउन सकिन्छ । सामान्यतयाः व्यक्तित्व दुई प्रकारको हुन्छ ।

क) बाह्य व्यक्तित्व

ख) आन्तरिक व्यक्तित्व

बाह्य व्यक्तित्व शारीरिक बनोट, रूपरङ्ग आदिसित सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व व्यक्तिमा अन्तर्निहित गुण वा विशेषतासित सम्बन्धित हुन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व


गोरो वर्ण, हँसिलो र केही लाम्चो अनुहार, उच्च निधार, सुहाउँदो नाक र केही पातलो शरीर भएका इन्द्रमणि ‘मानव’ स्वस्थ थिए । अलि होचो अर्थात् नेपाली कदकाँठीका लगभग पाँच फिट उचाइ भएका ‘मानव’को अनुहार शान्त र सौम्य देखिन्थ्यो र उनको बाह्य व्यक्तित्व आकर्षक थियो । सरल, विनम्र, मिलनसार र प्रफुल्ल देखिने ‘मानव’ जीवनको जस्तै कठिन परिस्थितिमा पनि धैर्य, संयम र सन्तुलन नगुमाइकन सधैं क्रियाशील रहिरहने साहसी र उच्च मनोबल भएका व्यक्ति थिए ।[३६] उनी जीवनमा सधैँ सक्रिय रहेर साहित्य-साधनामा समर्पित थिए । यी गुण र विशेषताले उनको आन्तरिक व्यक्तित्वबारे पर्याप्त जानकारी दिन्छन् ।

## ३.३ व्यक्तित्वका अन्य विभिन्न पाटाहरू

---

[३६] सनत रेग्मी, नन्दराम लम्साल, नारायणप्रसाद शर्मा गैरे र शोभना वज्राचार्यबाट प्राप्तजानकारी अनुसार ।

कुनै पनि मानिसको जीवनको आरोह- अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया र जीवनभोगाइमा नै उसको समष्टि व्यक्तित्व निर्भर गर्दछ । व्यक्तिको व्यक्तित्व- निमार्णमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवं राजनीतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, जीवनजगत्प्रतिको दृष्टिकोण पनि व्यक्तित्वनिर्माणमा सहायक हुन्छ । यिनै सबै कुराका आधारमा इन्द्रमणि ‘मानव’ को समष्टि व्यक्तित्वलाई निरूपण गर्दा उनको व्यक्तित्व बहुआयामिक देखिन्छ । उनको बहुआयामिक व्यक्तित्वका पाटालाई निम्नानुसार वर्गीकरण गरी चर्चा गर्न सकिन्छ :




### ३.३.१ साहित्यिक व्यक्तित्व

इन्द्रमणि 'मानव' नेपाली साहित्यमा बहुमुखी व्यक्तित्वका रूपमा परिचित छन् । उनको साहित्यिक व्यक्तित्वलाई मूलतः दुई रूपमा हेर्नु पर्ने हुन्छ :

क. स्रष्टा व्यक्तित्व

क. सम्पादक व्यक्तित्व

### ३.३.१.१ स्रष्टा व्यक्तित्व

स्रष्टाका रूपमा इन्द्रमणि 'मानव' ले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका थिए । हालसम्म उनले दुई दर्जनभन्दा बढी कथा लेखिसकेका छन् । उनको एउटा कथासङ्ग्रह पुस्तकाकार रूपमा र बाँकी कथाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित छन् । विभिन्न पत्रपत्रिकामा उनका कविता, गीत, निबन्ध, नाटक आदि रचनाहरू पनि प्रकाशित भएका छन् । त्यसैले स्रष्टाका रूपमा साहित्यकार इन्द्रमणि 'मानव' को बहुमुखी व्यक्तित्व निर्मित भएको छ । अतः उनको स्रष्टापरक व्यक्तित्वलाई तल सङ्क्षेपमा चर्चा गरिन्छ :-

### ३.३.१.२ कवि तथा गीतकार व्यक्तित्व

इन्द्रमणि 'मानव' नेपाली साहित्यका फाँटमा 'राष्ट्रिय वन्दना' नामक कविता 'उदय' (वर्ष ९, सङ्ख्या ५-६, वि. सं. २००२) मा प्रकाशित गरेर प्रवेश गरेका थिए । कवि 'मानव'को औपचारिक कवितायात्रा 'राष्ट्रिय वन्दना' कविताबाट थालिएदेखियता प्रशस्त फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनको हालसम्म कुनै पनि कविताको छुट्टै सङ्ग्रह प्रकाशित छैन । यो दुःखको कुरा हो । उनका सबै रचनाहरू 'दौंतरी' (मासिक पत्रिका) मा सङ्कलित छन् । यसमा 'विश्ववाद' (उदय, २१: ७,२०१४), 'सरिता सन्देश'

(उदय, २३ः १०, २०१६), 'निराकार भगवान्, 'बालिका वन्दना' आदि थुपै कविताहरू प्रकाशित छन् ।[३७]

यसबाहेक मानवलाई गीतकारका रूपमा परिचित गराउने एक दर्जनजति गीतहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । तीमध्येमा गीतहरू 'झन्डोत्तोलन,' 'नवसञ्चार' आदि छन् । तिनले लोकलय तथा आधुनिक लयमा आधारित भई गीतको रचना गर्ने इन्द्रमणि 'मानव' को गीतकार व्यक्तित्त्व माथि उठाएका छन् ।

उनका प्रारम्भिक चरणका केही कविता तथा गीतहरूलाई छोडेर अन्य अधिकांश कविता एवं गीतहरू राष्ट्र, राष्ट्रियता, पीरव्यथा, प्रकृतिप्रेम, विसङ्गति र वीरभावले ओतप्रोत देखिन्छन्।[३८] सरल, सहज र कथास्तरको समेत भाषा प्रयोग गरिएका उनका  कविता एवं गीतहरूमा प्रयुक्त बिम्ब एवं प्रतीक पनि सहज, स्वाभाविक र सुबोध हुनु उनको कवि एवं गीतकार व्यक्तित्वको वैशिष्ट्य मानिन्छ । उनका कविताहरूको विवरण तल प्रस्तुत गरिन्छ :

| **क्र.सं.** | **कविताको शीर्षक** | **कविता प्रकाशित पत्रिका** |
|---|---|---|
| १ . | झण्डोत्तोलन | (दौंतरी, वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१, मंसिर) । |
| २. | जागरण | " |
| ३. | झरनाको प्रलाप | " |
| ४. | बालिका वन्दना | " |
| ५. | निराकार भगवान् | " |
| ६. | दीपका दान | " |

[३७] मधूसुदन गिरी, "स्व. इन्द्रमणि 'मानव' (वि. सं. १९७४- २०५७) : परिचय", दौंतरी (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१, मङ्सिर), पृ. छ ।

[३८] पूर्ववत् ।

| | | |
|---|---|---|
| ७. | नवसञ्चार | (दौंतरी वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१, मंसिर) । |
| ८. | आह्वान | “ |
| ९. | सरिताको सन्देश | “ |
| १०. | जीवनपथमा | “ |
| ११. | प्रतीक्षा | “ |
| १२. | वसन्त बस्.... | “ |
| १३. | प्रार्थना | “ |
| १४. | शान्ति क्षेत्र नेपाल | “ |
| १५. | बिर्सिजा | “ |
| १६. | शतायु राजन | “ |
| १७. | आदम र हौवा | “ |
| १८. | नौलो कोलाहल- एक | “ |
| १९. | यस युगमा | “ |
| २०. | महान् प्रदर्शन | “ |
| २१. | राष्ट्रिय गान | “ |
| २२. | आह्वान गर्दी रारा | “ |
| २३. | अभियान | “ |
| २४. | दुई ढुङ्गाबीच तरुल फलाउँछु | “ |
| २५. | मानवनाको नौलो सिद्धान्त | “ |
| २६. | उकुसमुकुस | “ |
| २७. | मिलन आह्वान | “ |
| २८. | समय | “ |
| २९. | ताजमहलसँग महल बन्छ | “ |
| ३०. | शीर्षकविहीन कविता | “ |
| ३१. | गोर्खा जिल्ला नेपाल | “ |
| ३२. | नौलो कोलाहल-दुई | “ |
| ३३. | सगरमन्थन | “ |

| | | |
|---|---|---|
| ३४. | वेश्या, कति नराम्रो सम्बन्धन | “ |
| ३५. | कोटी कामना | “ |
| ३६. | राष्ट्रिय वन्दना | (उदय, वर्ष९, अङ्क ५-६, २००२) |
| ३७. | विश्वप्रेम | (उदय, बर्ष१०, अङ्क ६-७, २००५) |
| ३८. | बालविनय | (उदय, वर्ष११, अङ्क ८-९, २००४) |
| ३९. | प्रश्न | (उदय, वर्ष१२, अङ्क ७-९, २००६) |
| ४०. | गीत | (उदय, वर्ष११, अङ्क ३-५, २००४) |
| ४१. | जीवनपथमा | (उदय, वर्ष११, अङ्क १०-१२, २००५) |
| ४२. | विश्ववाद | (उदय, वर्ष२१, अङ्क ७, २०१४ ) |
| ४३. | शुभसन्देश | (उदय, वर्ष१०, अङ्क ५-६, २००३) |
| ४४. | पुकार | (उदय, २००६) |

## २. निबन्धकार व्यक्तित्व

इन्द्रमणि ‘मानव’ का निबन्धहरू विभिन्न पत्रपत्रिकामा छिटफुट रूपमा प्रकाशित छन् ।

उनका निबन्धहरू विशेष गरी देशभक्ति, राष्ट्रियता र समाज सुधारका भावनाले ओतप्रोत छन् । उनका निबन्धहरूलाई केलाउँदा ठूलो ख्याति पाउने गरी माथि उठेका छैनन्[३९] तापनि नेपाली निबन्ध विधामा विवरणात्मक, भावनात्मक र विचारात्मक फुटकर निबन्ध लेखेर उनी नेपाली निबन्धकारका रूपमा आफ्नो पहिचान राख्न सफल भएका छन् । मानवका प्रकाशित निबन्धहरू हुन् :

[३९] सनत रेग्मी र नन्दराम लम्सालबाट प्राप्त जानकारीअनुसार ।

**इन्द्रमणि मानवका प्रकाशित निबन्धहरु**

| क्र.स. | शीर्षक | पत्रिका | प्रकाशन | बर्ष/अङ्क |
|---|---|---|---|---|
| १ | हामी नेपाली हौं | उदय | २००२ | ९:५-६ |
| २ | नेपाल र नेपालीहरू | उदय | २००३ | १०:५ |
| ३ | नेपालमा अन्तर्राष्ट्रिय प्रतिद्वन्द्विताको प्रभाव | उदय | २०११ | |
| ४ | एउटा सानो सर्वेक्षण | दौंतरी | २०६१ | १०:१ |

उपर्युक्त निबन्धहरूका अतिरिक्त 'मानव' ले 'बन्दे दाजुभाइहरु', 'सभ्यता', 'नेपालको राष्ट्रियोन्नतिमा अवरुद्धि', 'नेपालमा राष्ट्रियकरण' र 'नवसञ्चार' शीर्षकका निबन्धहरू पनि लेखेको चर्चा पाइन्छ ।

## ३. कथाकार व्यक्तित्व

वि.सं. २००२ देखि आफ्नो कथाकार व्यक्तित्वको परिचय दिन थालेका इन्द्रमणि 'मानव' को प्रथम कथात्मक रचना 'नर्स' (२००२) हो ।[४०] खास गरेर यथार्थवादी र प्रगतिमूलक साहित्यिक दृष्टिले साहित्यसिर्जना गर्ने 'मानव' ले नेपाली साहित्यको विविध विधामा कलम चलाए तापनि मूलतः कथाकार र कविका रूपमा उनको सर्जक व्यक्तित्व स्थापित भएको देखिन्छ । इन्द्रमणि 'मानव' लाई कथाकारका रूपमा परिचित गराउने कथात्मक ग्रन्थ 'अभिशप्त जीवन' (२०२४) नौवटा कथाहरूको एक सङ्ग्रहका रूपमा प्रकाशित छ ।[४१] यसका अतिरिक्त विभिन्न समसामयिक पत्र-पत्रिकाहरूमा पनि उनका कथाहरू प्रकाशित छन् । यी कथाहरूमा सामाजिक अन्याय, पूँजीवादी शोषण, छुवाछूत एवं जातीय भेदभाव, गिर्दो राजनीतिक स्थिति, प्रशासनिक भ्रष्टाचार आदिमाथि

[४०] पूर्ववत्, पृ. झ ।

[४१] सनत रेग्मी, "स्व. इन्द्रमणि 'मानव' : एक श्रद्धाञ्जली", दौंतरी (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१ मङ्सिर), पृ. ग ।

निर्मम प्रहार गर्दै सामाजिक एवं सांस्कृतिक परिवर्तनको शङ्खघोष गरिएको पाइन्छ । इन्द्रमणि 'मानव' ले आदर्शोन्मुख सामाजिक यथार्थ, प्रगतिशीलता र मनोविश्ललेषणलाई अँगालेर सरल, सरस र स्वाभाविक भाषाशैलीमा कथाहरू रचना गरेको पाइन्छ । यिनै कथाहरूले 'मानव' को कथाकार व्यक्तित्वलाई उद्घाटन गरेका छन् । उनका कथाहरू सङ्ग्रहमा सङ्गृहीत र अन्य गरी यस प्रकार प्रस्तुत गरिएका छन् :

मानवको 'अभिशप्त जीवन' (२०२४) कथासङ्ग्रहमा सङ्ग्रहीत ९ वटा कथाहरू निम्न प्रकारका छन् :-

| **क्र.सं.** | **कथाको शीर्षक** | **पुस्तक वा पत्रपत्रिका नाम** | **वर्ष/अङ्क** | **प्रकाशन वर्ष** |
|---|---|---|---|---|
| १ | संस्कार (नर्स) | उदय | ९ :३,४ | २००२ |
| २ | भय | शारदा | | २००६ |
| ३ | प्रेमको पीडा | दौंतरी | १०:१ | २०६१ |
| ४ | उद्वेग | अनुराधा | १ | २०१८ |
| ५ | शिकारी | अनुराधा | २ | २०१८ |
| ६ | दृग्भ्रम | दौंतरी | १०:१ | २०१८ |
| ७ | विश्वाघात | दौंतरी | १०:१ | २०६१ |
| ८ | अभिशप्त जिवन | दौंतरी | १०:१ | २०६१ |
| ९ | दुः खको ताँती | दौंतरी | १०:१ | २०६१ |

**विभिन्न पत्रपत्रिकामा छरिएका र हालसम्म अप्रकाशित कथाहरू**

| क्र.सं. | कथाको शीर्षक | पत्रपत्रिकाको नाम | वर्ष/ अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | ज्ञानु | उदय | १०:१-२ | २००३ |
| २ | सुबेदारको मृत्यु | उदय | १०:३-४ | २००३ |
| ३ | दुई अबोध | दौंतरी | १०:१ | २०६१ |
| ४ | परदेशी | उदय | २३:१ | २०१७ |
| ५ | प्रतीक्षा | दौंतरी | १०:१ | २०६१ |
| ६ | माछापुच्छ्रेको छायाँमुनि | सिर्जना | १:३ | २०३१ |
| ७ | फेरि उही | सिर्जना | क.अ. १ | २०३३ |
| ८ | रहस्यको खोजी | दौंतरी | १०:१ | २०६१ |
| ९ | छोरीछोरी | दौंतरी | १०:१ | २०६१ |
| १० | त्याग कि .. | दौंतरी | १०:१ | २०६१ |
| ११ | एकसाँझ | शुभेन्छा मासिक | १ | २०५० |
| १२ | दुई सन्न्यासी | दौंतरी | १०:१ | २०६१ |
| १३ | घडी बाजे | दौंतरी | १०:१ | २०६१ |
| १४ | मनोवेग | सिर्जना | १:१ | २०५१ |
| १५ | घामछाँया | दौंतरी | १०:१ | २०६१ |

उपर्युक्त पत्रपत्रिकाहरूमा छरिएका कथाहरूमध्ये दौंतरी (इन्द्रमणि 'मानव' विशेषाङ्क- २०६१) मा पुनः प्रकाशित कथाहरू, रहस्यको खोजी, मनोवेग, माछापुच्छ्रेको छायाँमुनि, त्याग कि ....., छोरीछोरी आदि हुन् ।

**४) नाटककार व्यक्तित्व**

बहुमुखी प्रतिभाका धनी मानिने 'मानव' ले नाट्यविधामा पनि कलम चलाएका छन् । साहित्यका अन्य विधाका तुलनामा नाट्य विधामा मानवका

रचना कम प्रकाशित भएका देखिन्छन् । इन्द्रमणि 'मानव' को हालसम्म खोज र अनुसन्धान गर्दा एउटा मात्रै नाट्यकृति 'देवकन्या' प्रकाशनमा आएको छ ।[४२] उनको सो नाट्यकृति रङ्गमञ्चमा देखाउन सकिने अभिनयगुणले युक्त र मनोरञ्जनात्मक छ । उनको यस नाटकले उनलाई प्रगतिवादी चिन्तनका निकट पुऱ्याएको छ ।

**५. सम्पादक व्यक्तित्व**

इन्द्रमणि 'मानव' सम्पादकका रूपमा पनि परिचित छन् । उनले सर्वप्रथम २००४/२००५ सालतिर भारतको बनारबाट निस्कने 'उदय' साहित्यिक मासिक पत्रिकाको सम्पादन कार्यमा काशीबहादुर श्रेष्ठको सहयोगी भएर झण्डै आधा दशक सेवा गरेका थिए ।[४३] उनले नेपालगन्जबाट प्रकाशित 'राष्ट्रिय आह्वान' (२०१९), 'अनुराधा' (२०१८), 'स्वराष्ट्र' (२०१६) 'सिर्जना' (२०३३) जस्ता पत्रिकाको सम्पादन गरे । 'मानव' नेपालगन्जमा स्थापित 'नेपालगञ्ज साहित्यिक परिवार' (२०१५) का सम्पादक समेत भए भने 'भेरी साहित्य विकास समिति' (२०३१) का अध्यक्ष पनि भए । साहित्यिक गतिविधिलाई अगाडि बढाउन उनले वि.सं.२०२२, २०२३, २०३३ मा तीन दिन क्रमशः चितवन र झापामा अधिराज्यव्यापी बृहत् साहित्यगोष्ठी एवं लेखकसम्मेलनमा पनि सहभागी भई भेरी अञ्चलको साहित्यिक इतिहाससम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए ।[४४]

### ३.३.२ साहित्येतर व्यक्तित्व

### ३.३.२.१ सामाजिक-सांस्कृतिक व्यक्तित्व

---

[४२] नारायणप्रसाद शर्मा, गैरे (सम्पा.), दौतरी (वर्ष १०, अंक १, पूर्णाङ्क ११, २०६१ मंसिर), पृ. १४५ ।

[४३] नारायणप्रसाद गैरे, मधुसूदन गिरी र सनत रेग्मीबाट प्राप्त जानकारीअनुसार ।

[४४] पूर्ववत्, पृ घ र ज ।

शिशु अवस्थादेखि नै मातृवात्सल्यबाट वञ्चित भएका इन्द्रमणि 'मानव' सौतेनी आमा एवं घरपरिवारको दुर्व्यवहार खेपेर समाजका अँध्यारा पक्षहरूसँग लडेका थिए । त्यसैको परिणामस्वरूप समाजमा विद्यमान रूढि एवं अन्धविश्वास हटाई सामाजिक जागरण ल्याउन सतत सक्रिय इन्द्रमणि 'मानव' स्वदेश एवं भारतप्रवासमा रहँदाका अवस्थामा समेत आफ्नो सामाजिक, सांस्कृतिक एवं सुधारक व्यक्तित्त्वको परिचय दिन सफल भएका छन् ।यस सन्दर्भमा उनी नेपाली भाषाको पठनपाठनमा जोड दिने, पुस्तकालय खोल्ने, बाटाघाटा बनाउने र मठमन्दिर निर्माण गर्नेजस्ता कार्यमा सक्रिय थिए । नेपालगन्जस्थित वागेश्वरीअगाडि ठूलाठूला घण्टी स्थापित गर्न र बुबा हर्षमानपति वज्राचार्यसँग आग्रह गरेर त्यही स्थानमा बुद्ध मन्दिर निर्माण गर्न पनि उनले योगदान गरेका थिए ।[४५]

समाजमा विद्यमान सामन्ती कुसंस्कार एवं पूँजीवादी संस्कृतिको ध्वंस र त्यसमा नयाँ जनसंस्कृतिको निर्माण गर्ने कार्यमा प्रत्यनशील 'मानव' को सामाजिक-सांस्कृतिक व्यक्तित्वको सुरुवातचाहिँ समाजसुधारक व्यक्तित्वबाट विकसित भएको थियो । स्कुल-पुस्तकालय खोल्ने, स्वयंसेवकका रूपमा सदा कार्यरत 'मानव' विभिन्न सामाजिक संस्थाका प्रवर्तक र सांस्कृतिक टोलीका प्रबन्धक पनि थिए ।[४६]

### ३.३.२.२ राजनीतिक व्यक्तित्व

नेपालमा राणाशासनको थिचोमिचो र अन्यायबाट मुक्ति पाउनका लागि राणाविरुद्ध आवाज उठाउने सहिदहरूको प्रेरणा र सहिदकाण्डबाट प्रभावित भई राजनीतिक दिशातर्फ अभिमुख हुन पुगेका इन्द्रमणि 'मानव'को राजनीतिक व्यक्तित्व मूलतः कम्युनिष्ट चिन्तनपद्धतितर्फ अभिमुख थियो । सहिदकाण्डमा

[४५] अस्मिता शाह, "स्व. इन्द्रमणि 'मानव' : एक चिनारी", <u>दौंतरी</u> (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१, मङ्सिर), पृ. व ।

[४६] सनत रेग्मी र नन्दराम लम्सालबाट प्राप्त जानकारीअनुसार ।

उनले पनि १५/१६ दिन नख्खु जेलमा बिताएका थिए ।[४७] आँखाअगाडि नै वीर सहिदहरूको हत्या भएपछि भारतमा शरण लिई उनले जवाहरलाल नेहरू-लगायतका भारतीय नेताहरुसँग मैत्रीपूर्ण भेटवार्ता गरे । उनी प्रवासबाटै राणाविरोधी कार्यमा संलग्न भए ।[४८] वि.सं. २००७ मा प्रजातन्त्रको आगमन भयो । मानवले त्यसपश्चात् पनि धेरै नै हन्डर र ठक्कर खानुपऱ्यो । वि. सं. २०१५ पूर्व साम्यवादी प्रवृत्तिप्रति झुकाव रहेका 'मानव' ले वि.सं. २०१५ को आमनिर्वाचनमा पनि भाग लिएका थिए । २०१५ सालको आमनिर्वाचनमा मानवले नेपाल प्रजातान्त्रिक पार्टीको प्रतिनिधित्व गरी संसदीय निर्वाचनमा भाग लिएका थिए । जसमा १५९ मत प्राप्त गर्न उनी सफल रहे ।[४९] उनले प्रतिनिधि सभाको उम्मेदवार भई चुनावमा भाग लिए तर सफल हुन सकेनन् ।[५०] त्यति बेलाका राजनीतिज्ञहरूको सत्ताको हानथापको घीनलाग्दो कार्यले उनमा राजनीतिप्रति वितृष्णा जाग्यो र राजनीतिक जीवनबाट उनले सन्न्यास लिए र उनी साहित्यतर्फ सक्रिय भए ।[५१] उनको राजनीतिक व्यक्तित्वलाई नियाल्दा उनमा कुशल राजनीतिज्ञमा हुनुपर्ने प्रशस्त गुणहरू भए तापनि त्यसैमा पूर्णतः समर्पित भएर उनी राजनीतिमा सफल भएका भने देखिँदैनन् ।

### ३.३.२.३) शिक्षक व्यक्तित्व

बाँके जिल्लाको नेवार परिवारमा जन्मेर मूलतः बहराइचबाट शिक्षा आर्जन गरी वि.सं. १९९५ बाट वि.सं. १९९८ सम्म काठमाडौंको जनता विद्यालयमा तीन वर्षसम्म शिक्षकका रूपमा उनले अध्यापन गरेका थिए । शिक्षणका क्रममा निर्धारित पाठ्यपुस्तकका अतिरिक्त देशको राजनीतिक,

---

[४७] गणेश वस्याल, राप्ति. पश्चिमको प्रजातान्त्रिक आन्दोलन, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०५२), पृ. ५७ ।

[४८] पूर्ववत् पृ. व ।

[४९] ऐजन ।

[५०] "साहित्यकार स्व. इन्द्रमणि 'मानव' सँगको कुराकानी", दौँतरी, (वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१ मङ्सिर), पृ. म, र नन्दराम लम्सालबाट प्राप्त जानकारीअनुसार ।

[५१] ऐजन ।

आर्थिक, सामाजिक एजं ऐतिहासिक पक्षको समेत ज्ञान दिई विद्यार्थीहरूको चेतनाको स्तर उकास्न उनले ठूलो योगदान गरेको पाइन्छ । उनी २००७ सालपछि २०३० सालसम्म मङ्गलप्रसाद माध्यमिक विद्यालय नेपालगन्जमा अध्यापनमा संलग्न रहे ।[५२] त्यस बेलाको समयमा हिन्दी, अवधी र उर्दु भाषाको बोलबाला भएको नेपालगन्जमा नेपाली भाषा बोल्नु त के पाठ्यक्रम पनि भारतकै लागू गरी भारतीय शिक्षा दिइएको थियो । यस्तो विकराल स्थितिमा इन्द्रमणि 'मानव' मङ्गलप्रसाद मा.वि.मा अध्यापन गर्थे । यसै समयमा अमेरिकालीहरूको आयोजनामा भैरहवामा हेडमास्टर सेमिनार राखियो । त्यसबेला हेडमास्टर नभएकाले 'मानव' गएर त्यहाँ 'नेपालमा हिन्दी माध्यम किन?" भन्ने प्रश्न उठाएपछि मात्र नेपालगन्ज क्षेत्र वरपरका स्कूलहरूमा नेपालीमा पठनपाठन र साहित्यिक गतिविधि बढ्न थालेको पाइन्छ ।[५३] मानव आफ्नो अध्यापनकालमा विद्यार्थी एवं अभिभावकहरूका बीच निकै लोकप्रिय रहेका र उनको परिश्रमपूर्ण शिक्षणसेवाबाट सम्बद्ध संस्था निकै लाभान्वित भएको बुझिन्छ ।[५४]

यसरी वि. सं. १९९५ देखि वि.सं. २०३० सम्मको समयावधिमा करिब २० वर्ष लामो शिक्षणपेसामा संलग्न रहेका 'मानव' आफ्नो विषयमा प्रशस्त ज्ञान, सीप र दक्षता भएका शिक्षक व्यक्तित्वका रूपमा चर्चित थिए ।

### ३.३.२.४) सैनिक व्यक्तित्व

इन्द्रमणि 'मानव' को व्यक्तित्व सैनिक जीवनसँग पनि गाँसिएको छ । उनी म्याट्रिक पास गरेपछि अगाडि पढ्ने उद्देश्य बोकी घरबाट भागेर भारतको बनारस पुगे तर प्रमाणपत्र नलगेका कारण उनी महाविद्यालयमा भर्ना हुन पाएनन् । घर फर्कन पनि उनको मनले मानेन र भारतीय सैनिक बनी दोस्रो

---

[५२] पूर्ववत् पृ व ।

[५३] अन्तर्वार्ता "इन्द्रमणि मानवसँग," दौतरी वर्ष १, अंक ४-५ (संयुक्त) पौष - चैत्र, २०५३०, पृ ६-७ ।

[५४] सृजन लम्साल, "एक नक्षत्र अस्ताएको छ" दौतरी वर्ष १०, अंक १, पूर्णाङ्क ११ मङ्सिर २०६१), पृ. ट ।

विश्वयुद्धमा लडेर बर्मा पुगे ।[५५] मानवताका पूजारी मानवलाई युद्धमा भएको हत्याहिंसाबाट रगतको खोला बगेको मन पर्दैनथ्यो  तापनि ६ वर्षसम्म सैनिकका रूपमा क्रियाशील रहे । सैनिक जीवन त्यागी नेपाल फर्केर उनी राजनीतिक जीवनमा सक्रिय भए । उनको सैनिकका व्यक्तित्वलाई साहित्यिक र राजनीतिक व्यक्तित्वका तुलनामा नगन्य मानिन्छ तापनि जीवनभोगाइका क्रममा उनले सैनिक रूपमा प्राप्त गरेको अनुभवलाई पनि बिर्सन सकिँदैन ।

### ३.४ विधागत सफलता

एउटा मात्र पुस्तकाकार कृति 'अभिशप्त जीवन' (२०२४) र अन्य फुटकर गहकिला कविताहरू लेखेर इन्द्रमणि 'मानव' नेपाली साहित्यमा साहित्यकारका रूपमा उभिएका छन् । उनले सर्वप्रथम कविताका माध्यमबाट नेपाली साहित्यमा पदार्पण गरेका हुन् तापनि पछि गद्यकविता, कथा, नाटक र निबन्धको लेखनतर्फ मोहित हुँदै गए । विभिन्न विधामा कलम चलाए तापनि उनी कथा र कविता विधामा बढी सफल भएको देखिन्छ । गुणात्मक, परिमाणात्मक तथा साहित्यिक ओजका दृष्टिले उनका अरू साहित्यिक विधालाई कथाले सहजै उछिनेको छ । अन्य विधा तुलनामा कथालेखनमा उनले बढी सफलता पाएका छन् । तसर्थ इन्द्रमणि 'मानव' लाई नेपाली साहित्यका पृष्ठमा उभ्याएर साहित्यकारका रूपमा परिचित गराउने श्रेय पनि मूलतः उनका कथालाई नै दिन सकिन्छ ।

### ३.५ सम्मान र पुरस्कारहरू

इन्द्रमणि 'मानव' ले अध्ययन, अध्यापन, साहित्यसेवालगायतका विभिन्न सेवामा नै आफ्नो जीवनको अधिकांश समय समर्पित गरे । यिनै विभिन्न क्षेत्रमा रहेर उनले दिन सकेको उल्लेख्य योगदान तथा उनको प्रतिभा र विद्वताको कदरस्वरूप विभिन्न क्षेत्रमा उनलाई प्रशंसापत्र, सम्मान र

---

[५५] दिलीप कार्की, "ज्यूँदो इतिहास हुनुहुन्छ इन्द्रमणि 'मानव' बज्राचार्य", <u>दौतरी</u> (वर्ष १०, अंक १, पूर्णाङ्क ११ मङसिर २०६१) पृ. ब ।

पुरस्कारहरू प्रदान गरिएको पाइन्छ । उनले प्राप्त गरेको, उल्लेखनीय र सम्मानजनक पुरस्कारको विवरण तल प्रस्तुत छ ।

क) २०५३ साल भाद्र २८ गते महेन्द्र पुस्तकालय, नेपालगन्जको स्वर्ण जयन्ती वर्षको उपलक्ष्यमा सारस्वत सम्मान ।

ख) २०५६ साल आषाढ २९ गते २०५५ सालको तीर्थमान श्रेष्ठ (प.) स्मृति पुस्कार ।

ग) २०५६ सालमा नेपालगन्ज जेसिजद्वारा सम्मान,

घ) २०५७ साल ज्येष्ठमा 'प्रयास समूह' द्वारा वेस्टजोन इ.मि. स्कुलमा दोसल्ला ओढाई सम्मान ।

ङ) २०५७ साल माघ २२ गते पश्चिम औधोगिक व्यापार मेला (२०५७ माघ १३- २२) द्वारा सम्मान ।

उनको योगदान र सेवाको कदरस्वरूप प्रदान गरिएको पुरस्कार मूलतः साहित्यसेवा र अध्ययन-अध्यापनसँग सम्बद्ध रहेका छन् । त्यसैले उनको व्यक्तित्वको पहिचानमा पुरस्कारले पनि महत्त्वपूर्ण स्थान लिएको छ । यसरी उनका कर्मले उनको नै व्यक्तित्वलाई माथि उठाएको छ ।

## ३.६ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तःसम्बन्ध

साहित्यकार इन्द्रमणि 'मानव'को आठ दशकभन्दा बढीको जीवन-अवधिलाई हेर्दाको उनको जीवनचक्र विभिन्न समस्या र विषम परिवेशका माझबाट गुज्रेको देखिन्छ । पीडालाई सामान्य ठान्ने अनि सैनिकका रूपमा कठोर श्रम गर्दा पनि केही नमान्ने, जस्तै जटिल एवं कठिन परिस्थितीमा पनि सामन्ती निरङ्कुशताका सामु कहिल्यै शिर नझुकाउने र शिशु अवस्थादेखिको कठिन जीवन गुजार्ने 'मानव' को जीवनवृत्त कठिन भईकन पनि उदाहरणीय छ । अन्य व्यक्तित्वका तुलनामा साहित्यिक व्यक्तित्व अखण्डित र अविचलित

देखिन्छ । हाँसो र रोदनको कठिन र जटिल क्षणमा पनि उनको आत्मतृप्तिको साधन साहित्य- सिर्जना नै हुन पुगेको पाइन्छ । बाल्यकालीन, मातृत्वविहीन अवस्था, राजनीतिक जीवनका उथलपुथलकारी घटना, अस्तव्यस्त आर्थिक उतारचढावदेखि जीवनको पछिल्लो कालको केही व्यवस्थित र शृङ्खलित क्षणसम्मको जीवनवृत्तबाट उनको साहित्यिक लेखन- चिन्तन प्रभावित भएको पाइन्छ । साहित्य एवं संस्कृतिकै फाँटमा सक्रिय रहेर नेपालको वामपन्थी आन्दोलनलाई केही मात्रामा भए पनि योगदान पुऱ्याउन चाहने 'मानव' को राजनीतिक चिन्तन र साहित्य-सर्जकका बीच सम्बन्ध रहेको पाइन्छ । राजनीतिक चिन्तन र जीवनमा खेपेका आरोह-अवरोहले साहित्य-सिर्जनाका लागि उनलाई आधार सामग्री प्रदान गरेको छ । उनको स्रष्टा व्यक्तित्वका विविध पाटाहरूमध्ये कवि र कथाकार व्यक्तित्व नै प्रमुख व्यक्तित्वका रूपमा रहेको देखिन्छ र यस क्षेत्रमा नै उनको बढी लगाउ, साधना र अनुभव पनि रहेको पाइन्छ । मानवका यी प्रमुख व्यक्तित्वका अतिरिक्त उनका जीवनमा घटेका केही घटनाहरु र राजनीतिक- सैनिक व्यक्तित्वले पनि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । सिर्जनमा भावनाको अभिव्यक्ति स्पष्ट, सरल र जनताले बुझ्ने भाषामा दिई आफ्नो निजत्व कायम गर्न सफल 'मानव' को साहित्य-सिर्जनामा नै करिब साढे पाँच दशक बित्यो । उत्साहका साथ साधनारत र सिर्जनशील देखिने 'मानव' मृत्युपर्यन्त नेपाली भाषा र साहित्यको विकासप्रति चिन्तित रहे ।

यसरी साहित्य-सेवामा नथाकी साधनारत 'मानव' को ८३ वर्षको उमेरमा वि. सं. २०५७ पौष ६ गते देहान्त भयो । अत्यन्त परिश्रमी, साधनारत र सङ्घर्षशील मानवको जीवनी व्यक्तित्व र साहित्य-सिर्जनाका बीच एक-अर्काको प्रभाव र अन्तः सम्बन्ध स्पष्ट रूपमा परिलक्षित भएको पाइन्छ ।

## अध्यायः चार

# इन्द्रमणि ‘मानव’ साहित्यिक कृतिहरूको विवेचना

### ४.१ पृष्ठभूमि

इन्द्रमणि ‘मानव’ ले आफ्नो विद्यार्थी जीवनबाट नै साहित्यसिर्जनातर्फ पाइला चाले तापनि उनी वि.सं. २००२ देखि औपचारिक रूपमा नेपाली साहित्यकाशमा उदाएका हुन् । कविता, कथा, निबन्ध, नाटक आदिमा कलम चलाउने ‘मानव’ ले विभिन्न पत्र-पत्रिका सम्पादन गर्ने कार्य पनि गरे । हालसम्म उनका पुस्तकाकार कृतिहरूको सङ्ख्यात्मक थुप्रो नलागे तापनि गुणात्मकताका दृष्टिले हेर्ने हो भने ‘अभिशप्त जीवन’ (२०२४) र कविता, कथा, नाटक, निबन्ध आदिको सँगालो ‘दौतरी’ (इन्द्रमणि ‘मानव’ विशेषाङ्क २०६१) दुवै महत्त्वपूर्ण छन् । उनी एक आदर्शोन्मुख, सामाजिक यथार्थवादी साहित्यकार हुन् । उनका केहीं रचनाहरूमा प्रगतिशील दृष्टिकोण पनि रहेको छ । विभिन्न पत्रपत्रिकामा प्रकाशित दुई दर्जनजति कथाहरू, ४५ भन्दा बढी कविताहरू, आधा दर्जनजति निबन्धहरू र एउटा नाटक अनि सम्पादन-प्रकाशन कार्य र उनीमाथि गरिएका टीका-टिप्पणी, अन्तार्वार्ता आदिबाट उनको साहित्यिक यात्रालाई ठम्याउन सकिन्छ । उनको समग्र साहित्ययात्रालाई निम्नानुसार दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :-

१. प्रथम चरण (वि.सं. २००२-२०२४)

२. द्वितीय चरण (वि.सं. २०२५-२०५६)

#### ४.१.१ प्रथम चरण (वि.सं. २००२-२०२४)

वि.सं. २००२ को ‘राष्ट्रिय वन्दना’ (२००२) कविता र ‘नर्स’ (२००२) कथाको प्रकाशनकालदेखि २०२४ सालको ‘अभिशप्त जीवन’ कथासङ्ग्रह प्रकाशित भएको साहित्यकार ‘मानव’ को समयावधिलाई पहिलो चरणका

रूपमा उल्लेख गर्न सकिन्छ । 'मानवको यस चरणको साहित्ययात्रामा बाह्र ओटा कथाहरू प्रकाशित छन् । 'अभिशप्त जीवन' (२०२४) कथासङ्ग्रहमा सङ्कलित ९ ओटा कथाहरू तथा अन्य पत्रपत्रिकामा प्रकाशित पाँच ओटा कथाहरू 'ज्ञानु' (२००३), 'सुबेदारको मृत्यु' (२००३), 'परदेशी' (२०१७), 'प्रतीक्षा' (२०१८) लगायत छन् भने कविताहरूमा दुई दर्जनजति- 'राष्ट्रिय वन्दना' (२००४), 'दीपको दान' (२००५), 'सरिता सन्देश' (२०१६) आदि छन् । निबन्धहरूमा छ ओटा निबन्धहरू- 'हामी नेपाली हौँ' 'नेपाल र नेपालीहरू' 'नेपालीको अन्तर्राष्ट्रिय प्रतिद्वन्द्विताको प्रभाव' (२०१६) आदि प्रकाशित छन् ।

यस चरणमा इन्द्रमणि 'मानव' का रचनाहरू सामाजिक विषयवस्तुको सेरोफेरोमा रहेका छन् । उनले आफ्नै गाउँठाउँ, घरपरिवार र समाजबाट अनुभव गरी भोगेका जल्दाबल्दा समस्यामा केन्द्रित विषयवस्तुलाई शिष्ट, सभ्य, आकर्षक तथा कारुणिक रूपमा आफ्ना रचनाहरूमा प्रवेश गराएका छन् । कथातिर हेर्ने हो भने यस चरणमा उनले यथार्थ पात्रहरूको उद्घाटन गरी आदर्शवादको प्रयोग गर्ने र जीवनको सत्य चिनाउने मात्र उद्देश्य नराखी नैतिकतातर्फ पनि दृष्टि पुऱ्याएका छन् । यस चरणमा प्रगतिशील सोच भएका र मनोविज्ञानलाई आत्मसात् गरेका कथाहरूले उनको सिर्जनामा स्थान पाएका छन् ।

कवितातर्फ हेर्ने हो भने आफ्नो जीवनका भोगाइका यथार्थ पक्षहरू राणाकालीन जर्जरताबाट मुक्त हुन थालेको मुलुकको प्रजातन्त्रको चित्रण र देशका प्राकृतिक छटाहरूको सुन्दर वर्णन उनका सिर्जनामा पाइन्छ । यस चरणमा सामाजिक राजनीतिक र सांस्कृतिक विषयका साथै राष्ट्रियता र देशप्रेमलाई उनले आफ्नो कविताको विषयवस्तु बनाएका छन् । निबन्धतर्फ हेर्ने भने आत्मपरक शैलीमा लेखिएका उनका निबन्धहरूमा उनले देशभक्तिपूर्ण भाव र विकासवादी चिन्तनको जीवन्त अभिव्यक्ति दिएका छन् ।

यसरी समग्रमा हेर्दा उनका यस चरणका रचनाहरूमा नारीसमस्या, सामाजिक मूल्यमान्यता, सामन्ती प्रवृत्तिको विरोध, निम्नवर्गीय मनोदशा आर्थिक दयनीय अवस्था, सामाजिक विसङ्गति, नैतिक सन्देश, दायित्वबोध, नारी-स्वतन्त्रता र आदर्शप्रेमजस्ता विषयवस्तुको प्रस्तुति गरेका छन् ।

### ४.१.२ द्वितीय चरण (२०२५–२०५६)

कथाकार इन्द्रमणि 'मानव' को साहित्ययात्राको द्वितीय चरणको रूपमा वि.सं. २०२५ देखि २०६१ सम्मको समयावधिलाई लिन उपयुक्त हुन्छ । वि.सं. २०६१ मा 'भेरी साहित्य समाज' द्वारा 'दौँतरी' पत्रिकामा इन्द्रमणि 'मानव' का छिटफुट कथा, कविता, नाटक आदि प्रकाशन भए पनि वि.सं. २०५६ पछि रचनालेखन पूर्णरूपमा स्थगित भएको हुनाले वि.सं. २०५६ लाई नै उनको साहित्ययात्राको अन्तिम विन्दु मान्नुपर्ने हुन्छ । उनको अन्तिम कथा 'दुई सन्न्यासी' (२०५६) हो । यस चरणका उनका ११ ओटा कथाहरू- 'मनोवेग' (२०३१), 'फेरि उही' (२०३२), 'छोरीछोरी' (२०४५) आदि प्रकाशित छन् भने कविताहरूमा 'नौलो कोलाहल', 'सागर-मन्थन', 'कोटिकामना', 'समय', 'मिलनआह्वान', 'अभियान' आदि प्रकाशित छन् । यस चरणमा उनले ११ ओटा कथाहरू, ३० ओटाजति कविताहरू, एउटा निबन्ध र एउटा नाटकको रचना गरेका छन् ।

साहित्यकार इन्द्रमणि 'मानव' ले यस चरणका रचनाहरूमा राजनीतिक र आर्थिक विषयवस्तुलाई समेटेर समाजको यथार्थ पक्षको उद्घाटन गर्नाका साथै मानिसका आन्तरिक उथलपुथललाई सहज रूपमा कथामा समाहित गरेका छन् । कविताहरूमार्फत् उनले आधुनिक युगले ल्याएको विसङ्गति र विकृतिमाथि प्रहार गरेका छन् । उनको नाटक 'देवकन्या' एउटा प्रगतिशील नाटक हो । उनले सुदूरपश्चिमाञ्चलका जिल्लामा प्रचलित देवकी प्रथालाई हटाउनुपर्छ भन्ने जनचेतना आफ्ना नाटकमार्फत् फैलाउन चाहेका छन् । यस

चरणमा उनको 'दौँतरी' शीर्षकको एउटा मात्रै निबन्ध 'एउटा सानो सर्वेक्षण' (वर्ष १०, अङ्क १, पूर्णाङ्क, ११, २०६१) मा प्रकाशित छ । आधुनिक युगमा शिक्षाको महत्त्व दर्साउँदै आत्मपरक शैलीमा लेखिएको यो निबन्ध सानो भए पनि उत्कृष्ट छ ।

साहित्यकार इन्द्रमणि 'मानव' का यस चरणका रचनाहरूले मानव मनोभाव र पिल्सिएका हृदयको छटपटीलाई स्वभाविक रूपमा प्रस्तुत गरेका छन् । नारीलाई गरिने व्यवहार, छोरीको विवाहको समस्या, विधवा र सधुवा नारीले भोग्नुपर्ने व्यथा जस्ता विषयवस्तुहरू पाइन्छन् । समाजमा विद्यमान शोषण, दमन, अन्याय, चाकरी र चाप्लुसीको प्रवृत्ति तथा सामाजिक विभेद, विकृति र विङ्गतिप्रति व्यङ्ग्य तथा आत्मिक प्रेम साहित्यकार 'मानव' का साहित्यिक विशेषता हुन् ।

### ४.२ इन्द्रमणि मानव' का साहित्यिक कृतिहरूको विवेचना

#### ४.२.१ इन्द्रमणि 'मानव' का कथाहरूको अध्ययन

वि.सं. २००२ देखि आफ्नो साहित्यिक यात्राको औपचारिक घोषणा गरेका कथाकार इन्द्रमणि 'मानव' नेपाली कथाको आधुनिक कालखण्डका पहिलो चरणमा देखिएका कथाकार हुन् । उनले नेपाली कथाको बिशाल परिवेशबाट कथाको विषयचयन गर्दै आधुनिक कथामा पाइने विशेषताहरूलाई अँगालेका छन् । जीवनको यथार्थता व्यक्त गर्ने उनका कथाहरूमा निम्नवर्गीय परिवारको दुर्दशा, रूढिग्रस्त सामाजिक संस्कार, वर्गीय विभेद, अभाव र असन्तुष्टिका भावना, मानवका असल व्यवहार, धार्मिकता आदिले पनि स्थान पाएका छन् । सामान्य र नगण्य घटनालाई पनि महत्त्व दिई गहिरिएर प्रस्तुत गर्नु, कथाभित्र झिनो कथाशृङ्खला कायम राख्नु र घटनालाई रोचकताका साथ कथामा निमन्त्रण गर्नु उनको विशेषता हो । मान्छेको जीवनका जटिलता, दास मनोवृत्ति, सामाजिक नैतिक आचरण, नारी- अस्तित्व, रूढिगत मान्यता,

सामाजिक विकृति, वर्तमान युवायुवतीका समस्या आदि उनका कथ्य विषय हुन् ।

यसरी सामाजिक यथार्थ विषयवस्तुलाई कथामा मुख्य स्थान दिएर कथासिर्जना गर्ने मानवको 'अभिशप्त जीवन' कथासङ्ग्रहलगायत दौँतरीका प्रकाशित सम्पूर्ण कथाहरूलाई निम्नलिखित आधारमा विवेचना गर्न सकिन्छ :

१. रुचिक्षेत्र

२. रीतिक्षेत्र

३. सारवस्तु

४. अर्थसापेक्ष

५. दृष्टिविन्दु

६. कथानकढाँचा

७. रूपविन्यास

### ४.२.१.१ रुचिक्षेत्र

कुनै पनि कथाकारले समाजको कुनै एक पक्षबाट कथाका लागि सामग्री ग्रहण गरिसकेपछि त्यसलाई आफ्नो रुचिक्षेत्रअन्तर्गत प्रस्तुत गर्दछ ।[५६] मानवका कथाहरूको अध्ययन र विश्लेषणबाट उनको रुचिक्षेत्रगत प्रवृत्तिलाई समग्र रूपमा भन्नुपर्दा सामाजिक रहेको छ । वास्तविक जीवन,जीवनका दु:खसुख, होच्याउने प्रवृत्ति, वर्गीय विभेद, चाकरी र चाप्लुसी प्रथाले भित्र्याएको विसङ्गति र विकृति, आपराधिक मनोवृत्ति, सामाजिक रूढिगत मान्यता अल्झिएको जीवनपद्धति, आध्यात्मिक मान्यता, निम्नवर्गीय व्यक्तिहरूको मनोदशा र आर्थिक अवस्था, विवशताले जेलिएको परिवार, संस्कारगत रूपमा त्याग्न नसकेको आचरण, नारीका पीडा र बाध्यता, नारी- स्वतन्त्रता र रूढिगत मान्यता, लोग्नेको इच्छामा सन्तान जन्माउनुपर्ने नारीको विवशता,

---

[५६] दयाराम श्रेष्ठ, (सम्पा.) नेपाली कथा भाग ४, काठमाडौं: साझा प्रकाशन, २०५७), पृ. १० ।

नैसर्गिक प्रेम तथा प्रेमको आदर्श पक्ष, देशभक्ति तथा राष्ट्रप्रेम, प्रवासी नेपालीले भोग्नुपरेका दु:ख तथा अमानवीय व्यवहार आदि विषयवस्तुलाई उनका कथामा कथानकका रूपमा चयन गरिएका छन् । उनका कथाहरूमा 'अभिशप्त जीवन', 'संस्कार', 'भय', 'दु:खका ताँती 'विश्वासघात', 'दृग्भ्रम' 'प्रेमको पीडा', 'घामछाँया', 'दुई अबोध', 'रहस्यको खोजी', 'एक साँझ', 'माछापुच्छ्रे' को छायाँमुनि', 'त्याग कि', 'छोरीछोरी' र 'परदेशी', कथा सामाजिक रुचिक्षेत्रका रूपमा रहेका छन् । 'उद्वेग', 'मनोवेग', 'फेरी उही मनोविज्ञानप्रधान, 'शिकारी' कथा आध्यात्मिक जीवनमूलक र 'घडी बाजे' सामाजिक हास्यव्यङ्ग्यात्मक रहेका छन् ।

सामाजिक कुसंस्कारबाट प्रताडित विधवाहरूको चित्रणसमेत गरेर विधवाहरूलाई समाजले हेर्ने दृष्टिकोण पनि उनका कथाहरूका विषयवस्तु बनेका छन् । समाजमा विद्यमान असमानता, गरिबीमाथि थपिएको दु:खको बोझ, शिक्षित व्यक्तिहरूको घरको काम, उद्योग तथा व्यापारमा नलागी नोकरी नै गर्नुपर्दछ भन्ने मानसिकता, द्रव्यमोहमा फसेर गरिने अपराध, साश्वत प्रेम र प्रेममा त्यागजस्ता विषयबस्तु पनि कथाकार मानवका रुचिक्षेत्रगत प्रवृत्तिहरू हुन् । समग्रमा सामाजिक जीवनमा देखापर्ने विकृति, विसङगति निम्नवर्गीय मनोदशा, आदर्श पक्ष, धार्मिक मान्यता, नारीका पीडा र वेदना, रूढिगत मान्यता, नैसर्गिक प्रेम, राष्ट्रप्रेमजस्ता विषयबस्तुलाई कथामा स्थान दिएर सफल कथाको निर्माण गर्नु उनको रुचिक्षेत्रगत प्रवृत्ति हो ।

### ४.२.१.२ रीतिक्षेत्र

कथाकार इन्द्रमणि 'मानव' का कथामा समाजमा देखा पर्ने घटनाहरूलाई टिप्ने कार्य भएको छ । सामाजिक यथार्थताको धरातलमा लेखिएका उनका कथाहरूले आदर्शका पाठहरूलाई पनि अभिधामूलक होस् वा लक्षणामूलक जुन रूपमा भए पनि समाजमा रहेको व्यक्तिहरूले भोग्ने

भोगाइलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरेका छन् । उनले आफ्ना कथामा सामाजिक यथार्थ प्रस्तुत गरेका छन् तर सामाजिक यथार्थलाई नाङ्गो हुन दिएका छैनन् बरु आदर्शको आवरण दिई नवीन मूल्य र मान्यता प्रदान गरेका छन् । यस अर्थमा उनको रुचिक्षेत्रगत प्रवृत्ति मुख्य रूपमा आदर्शोन्मुख सामाजिक यथार्थवादी रहेको छ ।

कथाकार 'मानव' को रीतिक्षेत्रगत मुख्य प्रवृत्ति आदर्शोन्मुख सामाजिक यथार्थवाद भए पनि उनले सामाजिक यथार्थवादको राम्रो प्रस्तुति 'मनोवेग' कथामा गरेका छन् । ग्रामीण समाजमा घटित झिनो घटनालाई दलवीर लाहुरे, काली, लाली र सन्तवीरजस्ता पात्रहरूको यथार्थ मानसिकताको चिरफार गरेर मनोयथार्थपरक ढङ्गले उनले प्रस्तुत गरेका छन् । त्यस्तै 'रहस्यको खोजी' कथामा रागिनी एउटा युवकलाई चाहेर अर्को युवकसँग मण्डपमा बस्दा बिद्रोह नगरी रोएर भए पनि कसैलाई नभनी वैवाहिक बन्धनमा बाँधिएकी छे भने यता 'संस्कार' कथामा वेश्यावृत्तिमा संलग्न रहेकी युवतीको यथार्थ चरित्रलाई प्रस्तुत गरिएको छ । त्यसरी नै सामाजिक विकृति र विङ्गगति, नातावाद र कृपावादको विरोध, पीडित महिलाहरूको स्वर, निम्नवर्गीय वाध्यता र विवशतासहितका वर्गीय द्वन्द्व आदिलाई पनि कथामा प्रवेश गराएर प्रगतिशील सुधारात्मक सोचलाई पनि उनका कथामा भित्र्याइएको पाइन्छ । उनको 'अभिशप्त जीवन', 'माछापुच्छ्रेको छायाँमुनि' आदि काथामा यस्तै झल्को पाइन्छ । 'अभिशप्त जीवन' कथामा रागिनीको आर्थिक विषम परिस्थितिको संगसंगै विधवा भए पनि सामाजिक मूल्य र मान्यताका विरुद्धमा देवराजसंग वैवाहिक सम्बन्धमा बाँधिएको घटनालाई प्रस्तुत गरिएको छ । 'माछापुच्छ्रेको छायाँमुनि' कथामा पनि सामाजिक मान्यता र रूढिगत परम्पराको जालोबाट उम्कन नसकेकी रामसिंहकी आमाले विधवा लक्ष्मीलाई स्वीकार नगर्ने रामसिंहलाई थाह हुँदाहुँदै पनि सामाजिक मर्यादाविपरीत लक्ष्मीलाई स्वीकार गरेको कथानकलाई समावेश गरेर प्रगतिशील सोचलाई निम्तो दिइएको छ ।

उनका 'संस्कार', 'भय', 'उद्वेग', 'घडी बाजे', 'एक साँझ', सामाजिक यथार्थवादी रीतिक्षेत्रमा बाँधिएका छन् भने 'दुई अबोध', 'छोरीछोरी', 'परदेशी' आदि कथा यथार्थवादी र 'दुःखका ताँती', 'विश्वासघात', 'दृगभ्रम', 'प्रेमको पीडा', 'घामछाँया', 'त्याग कि' आदि कथा आदर्शोन्मुख यथार्थवादी रीतिक्षेत्रमा बाँधिएका छन् ।

यसरी मानवले आफ्ना कथामा सामाजिक कुप्रथा, रूढी तथा अन्धविश्वासको विरोध गर्दै समाजलाई आदर्शको बाटोतर्फ डोऱ्याउने काम प्रायजसो कथाहरूमा गरेका हुनाले आदर्शोन्मुख सामाजिक यथार्थवाद उनको मुख्य रीतिक्षेत्रगत प्रवृत्ति हो । त्यस्तै आदर्शविहीन सामाजिक यथार्थ र विद्रोहात्मक स्वरूपले पनि उनका कथामा स्थान पाएका हुनाले उनको रीतिक्षेत्रगत प्रवृत्तिको घेरामा प्रगतिशीलतालाई पनि समेट्न सकिन्छ ।

### **४.२.१.३ सारवस्तु**

कुनै पनि कथाकारले कथामार्फत् दिन खोजेको सन्देश नै त्यस कथाको सारवस्तु हो ।[५७] कथाकार इन्द्रमणि 'मानव' का कथाहरूमा सारवस्तुलाई स्थानीय स्तरमा घट्न सक्ने घटनाहरूको तालमेलसहित काल्पनिक कथानक र पात्रहरूको समायोजनद्वारा कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । समाजमा देखा पर्ने गरिबी, असमानता, वर्गीय विभेद, धार्मिक मूल्यमान्यता, रूढिवादी परम्परा, अत्याचार, सामाजिक, धार्मिक र साँस्कृतिक विकृति-विसङ्गति र विद्रोहको स्वर आदिलाई कतै नाटकीय शैलीमा त कतै वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । 'अभिशप्त जीवन' कथाका अनुसार नारी-समस्या समाधान गर्न एक आदर्श पुरुष हुनुपर्दछ । 'संस्कार' कथामा मानिस प्रत्येक क्रियाकलापका लागि संस्कारगत स्वभावले विवश हुन्छ र गलत संस्कारमा रहेका व्यक्तिहरू सङ्गतयोग्य हुँदैनन् भनिएको छ । 'भय' कथामा अमानवीय

[५७] दयाराम श्रेष्ठ, (सम्पा.) नेपाली कथा भाग ४, काठमाडौंः साझा प्रकाशन, २०५७, पृ. १२ ।

व्यवहार र मानव अधिकारका लागि सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । 'शिकारी' कथामा मूर्ख व्यक्तिलाई पनि असल र उपयुक्त शिक्षा प्रदान गर्न सकेमा आर्दश व्यक्ति बन्न सक्दछ भन्ने सन्देश पाइन्छ । 'दुःखको ताँती' कथामा सांसारिक जीवनमा दुःख अनेक हुन्छन्, दुःखमा साथ दिएर असल व्यक्तिको परिचय दिन सक्नुपर्दछ भन्ने भावना प्रकट भएको छ । 'उद्वेग' कथामा सुखमय जीवनयापन गर्न पतिपत्नीले सुख-सुविधासाथै यौन सुखलाई पनि ध्यान दिनुपर्दछ  भनिएको छ ।, 'विश्वासघात' कथामा असामाजिक र अमानवीय कार्य गर्ने व्यक्ति दण्डको भागीदार हुनुपर्ने हुनाले सधैँ असल बाटोको पहिचान गरी सत्मार्गमा हिँडन मार्गदर्शन गरिएको छ । 'दृग्भ्रम' कथामा अपराधबोधले मानिसलाई अपराधरहित स्वच्छ समाज निर्माणतर्फ लाग्न प्रेरित गरेको छ । 'प्रेमको पीडा' कथामा जीवनमा प्रेमको महत्त्व अधिक रहन्छ  र सच्चा प्रेमको सबैले सराहना गर्दै समाजमा उचित स्थान दिनुपर्दछ भन्ने कुरा झल्काइएको छ । 'घामछायाँ' कथाका माध्यमबाट कथाकारले जीवन एक घामछायाँ हो, त्यसैले मानिस सुखमा मात्तिने र दुःखमा आत्तिने गर्नुहुँदैन भनेका छन् । 'घडी बाजे' कथामा सामाजिक विकृति र विसङ्गतिलाई त्याग्दै सबै पेसा गर्ने व्यक्तिलाई सम्मानका दृष्टिले हेर्नुपर्ने आग्रह पाइन्छ । 'दुई अबोध' कथामा वर्गीय विभेदको अन्त्य गर्ने निम्नवर्गलाई आपसी द्वेष त्यागी एकजुट हुन आह्वान गरिएको छ । 'रहस्यको खोजी' कथामा प्रत्येक नेपालीमा राष्ट्रिय भावना जागृत गर्नुपर्दछ र विसङ्गतिपूर्ण जीवन त्यागी स्वच्छ र समाज निर्माणको निम्ति युवावर्ग क्रियाशील हुनुपर्दछ भन्ने विचार प्रवाहित छ । 'मनोवेग' कथामा सत्यतथ्य नबुझी, निर्णय लिँदा जीवन नै दुर्घटित हुन सक्ने वास्तविकतातिर ध्यानकर्षण गर्दै शङ्काका आधारमा निर्णय गर्नुहुँदैन भन्ने सन्देश दिइएकोछ । 'माछापुच्छ्रेको छायाँमुनि' कथामा विधवा नारीले पनि पनि समाजमा स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्दछ र समाजले यस्ता नारीहरूको स्थान सुरक्षित राख्दै सम्मान गर्नुपर्दछ भन्ने कुरा पाइन्छ । 'फेरि उही' कथाका

अनुसार राष्ट्रले दक्ष व्यक्तिलाई उचित स्थान दिनुपर्दछ र राष्ट्रिय नीति नियमको तर्जुमा गरी चाकरीप्रथा, नातावाद र कृपावादलाई हतोत्साहित गर्नुपर्दछ । 'त्याग कि' कथामा नारीको त्यागले नै असल समाजको निर्माण हुनसक्ने कुरा स्पष्ट पारिएको छ । 'परदेशी' कथामा रोजीरोटी खोज्नाका निम्ति विदेसिन वाध्य नेपालीहरूको कारुणिक चित्र प्रस्तुत गरिएको छ । 'छोरीछोरी' कथामा समाजमा फैलिएको परिवार नियोजनप्रतिको गलत धारणा हटाउनु पर्दछ र सुखी परिवारको निम्ति परिवार नियोजन गर्नुपर्दछ भन्ने विचार व्यक्त भएको छ ।

यसरी विविध पक्षहरूलाई समेट्दै उनका कतिपय कथाहरूमा कथाकार आफैले वर्णन गरेर र कतिपय कथामा पात्रका माध्यमले नाटकीय संवाद प्रस्तुत गरेर सारवस्तुलाई पाठकसमक्ष पुऱ्याएका छन् । अतः सामाजिक विषयवस्तुका केन्द्रीयतामा रहेर पाठकलाई प्रदान गर्न खोजिएको कुरालाई प्रसङ्गविषयक रूपमा सहज ढङ्गले अभिव्यक्ति गर्नु नै कथाकार 'मानव' को सारवस्तुगत प्रवृत्ति हो ।

**४.२.१.४ अर्थसापेक्ष**

अर्थसापेक्ष भन्नाले अर्थको तह भन्ने बुझिन्छ । कथाकारले आफ्नो कथाको सारवस्तुलाई पाठकसमक्ष तीन तरिकाले पुऱ्याउने गर्दछ । ती तरिका हुन्- अभिधामूलक, लक्षणामूलक र प्रतीकात्मक । धेरै जसो कथाकारले अभिधामूलक अर्थको तहलाई प्रभावकारी ढङ्गले अपनाउने गर्दछन् । कथाकार इन्दमणि 'मानव' ले आफ्ना कथाहरूमा अभिधामूलक र लक्षणामूलक अर्थसापेक्षको प्रयोग गरी कथालाई सरल र स्पष्ट रूपमा पाठकसमक्ष प्रस्तुत गरेका छन् । उनको 'अभिशप्त जीवन' कथामा गरिबीको कारणले लोग्ने विदेश गएको हुनाले मङ्गलीको जीवन नै अभिशप्त बन्न पुगेको कुरा पात्रका माध्यमबाट शशीलाई बताइएको पत्रमा उल्लेखित घटनाहरू पस्तुत गरेर

उपमा र प्रतीकहरूको प्रयोगविना सरल रूपमा प्रस्तुत गरिएको छ । जटिल बिम्ब र प्रतीकहरूको प्रयोगरहित साधारण पाठकदेखि उच्च बौद्धिक स्तरसम्मका पाठकलाई समेत सम्प्रेषणयोग्य यो कथा अभिधामूलक अर्थसापेक्ष रहेको स्पष्ट देखिन्छ । 'दृग्भ्रम' कथामा अभिधा अर्थलाई खोज्दा प्रथमपुरुष 'म' पात्रले अपराधबोधले गर्दा टाढा नगएको अड्कल गर्न सकिए पनि लक्ष्यार्थ प्रबल रूपमा देखा परी सांसारिक मोहमायालाई मानिसले त्याग्न नसक्नेतर्फ सङ्केत गरिएको छ । त्यसैले यस कथामा सङ्केतिक रूपमा लक्षणामूलक अर्थसापेक्ष सिर्जना हुन आएको छ । उनका अन्य कथाहरूलाई नियाल्दा अभिधा र लक्षणामूलक अर्थसापेक्षमा प्रस्तुत गर्न सकिन्छ । अभिधामूलक अर्थसापेक्ष उनका कथाहरूमा 'अभिशप्त जीवन', 'भय', 'दुःखको ताँती', 'विश्वासघात', 'प्रेमको पीडा', 'रहस्यको खोजी', 'मनोवेग', 'फेरि उही', 'छोरीछोरी', 'संस्कार', 'शिकारी', 'उद्वेग', 'घामछायाँ', 'एकसाँझ', 'माछापुच्छ्रेको छायाँमुनि', 'त्याग की' आदि रहेका छन् भने 'घडीबाजे', 'दृग्भ्रम', 'दुई अबोध', 'परदेशी', आदि कथाहरू लक्षणामूलक अर्थसापेक्षअन्तर्गत पर्दछन् ।

इन्द्रमणि 'मानव' ले आफ्ना कथामा लक्षणामूलक अर्थसापेक्षको प्रयोग गरे पनि सरल भाषाशैलीको चयन गरेर सम्प्रेषणमा सहजता प्रदान गरेका छन् । उनले जटिलता विना नै कथा प्रस्तुत गरेका छन् जसले गर्दा कथा सम्प्रेषण योग्य बनेको छ । यसर्थ बौद्धिक पाठकहरूको अपेक्षा नराखिएका उनका कथाहरूको अर्थसापेक्षगत प्रवृत्ति मुख्य रूपमा अभिधामूलक र सहायक रूपमा लक्षणामूलक रहेको पाइन्छ ।

### ४.२.१.५ दृष्टिबिन्दु

कथावस्तुलाई पाठकवर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका दृष्टिविन्दुले खेल्दछ । यो कथाको प्रस्तुतिकरणसँग सम्बन्धित एक महत्त्वपूर्ण घटक हो । दृष्टिविन्दु मुख्यतः दुई प्रकारका हुन्छन् आन्तरिक र बाह्य

आन्तरिक दृष्टिबिन्दु केन्द्रीय र परिधीय हुन्छ भने बाहय् दृष्टिबिन्दु सर्वदर्शी, सीमित र वस्तुपरक हुन्छन् । 'छोरीछोरी' कथामा छोरी जन्मने आशामा तीनओटा छोरा जन्माइसकेको सुब्बाबाजेको परिवारमा रहेर सम्बन्धित पात्रहरूलाई पनि कथामा स्थान दिइएको छ । कथामा सुब्बाबाजे, सुनकोशी, सरदार, आदिको क्रियाकलापका साथै बालबालिकाका क्रियाकलापलाई पनि संवादात्मक रूप प्रदान गरे पनि कथामा व्याख्याता कथाकार भने कथाभन्दा बाहिरै सीमित रहेका छन् । कथामा घटित घटनालाई सुब्बाबाजे, माइलो, जेठो खरदार, रत्ना खरेल, भगवान मानन्धर, संसारमान श्रेष्ठ आदिका माध्यमले पूर्णता प्रदान गरिएको यस कथामा सर्वदर्शी तृतीयपुरुष दृष्टिविन्दु रहेको छ । यसै गरी उनका कथाहरूमा सीमित तृतीयपुरुष दृष्टिबिन्दुअन्तर्गत 'अभिशप्त जीवन', 'फेरि उही', 'शिकारी', 'परदेशी', र 'दुई अबोध', पर्दछन् भने सर्वदर्शी तृतीय पुरुषअन्तर्गत 'भय', 'दुःखको ताँती', 'रहस्य' को खोजी', 'छोरीछोरी', 'उद्वेग', आदि कथाहरू पर्दछन् । परिधीय प्रथम पुरुषअन्तर्गतका कथाहरू 'प्रेमको पीडा', 'रहस्यको खोजी', 'संस्कार', 'एक साँझ', 'माछापुच्छ्रेका छायाँमुनि', र 'त्याग कि' आदि पर्दछन् र केन्द्रीय प्रथमपुरुषअन्तर्गतका कथाहरूमा 'मनोवेग', 'दृग्भ्रम', र 'घामछायाँ' आदि पर्दछन् ।

यसरी इन्द्रमणि 'मानव' का कथाहरूमा प्रथमपुरुष केन्द्रीय र परिधीय दृष्टिविन्दुका साथै तृतीयपुरुष सीमित र सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कथामा पात्रगत क्रियाकलाप तथा मानसिक तहको समेत प्रस्तुतीकरण गर्ने कथाकार मानवले कथामा प्रथमपुरुष र तृतीयपुरुष दुवै दृष्टिविन्दु प्रयोग गर्ने हुनाले उनको दृष्टिविन्दुगत प्रवृत्ति प्रथम पुरुष र तृतीय पुरुष दुवै दृष्टिबिन्दु प्रयोग गर्नु रहेको छ ।

### ४.२.१.६ कथानक-ढाँचा

कथाकार इन्द्रमणि 'मानव' का कथाहरूलाई हेर्दा उनका २० ओटा कथाहरूमध्ये 'अभिशप्त जीवन', 'मनोवेग', 'दृग्भ्रम', 'त्याग कि...', 'परदेशी' ५ वटा कथा वृत्ताकारीय कथानक ढाँचामा संरचित छन् भने बाँकी १५ ओटा कथाहरू रैखिक ढाँचामा रहेका छन् । 'दृग्भ्रम' कथामा 'म' पात्र जङ्गलको बाटो हिँडदै गएकोदेखि घटनाक्रमको मध्यभागलाई कथाको अग्रस्थानमा राखिएको छ । 'मनोवेग' कथामा दलवीर, लाली, काली र सन्तवीरको मनोदशालाई विशृङ्खलित रूपमा प्रस्तुत गरिएको छ । 'त्याग कि...' कथामा घटनाक्रमको अन्त्यखण्डलाई कथाको अग्रस्थानमा प्रस्तुत गरिएको छ । 'परदेशी' कथामा पनि घटनाक्रमको अन्त्यखण्डलाई कथाको अग्रभागमा प्रस्तुत गरिएको छ भने 'अभिशप्त जीवन' कथामा कथालाई मध्य, आदि, मध्य र अन्त्यको बनावटमा कथानक बगेका हुँदा कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ । यसैगरी अरु १५ ओटा कथाहरूमा कथानकको विकास, आदि, मध्य र अन्त्यको क्रमिकतामा भएको छ । उनका यी कथाहरूमा आदिभागमा कथाको प्रारम्भ हुन्छ, मध्यभागमा कथानकले उत्कर्ष प्राप्त गर्दछ र अन्त्य भागमा कथानक निष्कर्षसहित समाप्त हुन्छ ।

प्रारम्भ, उत्कर्ष र समाप्तिको रैखिक संरचनामा 'मानव' का अधिकांश कथाहरू संरचित रहेका छन् भने पाँचवटा कथामा मात्र कथानकको विकास, सरल नभई जटिल किसिमबाट अगाडि बढेको छ । अतः उनको कथानक ढाँचागत मूल प्रवृत्तिका रूपमा रैखिक ढाँचा रहेको छ । साथै उनको आंशिक प्रवृत्तिका रुपमा वृत्ताकारीय ढाँचा अँगाल्नुलाई पनि उल्लेख गर्न सकिन्छ ।

### ४.२.१.७ रूपविन्यास

कथावस्तुलाई एक निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै 'रूपविन्यास हो । रूपविन्यास

वैयक्तिक हुने हुनाले यसमा संवृत र विवृत दुई स्थितिहरू हुन्छन् । संवृतमा कथाकार सरल अभिव्यक्तितर्फ उन्मुख हुन्छ र उसले आफ्नो कथामा संरचनाका पछि रूपविन्यास लगाइदिएको हुन्छ तर विवृतमा कथाकार; बारम्बार विशिष्ट प्रकारको अभिव्यक्तितर्फ उन्मुख हुन्छ ।[५८] कथाकार इन्द्रमणि 'मानव' का सबै कथाहरूमा संवृत रूपविन्यासको निर्माण हुन आएको छ । कथाकारले सामाजिक, आर्थिक र राष्ट्रिय विषयवस्तुलाई मनोवैज्ञानिक र यथार्थ ढङ्गबाट प्रस्तुत गर्न ग्रामीण र सहरिया दुवै परिवेशलाई कथामा झल्काएका छन् । केही ठेट नेपाली झर्रा शब्दहरूको प्रयोग भेटिने उनका कथाहरूमा हुहुहुहु, पुलुक्क, टकटक, पल्यार्कपुर्लक, खङ्लङ्ग झम्वाम्म, झ्यामझ्याम, फसफस्ती, ट्वाक्क, झल्यास्स आदि जस्ता अनुकरणात्मक शब्दहरूको प्रचुर प्रयोगले भाषिक स्वाभाकिता सिर्जना गरेका छ । उनले आफ्नो कथाहरूमा उपयूक्त ठाउँमा अलङ्कार र उखान- टुक्काहरूको प्रयोग गरेका छन् । खीया लागेझैँ, तितेपाती जस्तै तीतो, निद्राबाट बिउझिएझैँ आदि जस्ता उपमा र माया लाग्नु, फेला पार्नु, हरेस खानु, एक्सरे गर्नु, मगज खुस्कनु, मन उफ्रनु, मुखमा बुझो लाग्नु, भूत सवार हुनु आदिजस्ता टुक्काहरूको अधिक प्रयोग उनले गरेका छन् । उनले स्थानीय बोली, अङ्ग्रेजी शब्दहरू, तत्सम शब्दहरूका साथैं वाक्यहरू पनि प्रयोग गरेका छन् । ज्वाइन, मेस, फाइनल, सिनियर, तुम्हारे, बाबुलोग, बिलकुल आदि त्यस्तै प्रयोगका शब्दहरू हुन् । वाक्यतिर दृष्टि लगाउँदा पनि यस्तो स्थिति  देखिन्छ ।

"जो कुछ भी हुँ आखिर बी. ए. फाइनलका तीन वर्षीय फेल छात्र तो हुँ । विद्या और अनुभव दोनो की कमी नही हैं । कमी था विवेकका सो आज मिला, धन्यवाद नेपाली बाबु ।"

'दौंतरी' (बनारस हिन्दू विश्वविद्यालय एक साँझ) पृ. ६८ ।

---

[५८] मोहनराज शर्मा, शैली विज्ञान (काठमाडौं: नेपाल राजकीय प्रज्ञा: प्रतिष्ठान २०४८, पृ. १२०)

इन्द्रमणि मानवले छोटाछोटा सरल वाक्यहरूको अधिक प्रयोगको साथसाथै संयुक्त र मिश्र वाक्य पनि प्रयोग गरेका छन् ।

"काले",

"हजूर",

"कहिले आइस्, हँ ?"

"आउँदै छु हजूर, "

'दौंतरी' (भयः पृ. १०५)

"के गर्नु, कति कुरा यस्तै हुन्छ जो आफूसित सम्बन्ध रहेका बुझिन्छ, तर सम्बन्धअर्कै सित रहेको हुन्छ । 'दौंतरी' (संस्कार, पृ. ८७)

इन्द्रमणि 'मानव' का केही कथाहरूमा कविताको पनि प्रयोग गरिएको पाइन्छ ।

विरह बोकेर बादल,

बिजुलीको बाटो हावामा जाऊ,

ए, निर्दय, वसन्त यसै बीत्ला

ज्वाला वियोगको छिटो निभांउ ।

(दौंतरी, प्रेमको पीडा, पृ. १०९)

उनी प्रायः कथाहरूलाई लघु आयाम प्रदान गर्दछन् । बौद्धिक पाठकहरूले मात्र नभएर सामान्य पाठकहरूले पनि सजिलै बुझ्न सकिने उनका कथाहरू सरलताका दृष्टिले उच्च छन् ।

**४.२.१.८ निष्कर्ष**

यसरी इन्द्रमणि 'मानव' ले नेपाली साहित्यको कथायात्रामा वि. सं. २००२ को 'नर्स' कथादेखि लिएर वि.सं. २०५६ को 'दुई सन्न्यासी' कथाहरूसम्म आइपुग्दा धेरै आरोह-अवरोहहरू खेप्नुपऱ्यो जसलाई उनले आफ्नो कथाहरूमा जीवन्त उतारेका छन् । कथाको प्रथम प्रकाशनसँगै सामाजिक

यथार्थवादी प्रवृत्तिलाई भित्र्याउँदै कथायात्राको अन्तिम अवस्थासम्म आइपुग्दा उनले कथामा देशभक्ति, नारीसमस्या, निम्नवर्गको दयनीय अवस्था, मानसिक उथलपुथल, रूढिग्रस्त मान्यता आदिलाई समावेश गरेका छन् । यी नै उनका कथागत विशेषता हुन् । उनलाई साहित्यमा केन्द्रीय स्तरसम्म पहिचान गराउने सफल विधा भनेकै उनको कथाविधा हो ।

यसरी नेपाली साहित्यको फाँटमा कथाविधामा कलम चलाउने मानवले बाँके जिल्लाको शून्य अवस्थामा रहेको साहीत्यिक वातावरणलाई मलजल प्रदान गरी हुर्काउने कार्यमा कथासिर्जनाद्वारा आफ्नै प्रकारको योगदान दिए । उनको देनलाई मूल्याङ्कन गर्दा उनी नेपाली कथा-साहित्यमा बिर्सन नमिल्ने प्रतिभा हुन् ।

कथाकार इन्द्रमणि 'मानव' का कथाहरूका सारसंक्षेप यस प्रकार छ :-

**इन्द्रमणि 'मानव' का कथाहरूको सारसंक्षेप**

| क्र.स | कथा | रुचिक्षेत्र | रीतिक्षेत्र | अर्थसापेक्ष | दृष्टिबिन्दु | कथानकढाँचा |
|---|---|---|---|---|---|---|
| १ | अभिसप्त (२०२३) | सामाजिक | यथार्थवादी | अभिधामूलक | तृतीय पुरुष दृष्टिविन्दु | वृत्ताकारीय |
| २ | संस्कार (०२४) | सामाजिक | यथार्थवादी | अभिधामूलक | आन्तरिक परिधीय प्रथमपुरुष | रैखिक |
| ३ | भय (२००६) | सामाजिक | यथार्थवादी | अभिधामूलक | सर्वदर्शी तृतिय पुरुष | रैखिक |
| ४ | शिकारी (२०२४) | आध्यात्मिक /जीवनमूलक | आदर्शवादी | अभिधामूलक | सीमित तृतीयपरुष | रैखिक |
| ५ | दु:खका ताँती (२०२४) | सामाजिक | आदर्शोन्मुख सामाजिक | अभिधामूलक | सर्वदर्शी तृतीय पुरुष | रैखिक |
| ६ | उद्वेग (२०२४) | मनोवैज्ञानिक | सामाजिक यथार्थवादी | लक्षणामूलक | प्रथमपुरुष | वृत्ताकारीय |
| ७ | विश्वासघात (२०२४) | सामाजिक | आदर्शोन्मुख सामाजिक यथार्थवादी | अभिधामूलक | परिधीय प्रथमपुरुष | रैखिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | दृग्भ्रम (२०२४) | सामाजिक | आदर्शोन्मुख | अभिधामूलक | प्रथमपुरुष दृष्टिविन्दु | रैखिक |
| ९ | प्रेमको पीडा (२०२४) | सामाजिक | आदर्शोन्मुख सामाजिक यथार्थवादी | अभिधामूलक | प्रथमपुरुष | रैखिक |
| १ | घामछायाँ | सामाजिक | आदर्शोन्मुख सामाजिक यथार्थवादी | अभिधामूलक | तृतीय पुरुष | रैखिक |
| २ | घडीबाजे (२०६१) | सामाजिक हाँस्यव्यङ्य | सामाजिक यथार्थवादी | लक्षणामूलक | तृतीय पुरुष दृष्टिविन्दु | रैखिक |
| ३ | 'दुई अबोध' | सामाजिक | यथार्थवादी | लक्षणामूलक | प्रथमपुरुष | रैखिक |
| ४ | रहस्यको खोजी | सामाजिक | सामाजिक यथार्थवादी | अभिधामूलक | प्रथमपुरुष दृष्टिविन्दु | रैखिक |
| ५ | एक साँझ | सामाजिक | सामाजिक यथार्थवादी | अभिधामूलक | प्रथमपुरुष | रैखिक |
| ६ | मनोवेग | मनोवैज्ञानिक | यथार्थवादी | अभिधामूलक | प्रथम पुरुष दृष्टिविन्दु | वृत्ताकारीय |
| ७ | माछापुच्छेको छायाँमुनि (२०३१) | सामाजिक | आदर्शोन्मुख सामाजिक यथार्थवादी | अभिधामूलक | प्रथमपुरुष | रैखिक |
| ८ | फेरि उही (२०३३) | मनोविज्ञान | यथार्थवादी | अभिधामूलक | तृतीय पुरुष दृष्टिविन्दु | रैखिक |
| ९ | त्याग कि... | सामाजिक | आदर्शोन्मुख यथार्थवादी | अभिधामूलक | प्रथम पुरुष | वृत्ताकारीय |
| १० | छोरीछोरी (२०५६) | सामाजिक | यथार्थवादी | अभिधामूलक | तृतीय पुरुष दृष्टिविन्दु | रैखिक |
| ११ | परदेशी | सामाजिक | यथार्थवादी | लक्षणामूलक | तृतीय पुरुष | वृत्ताकारीय |

### ४.२.२ इन्द्रमणि 'मानव' को कविताहरूको अध्ययन

वि. सं. २००२ देखि कविता-लेखनमा कलम चलाउन थालेका इन्द्रमणि 'मानव' एक सामाजिक याथार्थवादी फाँटका उल्लेखनीय कवि हुन् । उनले विशेषतः प्रगीतात्मक र आख्यानात्मक संरचना भएका कविताको सिर्जना गरेका छन् । उनी अन्य विधाभन्दा कवितामा सफल देखिन्छन्  तापनि हालसम्म

उनको कुनै छुट्टै कवितासङग्रह भने प्रकाशित हुन सकेको छैन । भेरी साहित्य समाजले उनका थुप्रै कविता, कथा, निबन्ध, नाटक, जीवनी आदिलाई समेटेर "दौंतरी इन्द्रमणि मानव विशेषाङ्क" २०६१ मङ्सिरमा प्रकाशित गरेको छ । यस विशेषाङ्कमा उनका कविता मात्रै ३५ ओटा प्रकाशित छन् । उनका अन्य पत्रपत्रिकामा छरिएर रहेका १० ओटाभन्दा बढी कविताहरू प्रकाशित छन् ।

उनका कविताहरूलाई शीर्षक र संरचना, विषयवस्तु, भावविधान, लयविधान, छन्दविधान, बिम्ब र प्रतीक, अलङ्कारविधान र भाषाशैली जस्ता शीर्षकमा विभाजन गरी तल सङ्क्षिप्त चर्चा गरिएको छ ।

### ४.२.२.१ शीर्षक र संरचना

काव्यको महत्त्वपूर्ण अङ्गका रूपमा शीर्षकलाई लिन सकिन्छ । शीर्षकले काव्यको सार वा चुरो पहिल्याउँछ । शीर्षक अभिधात्मक, लक्षणात्मक र व्यञ्जनात्मक विभिन्न किसिमका हुन सक्दछन् । शीर्षक कविता कृतिको नामकरण मात्र नभएर कृतिका सारभूत भावविचारको सूचकसमेत हो। शीर्षकले केन्द्रीय भावलाई पहिल्याउने हुँदा शीर्षक नै काव्यको आधारभूत तत्त्व हो ।

उनका कवितामा शीर्षक र कथ्यका बीच अन्तः सङ्गति पाइन्छ ।उनका कविताका शीर्षक र कथ्यका बीच अन्तः सङ्गति पाइने हुनाले उनलाई अन्तः सङ्गति व्यवस्थाका सफल कविका रूपमा लिन सकिन्छ । 'निराकारभगवान' (दौंतरी, पृ. ५) कविताले भगवान्लाई विभिन्न नामले पुकारे पनि कुनै एउटा आकार नै हुँदैन भन्ने संकेत गर्छ । 'जीवनपथमा' (दौंतरी, पृ. ११) शीर्षकको कवितामा जीवनभोगाईका विभिन्न बाटाहरू झल्काइएको छ । 'प्रतीक्षा (दौंतरी, पृ.१३) मा एउटी प्रेमिकाले प्रियतमको प्रतीक्षा गरेकीले शीर्षक सार्थक मानिएको छ । उनका सबै कविताहरूमा प्रतीकात्मकता झल्केका हुनाले शीर्षक सार्थक देखिन्छ ।

संरचना भन्नाले एउटा साहित्यिक कृतिको बनोट भन्ने बुझिन्छ । प्रत्येक कृतिको आफ्नो संरचना हुन्छ र यस विना कृति निर्माण हुन सक्दैन । इन्द्रमणि 'मानव' का कविताहरूलाई संरचनागत रूपमा हेर्दा पद्यखण्डका सबभन्दा छोटा कविताहरू क्रमशः 'आह्वान', बालिका-वन्दना र 'राष्ट्रिय वन्दना', १३, १३ र १४ वटा चतुष्पदी श्लोकहरू भएका हुन् भने सबभन्दा लामो कविता ३६ वटा ६/६ श्लोकहरू भएको 'सरिता सन्देश' हो । उनका कविताहरूमा पद्यतर्फ प्रायः द्विपदी, चतुष्पदी र षष्टीपदी श्लोकहरू पाइन्छन् । गद्यखण्डका कविताहरूमा 'कोटी कामना' र 'समय' ११ र १२ हरफ भएका सबभन्दा छोटा र १४१ हरफ भएको 'नौलो कोलाहल- दुई सबभन्दा लामो कविता हो । मानवका गद्य कविताका पङ्क्तिहरू दुई शब्ददेखि छ शब्दसम्मका रहेका छन् । इन्द्रमणि 'मानव' का कविताहरूको संरचनागत विवरण तल दिइएको छ-

**इन्द्रमणि 'मानव' का प्राप्त र अप्राप्त कविताहरूको संरचनागत विवरण**

| क. स. | शीर्षक | गद्य/पद्य | पङ्क्ति सङ्ख्या | पृ. संख्या |
|---|---|---|---|---|
| १ | झण्डोत्तोलन | गद्य | 25 | 1 |
| २ | जागरण | पद्य | 22 | 1 |
| ३ | झरनाको प्रलाप | पद्य | 17 | 1 |
| ४ | बालिका वन्दना | पद्य | 13 | 1 |
| ५ | निराकर भगवान | गद्य | 22 | 1 |
| ६ | दीपको दान | गद्य | 16 | 1 |
| ७ | नव सञ्चार | पद्य | 19 | 1 |
| ८ | आह्वान | पद्य | 13 | 1 |
| ९ | सरितासन्देश | पद्य | 27 | 2 |
| १० | जीवनपथमा | गद्य | 57 | 2 |
| ११ | प्रतीक्षा | पद्य | 18 | 1 |

| | | | | |
|---|---|---|---|---|
| १२ | वसन्त बस् | गद्य | 18 | 1 |
| १३ | प्रार्थना | गद्य | 25 | 1 |
| १४ | शान्ति क्षेत्र नेपाल | गद्य | 18 | 1 |
| १५ | बिर्सिजा | गद्य | 21 | 1 |
| १६ | शतायु राजन् | पद्य | 20 | 1 |
| १७ | आदम र हौवा.... | गद्य | 24 | 1 |
| १८ | नौलो कोलाहल-एक | पद्य | 28 | 1 |
| १९ | यस युगमा | गद्य | 20 | 1 |
| २० | महान् प्रदर्शनी | गद्य | 32 | 1 |
| २१ | आह्वान गर्दी राय | गद्य | 40 | 1 |
| २२ | राष्ट्रिय गान | पद्य | 18 | 1 |
| २३ | अभियान | पद्य | 20 | 1 |
| २४ | दुई ढुङगाबीच तरुल फलाउँछु | गद्य | 27 | 1 |
| २५ | मानवताको नौलो सिद्धान्त | गद्य | 47 | 2 |
| २६ | उकुसमुकुस | गद्य | 25 | 1 |
| २७ | मिलनआह्वान | गद्य | 12 | 1 |
| २८ | समय | गद्य | 16 | 1 |
| २९ | ताजमहल रंगमहल बन्छ | गद्य | 115 | 1 |
| ३० | शीर्षकविहीन कविताहरू | गद्य | 141 | 2 |
| ३१ | गोर्खा जिल्ला नेपाल | गद्य | 26 | 5 |
| ३२ | नौलोकोलाहल- दुई | गद्य | 17 | 6 |
| ३३ | सगरमन्थन | गद्य | | 2 |
| ३४ | वेश्या, कति नराम्रा सम्बोधन | गद्य | 11 | 1 |
| ३५ | कोटि कामना | गद्य | 14 | 1 |
| ३६ | राष्ट्रिय वन्दना | गद्य | 14 | |

| | | | | |
|---|---|---|---|---|
| ३७ | बालविनय | गद्य | 18 | |
| ३८ | विश्ववाद | गद्य | 32 | 1 |
| ३९ | शुभ- सन्देश | गद्य | 33 | 1 |
| ४० | पुकार | गद्य | २० | १ |

### ४.२.२.२ **विषयवस्तु**

कविले आफूले देखेभोगेको जीवनजगत्का विभिन्न क्षेत्रहरूबाट विषयवस्तु टिपी त्यसको केन्द्रीयतामा कविता रचना गरेको हुन्छ । जीवनजगत्का समग्र विषयवस्तु कविताका कथ्य हुन सक्छन् । कविताका विभिन्न उपविधामध्ये लघुरुपका कवितामा जीवनजगत् वा मानवीय क्षण विशेष वा एक खास मनोदशाको अभिव्यक्ति गरिएको हुन्छ । इन्द्रमणि 'मानव' रचित कविताहरूभित्र निम्नलिखित विषयवस्तुलाई ग्रहण गरिएको छ ।

**१) आध्यात्मिकता**

इन्द्रमणि 'मानव' को बाल्यावस्था छिटफुट मात्रामा आध्यात्मिक वातावरणमा बितेकाले गर्दा उनका सुरुसुरुका केही कविताहरूमा आध्यात्मिक विषयवस्तुलाई ग्रहण गरिएको पाइन्छ । ईश्वर वा परमात्माप्रति आस्था उनका कवितामा व्यक्त भएको हुन्छ । आध्यात्मिक प्रसङ्गलाई कोट्याइएको भेटिन्छ । उनका फुटकर कवितामा आध्यात्मिकतालाई मूल स्वर बनाएर कविता रचना नगरिए पनि आध्यात्मिक भावहरू भने पोखिएकै छन् -

यो माग्दछौं वरदान हामी, सुन विनती भगवान्
सन्नारीसरी सतेश्वरी, सतीसरि श्रीपार्वती,
(दौंतरी, बालिकावन्दना, पृ-४)

विभिन्न प्रकारले भगवानलाई पुकारेपछि र आफ्नो बिन्ती सुनाएपछि अवश्य पनि भगवान्ले बिन्ती पूरा गर्नुहुन्छ भन्ने कविको विचार छ । दुईदिनको

नाश हुने जीवनमा भगवान्प्रति आस्थावान् बनौँ भन्ने आध्यात्मिक भाव उनले व्यक्त गरेका छन् । त्यस्तै अर्को उदाहरण तल हेरौँ -

दूर दिशान्तर थलमा नभमा

चहारी जम्मै जगत्- हजूरको

'मानव' मूरख पलपल रून्छ

खोजी नपाई रूप हजूरको

(दौंतरी, निराकर भगवान्, पृ. ५)

भगवान्को कुनै आकार हुँदैन ।मान्छे भगवान्लाई विभिन्न नाम र आकार दिएर भक्ति गर्दछ । मान्छेले भगवानको रूप हेन जहाँतही चहार्दै हिँड्छ तर पनि नभेटाई विभिन्न नाम पुकार्दै झगडा गर्दछ भन्दै ईश्वर एउटै छ भन्ने सन्देश कविले दिएका छन् ।

**२) राष्ट्रियता**

कवि मानवले आाफ्ना कवितामा राष्ट्रप्रतिको आस्था र राष्ट्रियहितको भावना अभिव्यक्त गरेको पाइन्छ । सदैव स्वाधीनता कायम राख्दै आएको कर्मवीर नेपालीको स्वच्छ निष्कलङ्क छविलाई सम्पूर्ण कर्मवीर नेपालीहरूले कायम राख्न सक्नुपर्छ भन्ने उनको धारणा छ । कविका अनुसार पितापूर्खाले आर्जेको नेपालमा वीर नेपाली सपूतहरूले एकजुट भएर पसिना र परिश्रमको दानाहरू नेपाली धर्तीमा फलाउन सक्नुपर्छ । विकास निर्माणका कार्यहरू सबैले एकजुट भएर गर्नुपर्ने धारणा  व्यक्त भएका उनका कविताले नवनिर्माणको आवाजलाई शङ्खधोष गरेको पाइन्छ । सम्पूर्ण कर्मवीर नेपालीहरू आफ्नो अधिकारप्रति सचेत रही कर्तव्यपथमा लम्कन सक्नु पर्दछ भन्ने आह्वान उनका कवितामा पाइन्छ :-

दरो शूरो बन, नहार साहस, नहोऊ निरुत्साह,

गर समर्पण जीवन आफ्नो पन्छाउनू भय उत्पात,

काटेर फाल दासत्व बन्धन, गर स्वातन्त्र्य संचार,

तब गर स्वच्छन्द हुंकार ।

(दौंतरी, आह्वान, पृ. ८)

यस कवितामा कविले सबै नेपाली युवाहरूलाई एकजुट भएर विकास निर्माणतर्फ जुट्न आह्वान गर्दै हातमा राष्ट्रिय झण्डा बोकेर दरो, शूरो र साहसी भई आगाडि बढी देशको रक्षा गर्नुपर्दछ भन्ने सन्देश दिएका छन् ।

यस्तै आज प्रत्येक नेपालीले आफूमा विश्वास राखेर देशका बारेमा सोच्नुपर्दछ र प्रत्येक नेपालीले आर्जेको देशलाई पुस्तौं-पुस्तासम्म जोगाउनुपर्दछ भन्ने उनको भनाइ छ । देशको निर्माण र संरक्षकत्वको भाव बोकेको तलको कवितालाई हेरौं-

टिस्टा, काँगडा अभियान

जाऔं गौरवको त्यो गान

बनी धीर वीर बलवान्

राखौं आन् बान र शान

हे, हिमाली सन्तान

(दौंतरी, राष्ट्रियगान, पृ. २०)

यसरी नै उनका 'गोर्खा जिल्ला नेपाल' (दौंतरी, पृ. ३५) 'झण्डोत्तोलन' (दौंतरी, पृ. १) 'अभियान' (दौंतरी, पृ. २५) 'दुई ढुङ्गा बीच तरुल फलाउँछु' ( दौंतरी, पृ.२६) 'शान्ति क्षेत्र नेपाल' (दौंतरी, पृ. १६) जस्ता कवितामा राष्ट्रियता र देशभक्तिका भावहरू नै मूल कथ्यका रूपमा रहेका छन् ।

इन्द्रमणि 'मानव' का कवितामा कतै एकताका लागि आह्वान त कतै विकासनिर्माणका लागि उत्साह भाव पाइन्छ । उनका कवितामा राष्ट्रिय

गरिमागानलाई एकैसाथ गाइएको पनि पाइन्छ भने प्रत्येक नेपालीले नेपालको निष्कलङ्क छविलाई कायम राख्दै नेपालको माटो र ढुङ्गालाई नवर्सिजना दिन सक्नुपर्ने भाव  व्यक्त भएको पनि पाइन्छ । देशभक्तिलाई साध्य बनाई लेखिएका उनका कविताहरूको सङ्ख्या पर्याप्त रहेकाले पनि राष्ट्रियता र देशप्रेम कवि मानवको कवित्वको मूल पक्ष हो भन्न सकिन्छ ।

**३) सामाजिक विसङ्गति**

कविले विविध क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक अभिव्यक्तिका माध्यमले आफ्ना कवितामा प्रस्तुत गरेका छन् । उनले समाजिक विसङ्गति, गतिहीन विकास, कुसंस्कार, चाकरी-तस्करी आदिप्रति व्यङ्ग्यवाण प्रहार गरेका छन् भन्ने कुरा तलका कवितांशबाट थाहा पाइन्छ :

जस्तै : भ्रुण भित्रबाट चिच्चाउँछ

"मलाई नतुहाउ

मलाई नमार"

बिल खोस्रदै भन्छ

मलाई संसार हेर्न देऊ

भुँइ स्पर्श गर्न देउ

(दौंतरी, नौलो कोलाहल, दुई, पृ. ४०)

आज मानिसको गिदी मापाको भएको छ

उति सिर्जना उति संहार गर्ने

अति शक्तिशाली मानिसको गिदी भएको छ

यस मापाको गिदीले

(दौंतरी, मानवको नौलो सिद्धान्त बन्नेछ, पृ.२६ ।

**४) शान्ति र विश्वबन्धुत्त्वको आह्वान**

विश्वमा भइरहेका युद्धहरू शास्त्रास्त्रको होडबाजी र शान्तिको भावनालाई  कवि मानवले कलात्मक ढङ्गले चित्रण गरेका छन् । कवि सशस्त्रीकरणको बदलामा निशस्त्रीकरण, युद्धको बदलामा शान्ति र समानता चाहन्छन् । आज संसारमा व्याप्त रहेको असमानता र दमनका विरुद्धमा कवि मानवले शान्ति, समानता र विश्वबन्धुत्वका भावनालाई यसरी व्यक्त गरेका छन् -

विवश तुल्याइएको मानवतालाई
जिउने मर्ने द्वन्द्वयुद्धमा जुधाई
नटुंगिएको हारजीतको आवाजलाई
अशान्तिको दुर्घो करार दिई
विश्वको समान साझेदारीमा
मत्स्यन्यायको तुला समातेर
मानवतानै निः शेष तुल्याउने हो भने
रगतमा नुहाएको शान्ति ल्याए हुन्छ ।

(दौंतरी, आदम र हौवा निम्त्याए हुन्छ' पृ. १९)

मानवका यस प्रकारका कविताहरूले हामीले हाम्रै इतिहासबाट शान्तिपूर्वक बाँच र बचाऊ भन्ने पाठ सिकी विश्वशान्ति कायम गर्नुपर्ने कुराको आह्वान तथा नेपाल र नेपालीको शान्तिप्रियताको अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

**५) प्रकृतिचित्रण**

कवि इन्द्रमणि 'मानव' का कविताहरूमा प्रकृतिप्रयोगको पक्ष पनि उल्लेख्य रहेको छ । प्रकृतिचित्रणको विशुद्ध उद्देश्य बोकी रचना गरेका उनका कविताहरू धेरै रहेका छन् । 'मानव'का 'प्रतीक्षा' (दौंतरी, पृ. १३), 'बसन्त बस अब अन्त जाइजा' दौंतरी, पृ. १४), आह्वान गर्दी रारा' (दौंतरी, पृ. २३) 'झरनाको प्रलापमा', (दौंतरी, पृ. ३) जस्ता प्रकृतिलाई नै मूल विषय बनाइएका कविताहरू पनि छन् । अन्य कविताहरूमा पनि प्रकृतिलाई कुनै न कुनै रूपले व्यक्त गर्ने प्रयास भएको पाइन्छ । प्रकृतिको तन्मय-मन्मय दुवै चित्रणलाई उनले साधन बनाएका छन् । उनका कवितामा मानव प्रकृतिको तादात्म्यको अभिव्यक्ति भेटिनाका साथै इन्द्रियसंवेग प्रस्तुति पनि पाइन्छ । कविले प्रकृतिलाई ज्ञानको स्रोतका रूपमा, शिक्षादीक्षा र सभ्यताको प्रेरकका रूपमा, मनोभावको उद्दीपकका रूपमा तथा प्रतीकात्मक अभिव्यक्ति र शिल्पका रूपमा समेत प्रयोग र चित्रण गरेका छन् । 'झरनाको प्रलाप' मा कविले एउटै 'झ' अक्षरद्वारा सङ्गीतबद्ध गरेर प्रकृतिचित्रण यसरी गरेका छन् -

झररर झरर झरझर झरझर

निर्झर झझझर हे झरना

(झरनाको प्रलापमा, दौंतरी, पृ. ३)

प्रतीक्षा कवितामा कविले एउटा पक्षीलाई समाचारवाहकका रूपमा प्रेयसीलाई खोज्न पठाएको र आफू प्रतीक्षा गरी बसेको क्षीण कथावस्तु लिई प्रकृतिको चित्रण यसरी गरेका छन् -

बाइपंखी हे पंछी, उँचो सगरमाथि उडेर जाऊ

वायुले प्वाँखमा वेग भर्छ

बादलले कालो घुम्टो देखाउँछ ।

'प्रतीक्षा' (दौंतरी, पृ. १३)

### ६) स्तुतिगान

कवि इन्द्रमणि 'मानव' का केही कविताहरू स्तुतिपरक प्रवृत्तिका पनि छन् । राजामहाराजाहरूको स्तुतिगान गरिएका केही कविताहरू 'शतायू राजन', (दौंतरी, पृ. १८) 'कोटीकामना', (दौंतरी पृ. ४९) आदि छन् । 'शतायू राजन' कवितामा राजा महेन्द्रको स्तुतिगान गरिएको छ । यसको उदाहरण तल हेर्न सकिन्छ ।

जय होस् ! जय होस् ! जय होस् !

महामहीम महेन्द्रको जय होस् ! जय होस् !

'शतायू राजन्' (दौंतरी, पृ. १८)

### ७) अस्तित्वको खोजी

कवि इन्द्रमणि 'मानव' का केही कविताहरू मानव जन्मका साथसाथै मृत्यु पनि बोकेर आउने मान्छेको जीवनका निस्सारता, निरर्थकता, निरूपायता तथा विवशताबाट जीवनको नवीन अर्थ र मूल्यका खोजीतिर अर्थात् अस्तित्वको खोजीतिर लागेका छन् । उनका 'मानवताको नौलो सिद्धान्त बन्नेछ' (दौंतरी, पृ., २७) 'सागरमन्थन' (दौंतरी, पृ. ४६), 'यस युगमा' (दौंतरी, पृ., २१) 'उकुस-मुकुस' (दौतरी, पृ .२९) आदि कविता यसै किसिमका छन् । यसलाई तलको कवितांशले प्रस्ट पार्दछ-

नौलो श्रृष्टिको सिर्जनामा
प्रकाशहीन र प्रकाशयुक्त दोबाटोबाट
एउटै गोरेटो चिन्दै लगेमा
अट्टालिकाको भरेङ्गका खुड्किला कस्तो होला
अनि मर्नुभन्दा जिउनु शायद सजिलो होला
(दौंतरी, यस युगमा, पृ. २१)

### ४.२.२.३ रसभाव

कवि मानवले मानवप्रेमका सन्दर्भमा शृङ्गाररसको शिष्ट प्रयोग गरेका छन् । शृङ्गारिकतालाई देखाउने कविताको मुख्य उद्देश्य नभए पनि सहज स्वतः स्फूर्त रूपमा शृङ्गारको शिष्ट प्रयोग गरी प्रेमको विषयवस्तु अँगालिएका कविताहरू 'ताजमहल रंगमहल बन्छ' (दौंतरी, पृ. ३२) 'मिलन आह्वान ( दौंतरी, पृ. ३०) आदि छन् । श्रृङ्गार रसले पूर्णता पाएका 'ताजमहल रंगमहल बन्छ (दौंतरी,पृ. ३२) कविता प्रेम र समर्पणको प्रतीकका रूपमा रहेको छ र त्यहाँ कविले ताजमहलाई विषयवस्तु बनाएका छन् । त्यसको कवितांश यहाँ प्रस्तुत गरिएको छ-

प्रेमीको पुकार यहाँ

प्रेमिकाले अभिसार गर्छे

अनि उमंगको तरंगमा

वसन्त बहारमा होमिन्छ

सर्वत्र सुखको संसार हुन्छ ।

(दौंतरी, ताजमहल रंगमहल बन्छ, पृ. ३१)

कवि 'मानव' ले वीर रसलाई पनि आफ्नो कवितामा अँगालेका छन् । वीर रस प्रधान कवितांश यस प्रकारको छ-

लम्की लम्की तम्सी हिंडे हे, नेपाली वीर हो

शूरवीर, कर्मवीर देशका हे वीर हो ।

(दौंतरी, अभियान, पृ. २५)

### ४.२.२.४ भावविधान

इन्द्रमणि 'मानव' मूलतः यथार्थवादी कवि हुन् । कविले आफ्ना कविताहरूमा विभिन्न विषयहरूलाई स्वच्छन्दतावादी मानवीय मूल्यको खोजी गरेका छन् । सम्पूर्ण कर्मवीर नेपालीले एकजुट भएर देशको उत्थानका लागि खेल्नुपर्ने भूमिका, मानवता, शान्ति र विश्वबन्धुत्वको भावना, सामाजिक यथार्थ, देशभक्ति, प्रेमभाव, जीवनभोगाइको आरोह-अवरोह अनि स्तुतिगान आदिलाई उनले आफ्ना कविताका विषयवस्तु बनाएका छन् । ती 'झरनाको प्रलापमा', 'वसन्त' बस् अब अन्त आइजा, 'आह्वान गर्दी रारा' जस्ता कवितामा प्रकृतिको वस्तुपरक र आत्मपरक चित्रण पाइन्छ भने 'झण्डोत्तोलन', आह्वान', 'शान्ति क्षेत्र नेपाल', राष्ट्रियगान, 'अभियान', 'दुई ढुङ्गाको बीच तरुल फलाउँछु', 'मानवताको नौलो सिद्धान्त जस्ता कवितामा राष्ट्रिय गान, स्वाधीनता, नेपाल नेपालीको महिमा गान र एकताको आह्वान पाइन्छ । 'जागरण', 'नवसंचार', 'नौलो कोलाहल-एक' आदि कवितामार्फत् उनले युवाजगत्मा नयाँ उत्साह थप्ने काम गरेका छन् भने 'सरिता र सन्देश', 'उकुसमुकुस', 'महान् प्रदर्शन', 'बिर्सिजा', केही शीर्षकविहीन कविताहरूमा वर्तमान सामाजिक विङ्गतिका भावहरू पोखिएका छन् । 'शतायू राजन', 'कोटि कामना', जस्ता कवितामा राजामहाराजाको स्तुतिगान गरिएको छ । 'आदम र हौवा निम्त्याए हुन्छ' मा विश्वशान्तिको आह्वान गरिएको छ । 'यस युगमा', 'जीवनपथमा', 'वेश्या कति नराम्रो सम्बोधन', 'महान-प्रदर्शन', 'नौला कोलाहल- दुई' आदि कवितामा विश्वजगत्मा मौलाएको सामाजिक यौनविकृतिको विरोध गरिएको छ भने 'मिलन आह्वान', 'ताजमहल रंगमहल बन्छ', 'बसन्त बस् अब अन्त आइजा', कवितामा प्रेमभाव प्र्दशन गरिएको छ । 'समय', मा समयको कति महत्त्व छ भन्ने भाव व्यक्त गरिएको छ । 'बालिका वन्दना', 'निराकार भगवान्', जस्ता कविता भगवानप्रतिको आस्था देखाइएको छ ।

समग्रमा कवि 'मानव' का स्वच्छन्दतावादी स्वरमा आधारित कविताहरूमा मूल भावका रूपमा राष्ट्रियता, देशप्रेम, शान्ति, प्रेम, उत्साह, प्रकृतिको तन्मय र मन्मय चित्रण, राजामहाराजाप्रतिको स्तुति, वर्तमान समाजमा व्याप्त विकृतिको चित्रणका साथै युगीन यथार्थमा आधारित मूल्य र मान्यताका प्रसङ्गहरू प्रकट भएका छन् । 'मानव' भावुकताभित्र यथार्थलाई समेट्न सफल कवि हुन् । उनका कविताहरूमा कविताको केन्द्रीय भाव, लघुकाय र अनुभूतिपूर्ण रूपले सुबोध र सरल ढङ्गमा प्रकट भएको छ ।

### ४.२.२.५ लयविधान

कवितालाई गद्यबाट छुट्टयाउने मुख्य तत्त्व लय हो । लयले कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । इन्द्रमणि 'मानव' का छिटफुट कविताहरू पद्यालयमा छन् भने प्रायः सबै कविता गद्यलयमा बाँधिएको हुँदा यसको लयविधानलाई गद्यकवितात्मक र पद्यात्मक दुवै रूपमा हेर्न सकिन्छ । उनका कविताहरूमा लयविधान, भाव र भाषाका बीचमा तादात्म्य पाइन्छ । साङ्गीतिक र सुन्दर भाषाको प्रयोगले कवितामा गेयात्मकता थपेको छ । यसका अतिरिक्त विविध अनुप्रासको प्रयोगले कविताको लयात्मकतालाई बढाएको छ । यसको पुष्टिका लागि अन्त्यानुप्रासीय लयविधानको प्रयोग भएका केही उदाहरण हेरौं :-

जय होस् ! जय होस् !<br>
महामहीम महेन्द्रको जय होस् ! जय होस् !<br>
गिरिराज चक्रचूडामणि नरनारायण महाराज<br>
उज्ज्वल सोमवंशमणि श्री ५ महाराजधिराज<br>
(दौंतरी, शतायू राजन्, पृ. १८)

यसैगरी कविले प्रयोग गरेका अनुप्रासको नमुनाको रूपमा यस कवितांशलाई पनि लिन सकिन्छ-

झिलिझिलि झलझल झिलिक्क झुलक्क

झल्याक झुलुक्क झुलुझुलु झुलझुल

(दौंतरी, झरनाको प्रलापमा, पृ. ३)

यस कवितांशमा पटकपटक दोहोरिने एउटै झ ध्वनिले कवितालाई लयात्मक बनाएको छ ।

त्यसै गरी अर्को कवितांशलाई पनि उदाहरणस्वरूप लिन सकिन्छ -

नफुल् फूल तँ बैंस बसाई,

व्यर्थै वीरहरूको व्यथा बढाई,

(दौंतरी, वसन्त बस् अब अन्त जाइजा, पृ. १४)

कवि 'मानव' का धेरैजस्तो कविताहरू गद्यलयमा रचिएका छन् । गद्यलयको नमुनाका रूपमा यस कवितांशलाई लिन सकिन्छ-

भाग्य तेरो अदृश्य शक्ति

बुझ्न सकिन्न कब, कता ?

नचनो नचाई हिंडेको छस् तँ

अगम तँ सुन्छु तेरो पत्ता

(दौंतरी, 'जीवनपथमा', पृ. ११)

'मानव' का कवितामा शिल्पसंरचना र भावसंरचनाका बीचमा सन्तुलन कायम गर्ने सन्तुलित भाषा र लयात्मक साङ्गीतिकता आएको देखिन्छ । शाब्दिक र वार्णिक पुरानवृत्ति गद्यपद्य दुवै खालका कवितामा गेयात्मकता, साङ्गीतिकता र लयात्मकताको प्रबलता देखिन्छ ।

### ४.२.२.६ बिम्बप्रतीक र अलङ्कार विधान

कवितालाई सशक्त र भावप्रबल बनाउन बिम्बको प्रयोग गरिन्छ । बिम्ब-प्रतीकको उचित प्रयोगले कविका अन्तःर्हृदयका भावाभिव्यञ्जनालाई मूर्त रूप दिने गर्छ । भावना अमूर्त हुने भएकाले अन्तःहृदयका भावहरूलाई गर्न कुनै न कुनै साधनको आवश्यकता पर्दछ । बिम्ब- प्रतीक तिनै भावहरूलाई सफल रूपमा प्रकट गर्ने तत्त्वहरू हुन् । जीवनजगत्का विभिन्न क्षेत्रमा नवीन-पुरातन विविध बिम्ब- प्रतीकहरूलाई नयाँ शैलीमा प्रयोग गरेर भावाभिव्यक्ति दिइएका कविता बढी भावगाम्भीययुक्त रोचक र स्तरीय हुन्छन् । इन्द्रमणि 'मानव' का कवितामा कविले विविध बिम्ब-प्रतीकहरू टिपेर नवीन ढङ्गले प्रयोग गरेका छन् । 'कमल भ्रमर', 'प्वाँखेपिङ, पिलपिले बत्ती, अप्सरा, १८०$^\circ$ को वृत्त', भस्मासुर, ताजमहल, चन्द्र, धानका रासजस्ता विम्ब तथा प्रतीकहरू उनले प्रशस्तै प्रयोग गरेको पाइन्छ । जस्तै- केही उदाहरण हेरौं-

क) प्रतिस्पर्धाको पिरामिड उभ्याएर

आफ्नो आफ्नो डम्फु बजाउँदै

(दौंतरी, आदम र हौवा निम्त्याएर हुन्छ, पृ. १९)

ख) हे भाइ ! किन लुकेको बसी एक

कस्तो भएको छ, हेर अर्को कुनामा

हेर, अर्को कुनामा दौंतरी, नवसंपार, पृ.७

ग) हे भाइ ! किन लुकेको बसी एक कुनामा

कस्तो भएको छ हेर अर्को कुनामा

(दौंतरी, नवसंचार, पृ. ७)

यी माथिका उदाहरणमध्ये क) श्लोकको कवितांशमा कहिल्यै नढल्ने पिरामिड झैं प्रतिस्पर्धा गर्नुपर्दछ र उदाहरण ख) मा राष्ट्रका स्तम्भ, युगको

आधार नवयुवाहरूलाई मूक भएर नबस्न, नसुत्न र जागरित भएर उठ्न आह्वान गरिएको छ । ग) युवाहरू कुनामा लुकेर नबसी चारै दिशा हेर्नु पर्दछ । संसारमा भएको परिवर्तन हेर्नु पर्दछ भन्ने सन्देश दिन्छन् । उपमा, रूपक, दृष्टान्त, उत्प्रेक्षा, अतिशयोक्तिजस्ता अर्थालङ्कार, अनुप्रास, यमक, वक्रोक्ति-जस्ता शब्दालङ्कारका प्रयोग गरी आफ्ना कविता र गीतहरूलाई सजाउन कवि 'मानव' खप्पिस देखिन्छन् । उनले प्रयोग गरेका शब्दालङ्कार र अर्थालङ्कारका नमुनालाई तल लिन सकिन्छ-

झ्यार झ्यार झुर झुरुझुरुरु

झुरझुर झिरिझिरि झ्याङ झ्याङ

(दौंतरी, झरनाको प्रलापमा, पृ. ९)

यस कवितामा झ अक्षरको बारम्बार आवृत्ति गराएर कविले अनुप्रासको विशिष्ट नमुना प्रस्तुत गर्न खोजेका छन् ।

दुई व्यक्ति वा वस्तुको सादृश्य वा तुल्यता देखाई उनले उपमा अर्थालङ्कारको विशिष्ट नमुना तल प्रस्तुत गर्न खोजेका छन्-

टुहुरोझैं मनमा पाल्नुपर्ने बाध्यता हेरी

भस्मासुर बन्ने मन हुन्छ

इच्छापूर्तिको अतृप्तताको आगोमा घिउ थपेझैं

अनि संसार खरानी पार्ने सूर उठ्छ ।

(दौंतरी, उकुसमुकुस, पृ. २९)

उनका थुप्रै कवितामा शब्दालङ्कार र अर्थालङ्कारको राम्रो प्रयोग गरिएको पाइन्छ ।

### ४.२.२.७ भाषाशैली

भाषाशैली कविताको बाह्य पक्षसित सम्बन्धित हुन्छ र साहित्यका गद्यपद्य दुवै विधामा रचनाकारको साहित्यिक कलाको परिचय भाषाशैलीबाट हुन्छ । भाषा विचार अभिव्यक्तिको माध्यम हो भने अभिव्यक्ति गर्ने ढङ्गचाहिँ शैली हो । भाषाशैलीले रचनालाई सरल-जटिल, सरस-निरस र क्लिष्ट-सुबोध बनाउन सक्छ । विषय र भावबीच समन्वय ल्याई रचनालाई रोचक बनाउन भाषाशैलीको विशेष भूमिका रहेको हुन्छ ।

इन्द्रमणि ‘मानव’का कवितामा प्रयुक्त भाषाशैली सरल, सरस र सुबोध देखिन्छ । तद्भव, तत्सम र आगन्तुक शब्दको प्रयोग, अनुप्रासीयता, आलङ्कारिक भाषाप्रयोग र स्पष्ट अभिव्यक्तिकलाका कारण मानवको भाषा क्लिष्ट नभईकन अझ सम्प्रेषणीय बनेको छ । तिनमा ब्रह्मा, शौर्य, समस्त, ज्योत्स्ना, शतायू, शिल्प, वीर्य, संहार, देदीव्य, अभेद्यजस्ता तत्सम शब्दहरूको प्रयोग गरिएको पाइन्छ । अङ्ग्रेजी र हिन्दी आगन्तुक शब्दहरू क्रमशः अर्बोसन, अक्सिजन टैंक, आइटम, इन्टर मिशन, बिल, सेक्सोफोन, स्कच, डिस्नेलैण्ड, वान्समोर, हेप्पी बर्थ डे टु यू, डान्सर, खुदा, परवाली आदि उनका कवितामा प्रयोग गरिएका भेटिन्छन् । त्यस्तै उनका कवितामा अनुकरणात्मक शब्दको पनि त्यत्तिकै प्रयोग गरिएको पाइन्छ । जस्तो- मुसुक्क, झमझ, झिनिनिनी, झलझल, गुँगुँ, थुकुथकु, मुसुक्क आदि ।

इन्द्रमणि ‘मानव’ का कविताहरूमा कविले सरल वर्णनपरक गद्यात्मक भाषाका साथै आलङ्कारिक काव्यात्मक भाषा पनि प्रयोग गरेका छन् । कवितामा आवश्यकताअनुसार पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्गारचिन्ह र योजकचिन्हको प्रयोग गरिएको छ । कविले आफ्ना कवितामा तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दको समुचित प्रयोग गर्ने भावपक्षलाई सबल पारेका छन् । भावानुकूल भाषाशैली उनका कवितामा पाइन्छ । वर्णनमूलक,

विश्लेषणात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मकजस्ता शैलीको अनुसरण उनले गरेको पाइन्छ । आक्कलझुक्कल रूपमा उनले कथ्य नेपालीको पनि प्रयोग गरेका छन् । सङ्क्षेपमा स्वच्छ, साधित, सहज, स्वाभाविक एवम् सरल शैलीमा भाषाको प्रयोग गर्न कवि इन्द्रमणि 'मानव' को भाषाशैलीगत वैशिष्ट्य हो भन्न सकिन्छ ।

इन्द्रमणि 'मानव' का कविताहरू अधिकांश देशभक्ति, ईश्वरभक्ति, मानवतावाद, प्रकृतिप्रेम, प्रेमभाव र उत्साहले भरिएका छन् । उनले कतै राणाशासनको अमानवीय व्यवहारबाट रुष्ट भई क्रान्ति, मुक्ति र स्वतन्त्रताको भाव व्यक्त गरेका छन् भने कतै राजनीतिक वातावरणबाट निराश हुँदा मनमा उत्पन्न भएका विङ्गतिमय भाव पनि आफ्ना कवितामा प्रकट गरेका छन् । यसका अतिरिक्त स्वच्छन्दता, क्रान्तिकारिता, भ्रातृत्वभाव, समानता र विश्वशान्तिको भावका साथै प्रजातान्त्रिक भावना पनि उनका कवितामा विशेषताका रूपमा विद्यमान छन् ।

### ४.२.३ नाटकको अध्ययन

साहित्यकार इन्द्रमणि 'मानव' नाटककारका रूपमा त्यति परिचित छैनन् जति कवि र कथाकारका रूपमा परिचित छन् । उनको हालसम्म एउटा मात्रै नाटक 'देवकन्या' (दौंतरी, वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१) प्रकाशित छ । उनको यस नाटकका विभिन्न पक्षमा प्रकाश पार्ने काम यहाँ गरिएको छ ।

#### ४.२.३.१ शीर्षक

कुनै पनि कृतिको नामकरण गर्दा पात्र वा कृतिभित्रको विषयवस्तुका आधारमा गर्नुपर्ने हुन्छ । यस नाटकको नामकरण पात्रबाट गरिएको छ । 'देवकन्या' शब्द 'देवकी कन्या' भन्ने छुट्टाछुट्टै दुई शब्दबाट बनेको र पष्ठी तत्पुरुष समासका रूपमा आएको देखिन्छ । 'देव' भनेका 'देवता' र 'कन्या' भनेकी 'छोरी'/'चेली' अर्थ हुनेहुनाले यहाँ देवताकी चेली भन्ने बुझिन्छ । यहाँ

देवता भनेर देवताकै छोरी नभएर देवतालाई चढाइएकी कन्याका रूपमा लिइएको छ । यो नाटक नेपालमा विद्यमान देउकी प्रथामा आधारित नाटक हो । यसको शीर्षक प्रमुख नायिकाका नामबाट राखिएको र प्रमुख नायक पनि सत् र गतिशील पात्र भएकाले शीर्षक पूर्ण रूपमा सार्थक छ । शीर्षकबाट नै नाटकको मूल भाव व्यक्त भएकाले पनि यस नाट्यकृतिको शीर्षक सार्थक भएको देखिन्छ । यसकारण 'देवकन्या' नाटकको शीर्षक औचित्यपूर्ण छ भन्न सकिन्छ ।

### ४.२.३.२ कथावस्तु

विभिन्न घटनाहरूको शृङ्खलित प्रस्तुति नै कथावस्तु हो । कथावस्तुका स्रोतका रूपमा इतिहास, पुराण, समाज तथा दैनिक जीवनमा घटेका र घट्न सक्ने घटनाहरूलाई प्रस्तुत  गरिएको हुन्छ । आकारका दृष्टिले लघु वा बृहत् कथावस्तु तथा आधिकारिक वा प्रमुख प्रासङ्गिक तथा गौण कथावस्तु रहन सक्छ । 'देवकन्या' नाटकका सन्दर्भमा सामाजिक कथावस्तुले प्राथमिकता पाएको छ । यस नाटकमा आठ दृश्यहरूमा कथावस्तुले प्रस्तुति पाएको छ ।

कथावस्तुअनुसार स्नातकोत्तर तहमा शोधपत्रका लागि पुरातन इतिहासको अन्वेषण गर्ने तयारीका साथ कुवेरमानको घरमा साथी फणिन्द्र र उनकी बहिनी भानु भेला भई खुसियाली मनाउँछन् । फणिन्द्र आफ्नी बहिनीलाई शैलासँग छोडेर कुवेरमानसँग नेपालको सुदूरपश्चिमाञ्चलतर्फ, जान्छन् । यता भानु र शैलीले चिठीबाट दाजुहरूको खबर प्राप्त गर्छन्  र आफूहरू पनि फुर्सदको समयमा दाजुहरू नफर्कँदै उपन्यास लेख्ने योजना बनाउँछन् । उता उनीहरू डोटीबाट बैतडी पुग्छन् । त्यस ठाउँको प्राकृतिक छटासँग रमाउँदै खेल्दै उनीहरू देवस्थलको महाजन महन्त भुवन  गिरीलाई भेट्ने योजना बनाउँछन् । उनीहरू त्यस मन्दिरमा पुगी आफूहरू पुरानो इतिहासको खोजीमा आएको कुरा जानकारी दिन्छन् । उनीहरू त्यहाँको

वातावरण देखेर अचम्म मान्छन् । त्यसमन्दिर परिसरभित्र भएको प्रत्येक कुराले उनीहरूको मनमा हलचल पैदा गरिदिन्छ । उनीहरूकै अगाडि देवाज्ञाको पालन नगर्दा थुनामा राखिएकी देवकन्या प्रभावतीको मृत्यु हुन्छ । त्यो देखेर बाँकी भएका दुई देवकन्या पनि डराउँछन् । देवकन्या प्रभावतीको दाहसंस्कार गरिन्छ । यी सब देखेर फणिन्द्रर कुवेरका मनमा कौतूहल उत्पन्न हुन्छ र यी अन्धविश्वासपूर्ण कुरीतिको जरो उखेल्न तम्सिन्छन् । ती दुवै जना देवकन्यासँग एकान्तमा भेट्छन् र देवाज्ञाका बारेमा सोध्दछन् तर ती देवकन्याहरूलाई केही थाह हुँदैन । उनीहरूलाई कति मात्रै थाह हुन्छ भन्ने देवाज्ञाका दिन उनीहरू राती महाजनका निवासमा जानुपर्दछ । फणिन्द्र र कुवेरमानले अन्धशिवासबारे उनीहरूलाई बुझाउँदै आफूहरूले मद्दत गर्ने वचन दिन्छन् र महाराजका निवासमा नजान आग्रह गर्छन् । देवकन्याहरू आफ्नै अगाडि देवाज्ञा नमानेकी देवकन्या प्रभावतीको लास देखेर भयभीत भएका हुन्छन् र महाराजको शक्ति अचम्मको भएकाले उनलाई मान्नै पर्ने धारणा राख्दछन् । उनीहरू परिवारले सानैमा आफूहरूलाई छोडिदिएकाले आफ्नो घरपरिवार भनेकै मन्दिर, देवता र देवताका पूजारी नै हुन् भन्ने ठान्दछन् । त्यहाँ देवकन्याको खोजी गर्दै गाउँको हुल्याहा युवक सुन्दर आउँछ उनीहरुसँग धाक देखाउँछ । सुन्दर र फणिन्द्रका बीच घम्साघम्सी हुन्छ । सुन्दरको हार भई ऊ भाग्दछ । उता समरबहादुरसँगै शैला र भानु पनि दाजुभाइ खोज्दै त्यहीं आइपुग्छन् । रातको समय हुन्छ । देवकन्याहरूले इतिहासका पुरातात्त्विक सामग्री ल्याएर आउँदै गर्दा उनीहरूको भेट हुन्छ र दाजुको चिठीबाट थाह पाएअनुसार उनीहरू देवकन्या हुन् भनी चिन्दछन् । दाजु- बहिनीहरूले मनोरञ्जनपूर्ण कुराकानी गरिरहेको समयमा चन्द्रपुरी (भुवन गिरीकी शिष्याका रूपमा रहेकी स्त्रीपात्र) र सुन्दरको प्रवेश हुन्छ । दुवैले पूर्णमासी अर्थात् बडामहाराजको देवाज्ञा दिने काम भएपछि यिनीहरू सबैलाई सिद्धयाउने योजना बनाउँछन् । उता फणिन्द्रले पनि

पूर्णमासीको दिनपछिको आफ्नो योजना बनाउँछन् । फणिन्द्रले पूर्णमासका दिन मठको पूजा र रमिता हेर्न सबै गाउँलेहरूलाई बोलाउँछन् ।

पूर्णमासको दिन देवाज्ञा दिने तयारी हुन्छ । चारैतिर भव्य तयारीका साथ गाउँलेहरू पनि वरपरि घेरिएर पूजा गरिहेका हुन्छन् । देवकन्याहरू सोह्र सिङ्गारमा सजिएर देवाज्ञाको शपथग्रहण गरिहरहेका हुन्छन् । देवाज्ञाको दीक्षाको कहिल्यै उल्लङ्घन नगर्ने र त्यसको रहस्य कसैलाई नखोल्ने अनि आजीवन देवमन्दिर र देवतामा सर्मपित हुने शपथ खाइसकेपछि पूजा सकिन्छ । चन्द्रपुरीले देवकन्याहरूलाई आवश्यक कुराहरू सम्झाउन एकातिर लैजाँदै गर्दा फणिन्द्रले प्रतिकार गर्छ । दुवै पक्षको झगडा सुरु हुन्छ र वातावरण नै तहसनहस हुन्छ । देवकन्याहरू देवाज्ञा उल्लङ्घन गरी गाउँलेहरूको पक्षमा आउँछन् । देवकन्या पद्मावतीले पूजारीको सम्पूर्ण पोल खोल्छिन् । गाउँलेहरू सबै मिली भुवन गिरी र चन्द्रपुरीलगायत सबैलाई पिटेर लखेट्छन् । गाउँको मुखिया आएर अन्धविश्वासरूपी जालाले ढाकेको आँखा खोलिदिएकोमा धन्यवाद दिँदै ती देवकन्याहरूलाई साथमै लगी योग्य वर खोजी विवाह गरिदिनू भनी जिम्मा लगाएपछि नाटकको समाप्ति हुन्छ । यसरी करिब दुई महिनाको समयावधिमा घटित कथावस्तुको संरचनाले मानिसका पीडा, छटपटी, दरिद्रता र धार्मिक अन्धविश्वासका कारण देखा परेको सामाजिक स्थितिलाई मूर्त रूप दिएको छ ।

#### ४.२.३.३ पात्रविधान

फणिन्द्रनाटकको केन्द्रीय चरित्र र नायकसमेत भएको यो नाटक नायकप्रधान छ । यस नाटकमा अन्धविश्वासको पट्टी बाँधेर सम्पूर्ण जनतालाई अन्धो बनाउने र त्यसको भन्डाफोर गर्ने प्रवृत्तिका फणिन्द्रप्रसाद, कुवेरमानसिंह, समरबहादुर, सुन्दरकुमार, भुवन गिरी आदि पुरुषपात्र र चन्द्रपुरी, चन्द्रवती, पद्मावती, भानुमती र शैला स्त्रीपात्रका रूपमा छन् ।

### १) फणिन्द्र

फणिन्द्र एक शिक्षित युवक हो । ऊ कुवेरमानको मन मिल्ने साथी हो । ऊ समाजमा भएको कुसंस्कार र अन्धविश्वासविरुद्ध लड्ने प्रगतिशील चिन्तन बोकेको पात्र हो । कुवेरमानको साथी भएर सुदूरपश्चिमाञ्चलको ऐतिहासिक खोजी गर्न गए तापनि यस नाटकमा उसको प्रमुख भूमिका छ । ऊ प्राकृतिक वातावरणमा रम्ने भावुक प्रवृत्तिको पनि छ । सुदूपश्चिमाञ्चलमा भएको देउकीप्रथामा देउताका नाममा साँढे बोका आदि मन्दिरमा छाडिएझैं मानिसलाई पनि विशेषतः स्त्रीजातिलाई चढाउने अन्धविश्वासको भन्डाफोर गर्न ऊ भरमग्दुर प्रयास गर्दछ । यस काममा उसका साथीहरूले सहयोग गर्दछन् । अन्त्यमा उसले अन्धविश्वासले ढाकिएको गाउँले र ती देवकन्या-हरूको आँखा खोली देवकन्याहरूलाई साथ पनि दिन्छ । अनुकूल चरित्रको नायक फणिन्द्रको स्वभावमा परिवर्तन देखिएकाले ऊ गतिशील पात्र हो भने जीवन चेतनाका आधारमा हेर्दा असल साथीको प्रतिनिधित्व गर्ने र अन्धविश्वासको पर्खाल भत्काउने स्वाभिमानी, वीर, देशभक्त र निडर युवकको प्रतिनिधित्व गर्ने वर्गिय पात्र हो । नाटकमा ऊ मञ्चीय र बद्ध पात्र पनि हो ।

### २) कुवेरमानसिंह

कुवेरमानसिंह एक अनुसन्धानमा संलग्न युवक हो । ऊ फणिन्द्रको मन मिल्ने साथी हो । पुरातन इतिहासको अन्वेषण गर्ने क्रममा फणिन्द्रलाई सँगै लिएर ऊ जान्छ । नाटकमा कुवेरमान प्रमुख नायकका रूपमा देखिए तापनि ऊ केवल आफ्नो शोधकार्यमा सीमित हुन चाहन्छ । उसले फणिन्द्रलाई अन्तिम अवस्थासम्म सहयोग गर्दछ । ऊ पनि समाजमा भएका अन्धविश्वासका विरुद्ध लड्ने निडर, स्वाभिमानी र शिक्षित व्यक्ति हो । ऊ अन्धविश्वास हटाउन कन्याहरूलाई विद्रोह गर्न देवाज्ञा नमान्न सल्लाह दिन्छ । ऊ एकै पटक

जाइलाग्न नगई बुद्धिमानीपूर्वक कार्य गर्ने चिन्तनशील पात्र हो । ऊ योग्य, सहयोगी, बद्ध र स्थिर पात्र हो ।

**३) चन्द्रवती**

चन्द्रवती यस नाटककी नायिकाका रूपमा रहेकी प्रमुख पात्र हो । नाटकीय द्वन्द्वकी केन्द्र पनि ऊ नै हो । ऊ देवकन्या हो । नेपालको सुदूरपश्चिमाञ्चलमा प्रचलित देवकी प्रथामा ऊ पनि देवकन्या हुन बाध्य छे । आर्थिक दुर्गति तथा धार्मिक अन्धविश्वासका कारण उसलाई घरबाट सानैमा मन्दिरमा चढाइएको छ । उसले आफ्नो घर छाडेर नाता- कुटुम्बका रूपमा मन्दिर, देवता र देवताका पूजारीलाई मानेकी छे । पूजारीहरू उसका महाराज हुन् । उनीहरूकै कठपुतली भएर नाच्न ऊ बाध्य छे । देवाज्ञाको अर्थ देह सुम्पनु हो जसको अर्थ उसलाई थाह छैन । उसलाई कति मात्रै थाहा छ भने देवाज्ञा नमाने मृत्युदण्डको सजाय दिइन्छ । उसले त्यसको प्रमाण आफ्नै अगाडि देवाज्ञा नमानेको कारण प्रभावतीको मृत्यु भएको देखेकी छे । उनीहरूलाई देवाज्ञाका समयमा महाराजका कोठामा जानुपर्दछ । ऊ सहयोगी पात्र पनि हो । कुबेरमान र फणिन्द्रलाई इतिहासका सामग्रीहरू लुकाएर भए पनि दिन ऊ तयार हुन्छे । ऊ यस अन्धविश्वासको विरोध गर्न चाहन्छे । तर सक्दिन । फणिन्द्र र कुबेरमानको अन्धविश्वासलाई खुलस्त गर्ने अभियानमा ऊ सहयोग गर्छे र  देवताहरूको विपक्षमा बोल्दै देवाज्ञाको विरोध गर्दछे । ऊ बाँचुन्जेल मन्दिरमै बस्ने इरादा लिएर  आएकी भए पनि अन्धविश्वासको विरोध गर्दै निस्कन्छे । उसका चरित्रमा परिवर्तन आएको छ । यसबाट ऊ गतिशील पात्रका रूपमा देखिन्छे । नाटककी केन्द्रबिन्दु नै देवकन्या भएकोले ऊ मुख्य पात्र त हुँदै हो, अनुकूल, मञ्चीय र बद्ध पात्र पनि हो । समष्टिमा देवकन्या नाटककी स्वकीया नायिका चन्द्रवती अत्यन्तै दृढ, गतिशील, धैर्यवती, मिलनसार, सहयोगी ज्यादै सजीव तथा स्वाभाविक पात्र हो ।

## ४) भुवन गिरी

भुवन गिरी महासामन्त देवस्थलको महाजन हो । उसले अन्धविश्वास-रूपी वृक्षलाई जतिसक्दो मलजल हालेर जोगाइराखेको छ । ऊ त्यसैमा चुलुम्म डुबेको छ । यस्ता कति युवतीहरूलाई अन्धविश्वासरूपी कठपुतली बनाएर ऊ हातहातै नचाउँछ । उसमा केही शक्ति नभए तापनि धेरै शक्तिशाली भएको भान पारेको छ । उसलाई देख्नेबितिकै देवकन्याहरू थरथर काँप्दछन् । देवाज्ञा नमानेकी प्रभावतीको मृत्यु पनि उसकै ज्यादतीस्वरूप रहस्यमय तरिकाबाट भएको छ जसको गोपनीयता कसैलाई थाह छैन। सबैलाई कति मात्रै थाह छ भने देवाज्ञा नमानेपछि ठूलो दण्डको भागीदार हुनुपर्दछ । उसप्रति कसैले औंला ठाडो  पार्न सक्दैन । ऊ त्यहाँको वैभवशाली शासक हो । ऊ दैनिक पूजाआजा गर्छ । आफूलाई ठूलो भक्त सम्भन्छ भने पापकर्म पनि गर्न पछि पर्दैन । ऊ आफैंले देवाज्ञा दिनुभन्दा अगाडि शपथग्रहण गराउँछ र देवाज्ञाको रहस्य कसैलाई प्रकट नगर्ने अनि प्रकट गरेमा जे सजाय पनि भोग्न तयार हुनुपर्ने वाचा गराउँछ । फणिन्द्रर कुबेरमानका साथै गाउँले, देवकन्या आदि सबैले अन्धविश्वासको भन्डाफोर गरिदिएपछि उसले कुनै पनि देवशक्ति देखाउन सक्दैन र प्रतिकार गर्न नसकी कुलेलम ठोक्छ । भुवन यस नाटकको खलनायक हो । ऊ बिलासी एवं धूर्त, जाली, अन्धविश्वासको आडमा यौनतृप्तिमा डुबेको भोगी प्रवृत्तिको पात्र त हुँदै हो साथै प्रतिकूल र मञ्चीयबद्ध पात्र पनि हो ।

## अन्य सहायक पात्रहरूको चरित्र चित्रण

### क) पद्मावती

पद्मावती देवकन्याकी साथी हो । ऊ पनि देवकन्या नै हो । उसलाई पनि उसका आमाबाबुले सानैमा मन्दिरमा चढाएका छन् । ऊ पनि अन्धविश्वासमै  पिल्सिएकी छे । उसलाई पनि देवाज्ञा ग्रहण गर्ने समयमा महाराजका कोठामा जानुपर्दछ । अन्धविश्वासको भन्डाफोर भएपछि ऊ

देवताहरूको विपक्षमा उभिन्छे । पद्मावतीले नाटकमा अन्धविश्वासको गाँठो फुकाल्न सहयोग गरेकीले ऊ प्रतिकुल पात्र हो । पद्मावती स्थिर मञ्चीय पात्र हो र नाटककी सहनायिका पनि हो ।

**६) सुन्दरकुमार**

ऊ बैतडीको हुल्याह युवक हो र मन्दिरको रेखदेख गर्दछ । ऊ कुरौटे र चाप्लुस पनि छ । यी दुर्गुण भएकै कारण ऊ महाराजको प्रियपात्र बनेको छ । ऊ देवकन्याहरूको रेखदेख गर्दछ । ऊ केही हठी स्वभावको पनि छ । उसका विरोधमा उठ्न खोज्नेलाई नसके पनि उनीहरूप्रति जाइलाग्न ऊ पछि पर्दैन । सुन्दरका आँखा पनि अन्धविश्वासका पट्टीले अन्धा भएका छन् । अन्धविश्वासको भन्डाफोर भएपछि ऊ महाराजसँगै भाग्छ । ऊ व्यक्तिगत चरित्र बोकेको मञ्चीय पात्र हो ।

**७) चन्द्रपुरी**

चन्द्रपुरी देवस्थलको महाराज भुवन गिरीकी शिष्या हो । ऊ आफै स्त्री भए तापनि स्त्रीका व्यथा बुझ्ेकी छैन । उसलाई पनि देवाज्ञा भनेको के हो भन्ने कुरा थाहा छैन तर उसले बुझेअनुसार देवाज्ञा भनेको महाराजको शक्ति हो । ऊ आफूलाई पनि देवताकै अंश  ठान्दछे । ऊ पनि देवस्थलकी रक्षकका रूपमा रहेकी छे । ऊ उसका विरुद्धमा आउने फणिन्द्र र कुबेरमानलाई सिद्धयाउन योजना बनाउँछे तर अन्त्यमा असफल भएपछि वातावरणसँग प्रतिकार गर्न नसकी भाग्दछे । नाटकमा ऊ प्रतिकूल तथा मञ्चीय पात्र हो ।

**८) भानुमती**

भानुमती फणिन्द्रकी बहिनी हो । ऊ नाटकका सुरुमै देखा पर्दछे । दुवै दाजुहरू शोधका सिलसिलामा डोटी जाने क्रममा ऊ शैलासँग बस्ने निधो गर्दछे । ऊ चुलचुले र अस्थिर स्वभावकी छे । दाजुहरू गइसकेपछिको चिठ्ठी पाउँदा शैला र दाजु फणिन्द्रको सम्बन्धलाई ऊ नकारात्मक सोच्दछे र

छेडछाड गर्दछे तर सत्य कुरा बुझेपछि क्षमा माग्दछे । दाजुहरू नभएका समयमा ऊ एउटा उपन्यास लेख्ने निधो गर्दछे । नाटकको चरमोत्कर्षको समयमा ऊ फेरि देखा पर्दछे । ऊ दाजु फणिन्द्रको सल्लाहबमोजिम देवकन्यालाई हेरी वस्तुस्थिति बुझ्ने र प्राकृतिक सौन्दर्य पनि अवलोकन गर्ने विचारले डोटी पुग्दछे ।

९) **शैला**

शैला कुवेरमान सिंहकी बहिनी हो । ऊ शुद्ध विचार भएकी र सहयोगी स्त्रीपात्र हो । ऊ भानुभन्दा केही परिपक्क छे । ऊ सहयोगी छे किनकि दाजुहरू नभएको अवस्थामा भानुलाई आफूसँगै राखेर ऊ सहयोग गर्दछे । ऊ पनि दाजुहरू नभएको समयमा एउटा उपन्यास लेख्ने योजना बनाउँछे । ऊ भानुमतीले आफ्नो दाजुसँग भित्री सम्बन्ध आरोपण गर्दा रिसाउँछे र सत्य कुरा भनी आफूले आफ्नै दाजुसरह मानेको कुरा भन्दछे । ऊ पनि नाटकको चरमोत्कर्षमा देवकन्या र त्यहाँको वातावरण बुझी केही सहयोग गर्न डोटी पुग्दछे । ऊ सहयोगी, स्थिर, प्रतिकूल र मञ्चीय पात्र हो ।

१०) **समर**

समर नाटकको चरमोत्कर्षतिर भानु र शैलासँग डोटीमा देखा पर्दछ । ऊ मिलिटरीमा भर्ती भएको होनहार युवक हो । ऊ जुनसकै काम गर्न पछि नहट्ने अदम्य साहस भएको व्यक्ति हो । नाटकको अन्त्यमा उसले पनि अन्धविश्वासको भाँडो उदाङ्गो पार्न सहयोग गरेको छ । ऊ मञ्चीय र सहयोगी पुरुष पात्र हो ।

### ४.२.३.४ संवाद

नाटकमा संवाद सहज कुराकानीका रूपमा प्रस्तुत हुन्छ । संवाद कुनै पनि नाटकको बीज तत्त्व हो । यो अनिवार्य तथा अपरिहार्य तत्त्व पनि हो । नाटकका सम्पूर्ण कार्यव्यापार अर्थात् क्रियाकलापहरू संवादकै माध्यमबाट

मुखरित भएका हुन्छन् । आख्यानमा जस्तो नाटकमा स्रष्टाले आफ्नो विचार सरासर राख्न नमिल्ने भएकाले पनि संवाद नाटकको मेरुदण्ड नै हो । कुनै पनि नाटकमा संवादको संयोजन गर्दा स्रष्टाले तत्कालीन परिवेश, सहभागीहरू, श्रोता एवं प्रेक्षक आदिलाई ध्यान दिनुपर्दछ । संवाद सामान्यतया छोटो र सरल भाषामा लेखिएको छ भने प्रभावकारी हुन जान्छ ।

यिनै मूल्य र मान्यताका आधारमा देवकन्याभित्र नाटकको संवादलाई दृष्टिगत गर्न सकिन्छ । संवादका दृष्टिकोणले नाटक सफल देखिन्छ । यस नाटकमा कुवेरमान र फणिन्द्रका संवादमा उनीहरूमा विद्यमान साहस, वीरता र शैक्षिक उचाइ झल्कन्छ भने भुवन, चन्द्र र सुन्दरका संवादमा फोस्रो आडम्बर र अन्धविश्वासले झाँगिएका संवादहरू पाइन्छन् । चन्द्रवती र पद्मावतीका संवाद डरत्रासले भरिएका छन् । कुनै पनि संवाद न त्यति लामा छन् न छोटा नै । त्यहाँ प्रायः मध्यमस्तरीय संवादहरू भएका छन् र तिनले नाटकलाई आकर्षक तुल्याएका छन् । पात्रको स्तरअनुकूल सरलता र बौद्धिकता दुवैलाई संवादमा समायोजन गरिएको छ । त्यहाँ अपाच्य बौद्धिकताको प्रयोग भने पाइँदैन ।

### ४.२.३.५ द्वन्द्व

देवकन्या नाटकमा द्वन्द्वको अत्यन्तै महत्त्वपूर्ण स्थान छ । यसमा खासगरी परस्पर विरोधी वृत्ति, परिस्थिति, विचार र मानसिकता तथा वैयक्तिक अन्तरविरोधी वृत्तिको समेत द्वन्द्व देखिन्छ । नाटकमा छिरलिएका विभिन्न द्वन्द्वहरूमध्ये प्रमुख द्वन्द्व उज्यालो र अँध्यारोका बीचको छ । शिक्षारूपी उज्यालो र अन्धविश्वासरूपी अँध्यारोका बीचको द्वन्द्व नै यहाँको मुख्य द्वन्द्व हो । नाटकको सुरुमा शैला र भानुबीच सामान्य द्वन्द्व देखा परे तापनि तुरुन्तै समस्याको समाधान हुन्छ । अन्धकारको छहारीभित्र भुवन गिरी, सुन्दरकुमार, चन्द्रपुरी र देवकन्या (पद्मावती र चन्द्रवती) छन् । देवकीप्रथारूपी

अन्धविश्वासको पर्दाफास कसरी गर्ने भन्ने द्वन्द्वमा फणिन्द्रर कुवेरमान छन् । पूर्वदेवकन्या प्रभावतीको देवाज्ञा नमानेका कारण भएको आकस्मिक निधनले देवकन्या र पद्मावतीमा आन्तरिक द्वन्द्व उत्पन्न भएको छ । सोही कारणले उनीहरू डर त्रासमा बाँचेका छन् । उनीहरूमा मुख्य द्वन्द्व देवाज्ञा भनेको के हो भन्ने कुरामै रहेको छ । अन्तिममा अन्धकारको खोल ओढेका देवतारूपीदानवको र अँध्यारोलाई हटाउने शिक्षारूपी उज्यालोका बीच द्वन्द्व चर्किन्छ र उज्यालाले अँध्यारोलाई छोपिदिन्छ ।

यसरी समग्र नाटकमा पात्रहरूको स्तरअनुसार प्रकटिएको द्वन्द्वको अवस्था तथा आन्तरिक र बाह्य दुवै रूपलाई देखिन्छ ।

### ४.३.३.६ देशकाल र वातावरण

घटना घटेका स्थान र त्यसको आन्तरिक एवं बाह्य परिस्थितिलगायत नाटकभित्रको रीतिरिवाज, रहनसहन र आचारविचारजस्ता कुराहरू देशकाल वातावरणभित्र पर्दछन् । 'देवकन्या' नाटकको सन्दर्भमा 'देश' भन्नाले नेपालको सुदूरपच्मिाञ्चलको बैतडी जिल्ला हो । यो काल्पनिक नभई सत्य र तथ्य हो । यसै गरी 'काल' भन्नाले नाटकले लिएको समयलाई सङ्केत गरिएको देखिन्छ । यस नाटकमा वर्तमान आधुनिकयुगमा पनि सुदूरपश्मिाञ्चल क्षेत्रमा प्रचलित अन्धविश्वासपूर्ण देवकी प्रथाको चर्चा गरिएकाले वर्तमान अवस्थाकै समयकै सेरोफेरोको बयान पाइन्छ । त्यस्तै यस नाटकको वातावरणमा आधुनिक युगको शिक्षाको प्रकाश नपरेको समाजलाई पनि प्रस्तुत गरिएको छ । कथित देवातारूपी राक्षसी मानव र शिक्षाको उज्योलो छर्ने शिक्षित युवाबीचको सङ्घर्ष र द्वन्द्व यहाँ प्रस्तुत गरिएको देखिन्छ । यस नाटकमा अध्यात्मवाद र भौतिकवाद अर्थात् रूढिवाद र प्रगतिवादको द्वन्द्व देखाइएको छ । यसर्थ यस नाटकमा एकाइसौँ शताब्दीको आधुनिककालको देशकाल र वातावरणको प्रयोग गरिएको छ ।

**४.३.३.७ उद्देश्य/जीवनदर्शन**

जीवनदर्शन भनेको नाटकबाट भावकमा पर्ने प्रभाव हो । 'देवकन्या' नाटकको उद्देश्य उच्च कलात्मक किसिमको छ । यो नाटक सामाजिक अन्धविश्वासविरुद्धको नाटक हो । यसमा सुदूरपचिमाञ्चलका दुर्गम जिल्लामा भएको अन्धविश्वासपूर्ण समाजको चित्रण गरिएको छ । अन्धविश्वासको नाममा गरिने यौनशोषणलाई यस नाटकमा प्रस्तुत गरिएको छ । २१ औं शताब्दीको वर्तमान युगमा पनि आफैलाई देवता ठानी जे पनि गर्न तम्सने मान्छेहरू र उनीहरूप्रति देवकन्या समर्पित हुनुपर्ने बाध्यता एवं विवशताको यथार्थतालाई यसमा प्रस्ट पारिएको छ । यस नाटकमा अन्धविश्वासका पक्षमा कट्टरपन्थी पात्रहरू- भुवनगिरी, चन्द्रपुरी, सुन्दरकुमार र त्यसलाई सत्य ठानी आफ्ना छोराछोरीहरूलाई देवताका चरणमा चढाउने गाउँलेहरू र देवकन्या भएर सम्पूर्णता गुमाउनु परे तापनि त्यसैलाई सर्वस्व ठानी बस्न बाध्य भएका देवकन्या प्रभावती, चन्द्रवती र पद्मावती एकातिर छन् भने अर्कातिर त्यसका विरुद्धमा आवाज उठाउने पात्र फणिन्द्र र कुवेरमानका माध्यमबाट नाटककारले समाजमा देवकी प्रथा विरुद्ध जनचेतना जगाई रूढिको अन्त्य गर्ने विचार अगि सारेका छन् । यही नैं यसको उद्देश्य हो ।

**४.२.३.८. दृश्यविधान**

कुनै पनि नाटकमा दृश्य र कथावस्तुको अत्यन्तै घनिष्ठ सम्बन्ध हुन्छ । पर्दा खोल्ने र बन्द गर्ने नगरी रङ्गमञ्चमा नाटक देखाउन सकिन्न । यसरी नाटकलाई रङ्गमञ्चयुक्त बनाउनका लागि नाटकको कथावस्तुलाई निश्चित अङ्कमा विभाजित गरिन्छ । 'देवकन्या' नाटकमा अङ्कविभाजन नभई दृश्य विभाजन गरिएको छ । 'देवकन्या' आठ दृश्यमा रचित पूर्णाङ्की नाटक हो । लघु आकारको यस नाटकमा पहिलो दृश्यमा एउटा कोठाको दृश्य देखाइएको छ । मेचकुर्सीहरू मिलाएर राखिएको छ । कुवेरमान गम्भीर मुद्रामा कोठामा

ओहोरदोहोर गर्छ र केही समयको अन्तरालमा क्रमशः भानुमती, फणिन्द्रर शैलाको प्रवेश हुन्छ र दुवै बहिनीलाई एकै ठाउँमा राखी फणिन्द्रर कुवेरमान शोधपत्रका निम्ति अनुसन्धान गर्न सुदूरपश्चिमाञ्चल जाने निधो गर्छन् । दोस्रो दृश्यमा भानु र शैला देखा पर्दछन् । दुवैले दाजुहरूको चिठी प्राप्त गर्छन् । दाजुहरूको डोटी पुगेर बैतडी जाने योजनाबारे उनीहरू थाहा पाउँछन् र दुबैले एकअर्कालाई छेडछाड गरे पनि पछि वातावरण साम्य हुन्छ । भानुले माफी माग्दछे । तेस्रो दृश्यमा बैतडी जिल्लाको प्राकृतिक दृश्य छ । एउटा भरियासहित फणिन्द्रर कुबेरमानको प्रवेश हुन्छ । उनीहरू पुराना ऐतिहासिक कुराहरूको खोजीका निम्ति भुवन गिरीलाई भेट्ने योजना बनाउँछन् । चौथो दृश्यमा बैतडीको वनप्रान्त मन्दिर र मठको दृश्य छ र त्यहाँ भुवन गिरी, चन्द्र पुरी, सुन्दरकुमार र देवकन्या चन्द्रवती तथा पद्मावती बसेर कुराकानी गरिरहेका हुन्छन् । फणिन्द्रर कुवेरमा आएको खबर उनीहरूले थाह पाउँछन् । देवाज्ञा नमानेको कारण देवकन्या प्रभावतीको मृत्युले वातावरण अन्योलपूर्ण हुन्छ । प्रभावतीको दाहसंस्कार गरिन्छ । फणिन्द्रर कुवेरमान यी सबै कुराका बारेमा देवकन्यालाई भेटेर सोध्ने योजना बनाउँछन् । छैंटौं दृश्यमा देवकन्यामार्फत् उनीहरू सबै कुरा थाह पाउँछन् । उनीहरू देवज्ञाको विरोध गर्न देवकन्यालाई सल्लाह दिन्छन् र देवकन्याहरू डराउँछन् । देवकन्याहरूले इतिहासका सम्पूर्ण सामग्री ल्याइदिने योजना बनाउँछन् । यत्तिकैमा सुन्दरकुमारको प्रवेश हुन्छ र फणिन्द्रएवं सुन्दरबीच केही घम्साघम्सी चल्छ । सातौं दृश्यमा वनपर्वतको दृश्यमा समर, भानु र शैला देखा पर्दछन् । उनीहरू दाजुलाई सहयोग गर्न आइपुग्छन् । फणिन्द्रर साथीहरूले पूर्णमासीको दिन सम्पूर्ण अन्धविश्वास भण्डाफोर गर्ने योजना बनाउँछन् भने अर्कातिर चन्द्रपुरी र सुन्दर पनि पूर्णमासीको दिन पूजाआजा गरिरहेको दृश्य देखिन्छ । देवकन्यालाई देवाज्ञा दिन शपथग्रहण गराइन्छ । देवाज्ञा दिनका लागि तयारी गरिन्छ । यत्तिकैमा घमासान युद्ध हुन्छ । फणिन्द्रर साथीहरूको जित हुन्छ भने

कथित देवरूपी दानवहरूको पराजय हुन्छ । गाउँलेहरूले सबै कुरा थाह पाउँछन् । यस प्रकार यो नाटक बाह्य रूपमा तीन अवस्था-आरम्भ, मध्य र अन्त्यमा विभक्त भएको छ भने आन्तरिक रूपमा कथावस्तु, आरम्भ, सङ्घर्ष, चरमोत्कर्ष, सङ्घर्षह्रास र उपसंहार पाँच अवस्थामा विकसित छ । मूल रूपमा यस नाटकले नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा रहेको छोरीलाई जिउँदै देवतालाई चढाउँने कुप्रथा देवकी प्रथामा नारीको स्थिति र देवताका नाममा उत्पात मच्चाउने ढोँगीको भन्डाफोर गर्दै त्यस प्रथाको अन्त्यको शङ्खघोष गरेको छ ।

### **४.२.३.९. अभिनय**

नाटकको पूर्ण सार्थकता रङ्गमञ्च वा अभिनयमा रहन्छ । आकर्षक कथावस्तु, चरित्र र विशिष्ट शैली, द्वन्द्वगत संलग्नता, नाटकीयता र तीव्र क्रियाव्यापारले गर्दाखेरि नाटक पूर्णतः अभिनयात्मक बनेको हुन्छ । छोटो आकार, थोरै पात्रसङ्ख्या र सहज एवं सरल भाषाशैलीका कारण 'देवकन्या' नाटक अभिनयका निम्ति उपयुक्त छ । अभिनयात्मक प्रभाव सृष्टिका निम्ति कुवेरमान र फणिन्द्रप्रसादको अभिनय गर्ने व्यक्तिले कठिन परिश्रम गर्नुपर्ने हुन्छ । देवकन्याहरूको आत्मवेदनाले भरिएको पीडा र समाजको तिरस्कारपूर्ण व्यवहारले थिचिएको स्थितिमा देवतारूपीदानवको कुव्यवहारलाई सहन बाध्यात्मक परिस्थितिको अभिनय गर्न एकदमै कठिन र बढी प्रभावकारी पनि छ र देवस्थलको महाजनको अभिनय गर्न पनि केही मानसिक कसरत गर्नुपर्ने हुन्छ । अन्य पात्रहरूका अभिनय सरल र सहज मान्न सकिन्छ । कथावस्तु छोटो र काव्यात्मक वाक्यगठन, सीमित पात्रको प्रयोग र सीमित दृश्यको चित्रणले गर्दा प्रस्तुत नाटकको अभिनय पक्ष सहज देखिन्छ ।

**४.२.३.१०. भाषाशैली**

नाटकका पात्रहरूले गर्ने संवाद र बोलाइको तरिका नै भाषाशैली हो । नाटकमा प्रायः सरल भाषाको प्रयोग गरिनु आवश्यक ठानिन्छ । ‘देवकन्या’ नाटकमा सरल बोलचालको नेपाली भाषा प्रयोग भए तापनि आगन्तुक भाषा अङ्ग्रेजी पनि निकै प्रभाव रहेको छ । अङ्ग्रेजीका आगन्तुक शब्दहरू जस्तैः- कंग्राचुलेसन, पुअर, बाय, एक्सलेन्ट, मिस्टर जान आदिको प्रयोग त्यहा भएको छ । हिन्दी भाषाका बहुत, गुलामी, तकलीफजस्ता शब्दहरूको प्रयोग पनि त्यहाँ पाइन्छ । नाटकमा आँखा खोल्नु, ज्वाला फुक्नु, टुलटुल हेर्नु, चोरी आँखाले हेर्नु, रातो आँखा पार्नुजस्ता टुक्काहरूको प्रयोगले भाषालाई अझ आकर्षण प्रदान गरेको छ । ‘देवकन्या’ नाटकमा संस्कृत तत्सम शब्दहरू देवकन्या, रक्तिमनेत्र, स्रोत, वस्त्र, आरती, दिक्षा, निवास आदिको प्रयोग भएको पाइन्छ । द्वित्व शब्द पल्याकपुलुक, धुँसैधुसा, द्यम्साद्यम्सी, मुक्कैकुक्का आदिको प्रयोग पनि परिस्थितिअनुसार यहाँ भएको छ । यस नाटकमा सरल, मिश्र र संयुक्त वाक्यहरूको प्रयोग उपयुक्त ढङ्गले भएको पाइन्छ । जस्तैः

सरल वाक्यः- दाजु खोइ नि ?

आउँदै हुनुहोला ।

मिश्र वाक्यः- ओह ! ए ट्रेचर र एन अफेण्डर ! अब जेजति छ के त्यो हामीहरूलाई देखाउन सक्नुहुन्छ?

संयुक्त वाक्यः तिम्रो भनाइ ठीक छ तर तिमी मेरो काम सघाउन पनि आएको होउ । थेसिस पूरा भैहाल्ने छ र हामी खुशी खुशी घर फर्कनेछौं ।

(देवकन्या, पृ.१४९)

यस प्रकारका भाषाशैलीको प्रयोगले यस नाटकलाई झन् जीवन्त बनाएको छ । यसमा भाषाशैलीको परिष्कारमा पनि नाटककारले परिश्रम गरेका छन् भन्न सकिन्छ ।

### ४.२.४ फुटकर निबन्धको अध्ययन

#### ४.२.४.१ प्रारम्भ

इन्द्रमणि 'मानव' का विभिन्न पत्रपत्रिकामा छरिएर रहेका केही लेखहरू निबन्धात्मक तथा प्रबन्धात्मक रूपका देखिन्छन् । अन्वेषणोन्मुख समालोच-नात्मक स्पर्शले तिनलाई छोएको छ र चिन्तन एवं विचारहरू पनि त्यहाँ पोखिएका छन् । उनका ती निबन्धहरूका विशेषताबारे यहाँ जानकारी दिइएको छ ।

#### ४.२.४.२ व्यष्टि निबन्धको विवेचना

**१) हामी नेपाली हौं**

निबन्धकार इन्द्रमणि 'मानव' द्वारा लिखित 'हामी नेपाली हौं।" उदय (वर्ष ९, अङ्क ५-६, २००२) मा प्रकाशित भएको थियो । दुई पृष्ठमा लेखिएको यो निबन्ध राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएको निबन्ध हो । आत्मपरक शैलीमा रचना गरिएको यस निबन्धमा राष्ट्रका नागरिक सबै एउटै हुन् र सबै एकतामा बस्नुपर्दछ  भन्ने भाव व्यक्त भएको छ । नेपालीहरूका बीचमा जाति, धर्म, लिङ्ग वर्ग आदिका आधारमा भेदभाव गर्नुहुँदैन भन्ने सन्देश सम्पूर्ण साहित्यकार बुद्धिजीवीवर्ग, लेखक, सर्वसाधारण  जनतालाई दिने काम यस निबन्धले गरेको छ । निबन्धकारले नेपाल र नेपालीप्रतिको ममता यसरी प्रकट गरेका छन् "हामी नेपाली हौं । नेपाल भन्ने शब्दलाई पर नसारौं', एकतामा बसौं, नेपाल हाम्रो देश हो, हामी नेपाली हौं । नेपाल र नेपालीहरूका बीच नङ र मासुको सम्बन्ध हुनुपर्दछ ।"

उक्त निबन्धमा नेपालमा प्रारम्भिक कालदेखिको जातिगत, वर्गगत, लिङ्गगत र धर्मगत आधारमा भएको भेदभावको वर्णन एकातिर पाइन्छ भने अर्कातिर यस विविधतालाई एकतामा कसरी राख्ने आदि विचारलाई क्रमबद्ध रूपमा समेटिएको पाइन्छ । हिन्दी आगन्तुक शब्दको प्रयोगले पाठकवर्गमा केही अप्ठ्यारो महसुस हुन्छ । देशप्रतिको सदभाव छताछुल्ल भएको यस निबन्धमा स्तरीयता र अभिव्यक्तिगत कौशल भने विद्यमान छ । निबन्धकार आफैले सम्पूर्ण नेपालीलाई आग्रह गरेका हुनाले यसमा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । यहाँ विचारपक्षले बढी प्रश्रय पाएको छ । तसर्थ यस निबन्धलाई आत्मपरकता र वैचारिकताको मिश्रण भएको निबन्धका कोटीमा राख्नु उपयुक्त हुन्छ ।

**२) नेपाल र नेपालीहरू**

निबन्धकार इन्द्रमणि 'मानव' द्वारा (उदय १०:५, २००३) लेखिएको नेपाल र नेपालीहरू एक उत्कृष्ट निबन्ध हो । झन्डै डेढ पृष्ठमा लेखिएको 'मानव' को यो निबन्ध आत्मपरक शैलीमा छ । यस निबन्धमा जराबिनाका आन्दोलन गर्नुभन्दा अगाडि जग बलियो पार्नुपर्छ, जग बलियो पार्नु भनेको नेपालको आन्तरिक सुधार गर्नु हो, जुन सुधार गाउँका कुना कन्दरामा हुनुपर्छ । घुँडा धसेर, टाउको ठाडो पारी तनमन धनले देशको स्थिति सुधार्न प्रत्येक नेपालीहरू अग्रसर हुनुपर्दछ भन्ने पनि उनको भनाइ छ । एक्कासि उठी आँखै नमिची हिँडनुहुँदैन भन्दै निबन्धकार के भन्छन् भने विश्वजगत्मा हेर्ने हो भने नेपाल एकदमै पछाडि छ, देश र देशवासीले सर्वप्रथम नेपाल र नेपाली भनाउनु छ अनि नेपाल र नेपालीहरूको प्रथम कार्य भनेको एकता र आफ्नो गाउँ आफैं बनाऊँ हो । उनका अनुसार सहरबजारमा मात्र आन्दोलनको नारा घन्काउनु होइन ।

प्रवृत्तिगत दृष्टिले इन्द्रमणि ‘मानव’ लाई हेर्दा वस्तुपरकताभन्दा आत्मपरकता उनको प्रमुख निबन्धात्मक प्रवृत्ति हो । उनले यस निबन्धलाई आफ्नो अध्ययन र अनुभवको कसीमा घोट्दै प्रस्तुत गरेका छन् । आत्मपरकता, भाषिक सामर्थ्य, स्तरीयता र अभिव्यक्तिगत कौशल उनका निबन्धका प्रवृत्ति यस निबन्धमा पनि विद्यमान छ ।

**३. नेपालमा अन्तर्राष्ट्रिय प्रतिद्वन्द्विताको प्रभाव**

यो निबन्ध वि.सं. २०१६ को ‘उदय’ पत्रिकामा प्रकाशित भएको थियो । करिब दुई पृष्ठ ओगट्न पुगेको लघु आयामको उक्त निबन्ध ‘मानव’ को निबन्धकलाको परिचयात्मकका रूपमा रहेको छ । उनले यस निबन्धमा नेपाललाई हालसम्म कसैको अधीनमा नरहेको,कसैको उपनिवेशमा बस्न नपरेको स्वतन्त्र राष्ट्रको रूपमा चिनाएका छन् । उनी के पनि भन्छन् भने नेपालीकला संस्कृतिमा मिश्रण छैन । विश्वजगत्मा विभिन्न राष्ट्रहरूका बीचमा विध्वंसपूर्ण क्रियाकलाप विद्यमान भएको देखेर निबन्धकार चिन्तित छन् । रूस र अमेरिकाजस्ता शक्तिशाली राष्ट्रहरूका बीचमा गुटबन्दी भएको उनले अनुभुति गरेका छन् । गुटको प्रतिस्पर्धाले अन्योलमा परेका राष्ट्रहरूले असंलग्न राष्ट्रहरूको पञ्चशीलको सिद्धान्तलाई लत्याएको कुरा निबन्धकारले अभिव्यक्त गरेका छन् । चारैतिरबाट साम्यवादी गुट, पूँजीवादी गुट र तेस्रो टटस्थ गुटबाट घेरिएर पनि नेपालमा कुनै एक गुटको प्रभाव नरहेकोमा निबन्धकार असन्तुष्ट छन् । उनले नेपालमा आफ्नै प्रकारको सफल परराष्ट्र नीति रहे पनि अन्त राष्ट्रिय प्रतिद्वन्द्विताको प्रभाव भने परिरहेको विचार प्रस्तुत गरेका छन् ।

निजात्मक शैलीमा लेखिएको उक्त निबन्धमा नेपालमा अन्तर्राष्ट्रिय होडबाजीको प्रभाव केही न केही मात्रामा परेको विचारधारा व्यक्त भएको छ, गहन विषयलाई प्रस्तुत गर्न उपयुक्त भाषाको प्रयोग भएको छ । यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । समग्रमा भन्दा विषयवस्तुको

प्रस्तुतीकरण र संरचनागत पक्षको तारतम्य मिलेका हुनाले निबन्ध सफल देखिन्छ ।

### ४) एउटा सानो सर्वेक्षण

'एउटा सानो सर्वेक्षण' मानवको आलेख हो । यसमा वर्तमान नेपालको शिक्षाको गतिविधिबारे समालोचना गरिएको हुनाले यसले लघु निबन्धको रूप लिएको छ । यो निबन्ध दौंतरी (वर्ष ११, अङ्क १, पूर्णाङ्क ११, २०६१)मा प्रकाशित छ । आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा मानवले शिक्षाको क्षेत्रमा सर्वेक्षण गर्ने क्रममा आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । विश्वमा वैज्ञानिक युगका चमत्कारहरूको होडबाजी चलेको छ तर नेपालमा हेर्ने हो भने शिक्षा केवल जीवनयापन गर्नका लागि मात्रै छ भन्ने उनको धारणा छ । शिक्षार्थीहरूले डिग्री हाँसिल गरेर प्रमाणपत्र हातमा लिई जागिरमा झुन्डिने हिसाबले शिक्षा आर्जन गरेको देख्ता निबन्धकार दिग्दार छन् । शिक्षकहरू कमाइ खाने भाँडोका रूपमा आफ्नो शिक्षणपेसालाई लिने गर्दछन् र बढी तलब र सुविधातर्फ दौडन्छन् भन्ने उनको धारणा छ । देशको शिक्षानीति विनाकुनै संशोधन केवल कामचलाउ हिसाबले अगाडि बढिरहेको उनले देखेका छन् । ग्रामीण क्षेत्रका लागि कुनै शिक्षानीतिहरू बन्न नसकेको टिप्पणी गर्दै उनी शैक्षिकस्तर वृद्धि गर्न सङ्ख्यात्मकभन्दा गुणात्मक शिक्षणमा जोड दिई देशलाई शिक्षा क्षेत्रको विकास गर्न शिक्षक, शिक्षालय र शिक्षानीतिमा सुधार गर्न विशेष जोड दिनुपर्दछ भन्ने विचार राख्दछन् । शिक्षाक्षेत्रमा परिवर्तन र परिमार्जन भएमा देशले दक्ष जनशक्ति उत्पादन गरी स्वतः विकास हुन्छ भन्ने चिन्तन उनले व्यक्त गरेका छन् ।

मानव यथार्थवादी साहित्यकार भएकाले यस निबन्धमा पनि उनले यथार्थ पक्षलाई सफलताका साथ प्रस्तुत गरेका छन् । भाषाशैलीगत तारतम्य

मिल्नाका साथै गहन विषयलाई तृतीय पुरुष दृष्टिविन्दुको माध्यमले यहाँ सरल भाषाशैलीमा प्रस्तुतिकरण गरिएको छ ।

### ४.२.४.३ निष्कर्ष

समग्रमा भन्नु पर्दा मानवका यी निबन्धले शिल्पगत प्रविधि र अभिव्यक्ति-कौशलमा सफलता पाएका छन् । वैयक्तिकता, निजात्मकता, सङ्क्षिप्तता, विचारात्मकता र भाषागत सामर्थ्यजस्ता निबन्धगत गुणहरूले यी निबन्धहरू  मौलाएका छन् । नेपाली निबन्ध साहित्यफाँटका केन्द्रीय व्यक्तित्व देवकोटाको प्रभाव मानवका निबन्धमा पनि पाइन्छ । उनले थोरै निबन्ध लेखे पनि नेपालदेश र नेपाली जनताप्रति आफ्ना निबन्धबाट विशेष स्नेह देखाएका छन् । राजधानीबाट टाढा नेपालगन्जजस्तो ठाउँमा रहेर पनि उनले गरेको योगदान स्मरणीय छ ।

# अध्यायः पाँच

## ५. निष्कर्ष

### ५.१ जीवनीगत निष्कर्ष

भेरी अञ्चल बाँके जिल्लाको नेपालगन्ज नगरपालिका वाड नं.८ गगनगन्जमा पिता हर्षमानपति वज्राचार्य र माता अतिमायाका कोखबाट वि.सं. १९७४ असार ३१ गते शनिवारका दिन इन्द्रमानपति बज्राचार्यको जन्म भएको थियो । उनको साहित्यिक नाम नै इन्द्रमणि 'मानव' हो । जन्म भएको २२ दिनको उमेरमा नै आफ्नी आमाको न्यानो काखबाट उनले वञ्चित हुनुपरेको थियो । उनको बाल्यकालीन शिक्षा अनौपचारिक रूपमा मामाघरमा भए तापनि औपचारिक शिक्षा कक्षा ४ देखि कक्षा ९ सम्म भारतको बहराइच जिल्लाको महाराज हाई स्कूलमा भएको थियो । वि.सं.१९९७ मा राणाशासनविरूद्ध आवाज उठाउँदा उनी १५/१६ दिन थुनामा परी रु. १०० जरिवाना तिरेर मुक्त भएका थिए । यसरी काठमाडौंमा बस्दा वि.सं. १९९८ मा शीलकुमारी वज्राचार्यसँग विवाहबन्धनमा बाँधिएपछि उनी पटकपटक पक्राउ पर्ने र विभिन्न घटना घट्न सक्ने सम्भावना भएपछि यिनी भारततर्फ प्रवेश गरेका थिए । त्यही समयमा उनले केही बर्ष भारतीय सेनामा जागिरे जीवन विताए भने केही वर्षपछि नै सेनाको जागिर छोडेर बनारस पुगी उनी लक्ष्मी शंकरलाल श्रेष्ठ, काशीबहादुर श्रेष्ठ र ईश्वर बरालको प्रेरणा र सङ्गतबाट साहित्यिक लेखनतर्फ क्रियाशील रहेका थिए ।

वि.सं १९९५ सालमा काठमाडौंको जनता विद्यालय (कतै महावीर इन्स्टिच्युट भनिएको) मा ३ वर्षसम्म अध्यापन गरेका 'मानव' ले वि.सं २०१७ देखि मंगलप्रसाद मा.वि र महेन्द्र नाइट एकेडेमी (हाल महेन्द्र उच्च मा.वि) नेपालगञ्जमा नयाँ शिक्षा योजना लागू नहुँदासम्म अध्यापन गरेका थिए । वि.सं

२०१५ सम्म साहित्य र राजनीतिलाई समान रूपमा अगाडि बढाए पनि वि.सं २०१५ मा भएको आम निर्वाचनमा असफल भएपछि 'मानव' ले राजनीतिदेखि सन्न्यास लिएका  थिए ।

साहित्यक्षेत्रमा अगाडि बढ्ने क्रममा उनका जीवनमा विभिन्न पारिवारिक, सामाजिक र आर्थिक उतारचढाउ आएका थिए । मानवले कहिले भारत कहिले नेपाल र नेपालमै काठमाडौं, कहिले बर्दिया त कहिले नेपालगन्ज गर्दै विभिन्न साहित्यिक सामाजिक संघ-संस्थाको योगदान गर्ने कार्यमा योगदान दिएको पाइन्छ ।[५९] 'भेरी साहित्य समितिका' अध्यक्ष खगेन्द्रनाथ शर्मा रहँदासम्म त्यो संस्थामा सदस्यका रुपमा र सिर्जना (बर्ष २, असार अंक ५, २०३२) प्रकाशन हुनुभन्दा पूर्व नै भेरी साहित्य विकास समितिको अध्यक्ष भई कार्य गरेका थिए । उनले भेरी साहित्य परिषद्को पनि अध्यक्ष रहेर काम गरेको पाइन्छ । त्यसैगरी उनेले 'राष्ट्रिय आह्वान' साप्ताहिक समाचार प्रधान पत्रिकाको २०१९ मा सम्पादनकार्य गरेका थिए । 'अनुराधा', 'सिर्जना', 'पञ्चामृत' आदि पत्रिकाको सामूहिक संम्पादन कार्यमा पनि उनि सहभागी थिए । 'उदय' को केही अंकको समेत उनले सम्पादन गरेका थिए । कासीबहादुर श्रेष्ठ विरामी भएको समयमा ईश्वर बरालसंग मिलेर जीवनको अन्तिम क्षणसम्म पनि साहित्यमा आफ्नो कुनै कुनै छाप छोड्ने विचार व्यक्त भएकोमा मानव नेपाली साहित्यलाई अगाडि बढाउने कार्यमा लागिपरेको पाइन्छ । उनका रचनाहरू 'शारदा', 'सिर्जना', 'उद्योग', 'उदय', 'स्वराष्ट्र' 'अनुराधा', 'नौलो पाइलो', 'समय', 'महेन्द्र सौरभ' आदि पत्रपत्रिकामा प्रकाशित रहेका छन् स्थानीय क्षेत्रमा पत्रपत्रिका प्रकाशन र साहित्यलेखनका प्रेरणाका स्रोत भएर तत्कालीन समयमा देखा परेका थिए । उनले वि.सं २०२० मा चितवन र २०२२ मा झापामा भएको साहित्य सम्मेलनमा भाग लिएका थिए । त्यस्तै वि.सं २०३० मा काठमाडौंमा भएको बृहत् लेखक सम्मेलनमा पनि उनी

[५९] सिर्जना, वर्ष २, अंक ५, २०३३ (सन्दर्भ)

सहभागी भएका थिए ।[६०] इन्द्रमणि 'मानव' तत्कालीन समयका एक योग्य सम्पादक, स्तरीय लेखक, कर्तव्यवान शिक्षक, कुशल शैनिक राजनीतिज्ञ र स्तरीय लेखक र साहित्यकार थिए । यी सबैका अतिरिक्त उनी केही भावुक स्वभावका र खरो आलोचक भएका हुनाले धेरै साहित्यकारहरूसँग उनको घनिष्ठ सम्बन्ध कायम हुन सकेन ।[६१] यसरी जीवनको अन्तिम अवस्थासम्म साहित्यको खुल्ला आकाशमा रमाउन चाहने मानवले नेपालगन्जमा पारिवारिक वातावरणको उतारचढाउसँगै रम्दारम्दै वि.सं २०५७ पौष ६ गते कठ्याङग्रीदो जाडोमा सदाका निम्ति यस धरतीवाट बिदा लिए ।

## ५.२ साहित्यिक कृतिसम्बन्धी निष्कर्ष

साहित्यकार इन्द्रमणि 'मानव'को अनौपचारिक साहित्ययात्रा विद्यालय जीवनदेखि प्रारम्भ भए तापनि औपचारिक रूपमा वि.सं २००२ को 'नर्स' कथा, २००२ सालकै 'राष्ट्रिय वन्दना', कवितामार्फत् भएको थियो । कथा, कविता निबन्ध, नाटक आदिमा कलम चलाउने 'मानव' ले विभिन्न पत्रपत्रिका संम्पादन कार्य पनि गरे । इन्द्रमणि 'मानव  ले साहित्यका सबै बिधामा हात हाले तापनि उनको सबैभन्दा फस्टाएको कथा विधा हो । उनको हालसम्म 'अभिशप्त जीवन' (२०२४) कथासंङग्रह प्रकाशित छ जसमा ९ ओटा कथाहरू छन् । उनका अन्य पत्रपत्रिकाहरूमा प्रकाशित १० ओटा कथासहित जम्मा १९ ओटा कथाहरू हालसम्म प्रकाशित छन् । उनका कविताहरूमा 'दौतरी' इन्द्रमणि मानव विशेषाङ्कमा ३५ ओटा कविताहरू र अन्य पत्र पत्रिकामा १० गरी जम्मा ४५ ओटा कविताहरू प्रकाशित छन् । उनका हालसम्मका ८ वटा कविताहरू प्रकाशित छन् भने एउटा नाटक र एउटा आत्मकथा (अपूर्ण) प्रकाशित छन् । विभिन्न पत्रपत्रिकाहरूमा केही रचनाहरू छरिएर पनि रहेका छन् ।

---

[६०] मधुसुदन गिरी, "भेरीका कविताः पृष्ठभूमि र परम्परा", मध्यपश्चिमका कविता काठमाडौंः मध्यपश्तिमाञ्चल  साहित्य परिषद, काठमाडौं (२०५३), पृ.५६ ।

[६१] पूर्ववत् , दौतरी पृ . ग ।

**५.२.१ कथागत निष्कर्ष**

वि.स. १९९७ मा भारत पसेका 'मानव' ले त्यहाँका साहित्यकारहरूसँग सङ्गत गर्नका साथै कथाहरू पढ्न पाए । त्यसैको प्रभावमा 'उदय' पत्रिकामा साहित्यकारहरू समवर्ती भएर तत्कालीन समयका 'उदय' पत्रिकामा देखा पर्ने प्रमुख कथाकारहरू शेषराज वली, पार्थिव शमशेर जबराहृदयचन्द्रसिंह प्रधान, जगतबहादुर सिह, खगेन्द्रमान सिंह, प्रेम सुव्वा, शिवकुमार राई, ईश्वर बराल, कृष्णचन्द्र सिंह प्रधानलालबहादुर गरुङ्ग आदि हुन् । यिनै कथाकारहरूका प्रवृतिलाई भित्र्याउँदै वि.सं २००२ मा 'नर्स' कथामार्फत नेपाली कथा साहित्यमा मानवले पाइलो राख्ने काम गरे । वि.सं २००२ देखि कथा साहित्यमा प्रवेश गरेका मानवले आफूभन्दासाहित्यकारहरूका आदर्शोन्मुख सामाजिक यथार्थवादी प्रवृतिका साथै प्रगतिशीलता र मनाविज्ञानलाई पनि आत्मसाथ गरेका छन् । कथाको प्रथम प्रकाशनसँगै सामाजिक यथार्थवादी प्रवृत्तिलाई भित्र्याउँदै कथायात्राको अन्तिम अवस्थासम्म आइपुग्दा उनले कथामा देशभक्ति, नारीसमस्या, निम्नवर्गको दयनीय अवस्था, मानसिक संगेगात्मक उथलपुथल, रूढिवादी मान्यता आदिलाई समावेश गर्दै गरिवप्रति सहानुभूति प्रकट गरेका छन् । उनी रूपविन्यासगत प्रयोगका दृष्टिकोणले अन्य पक्षमा नेपाली साहित्यका अग्रगामी केन्द्रीय कथाकारहरू लक्ष्मीप्रसाद देवकोटा, भवानी भिक्षु, बी.पी. कोइराला, बालकृष्ण सम आदिको हाराहारीमा पुग्न नसके तापनि क्षेत्रीय स्तरमा पथप्रदर्शक र समाजलाई आदर्शको गोरेटो प्रदान गर्ने सफल कथाकार हुन् ।

'मानव'का समग्र कथाहरूलाई केलाउँदा रुचिक्षेत्र सामाजिक रहेको छ । समाजमा विद्यमान असमानता, गरिबमाथि लादिएका बोझहरू, शिक्षित व्यक्तिहरूले घरको काम उधोग तथा व्यापारमा नलागी नोकरी नै गर्नुपर्दछ भन्ने सामाजिक मान्यता, धनसम्पतिको लोभमा फसेर गरिने आपराधिक कार्यहरू, शाश्वत प्रेम र प्रेममा भएको कुप्रवृत्ति आदिजस्ता विषयवस्तुहरू

कथाकार 'मानव'का रुचिक्षेत्रगत प्रवृत्तिहरू हुन् । उनका रुचिगत प्रवृत्ति आदर्शोन्मुख सामाजिक यथार्थवादी कथा रचना गर्नु हो । उनका आफ्ना कथाहरूमा सामाजिक यथार्थ र प्रगतिवादी स्वर पनि आंशिक रूपमा रहेको छ भने मनोविज्ञानलाई पनि उनले आफ्नो कथामा स्थान दिएका छन् । उनले आफ्ना कथाहरूमा बोधगम्यताका दृष्टिले अभिधामूलक अर्थसापेक्षको प्रचुर प्रयोग गरेका छन् भने आंशिक रूपमा लक्षणामूलक अर्थसापेक्षलाई पनि अङ्गीकार गरेका छन् । बौद्धिक पाठकको अपेक्षा नगर्ने उनका कथाहरू सरल, सहज र सम्प्रेषणीय छन् । उनी दृष्टिविन्दुको प्रयोग गर्दा आन्तरिक र बाह्य दुबै दृष्टिबिन्दुको कुशल प्रयोग गर्दछन् तर पनि उनका कथाहरूमा परिधीय दृष्टिविन्दुको अधिक प्रयोग रहेको पाइन्छ । त्यसैगरी मानवको कथानक ढाँचाको प्रवृत्ति रैखिक रहेको छ । उनका हालसम्मका तीनवटा कथाबाहेक सबै कथाहरू आदि, मध्य र अन्त्यको शृङ्खलामा विकसित भई पूर्णता प्राप्त गरेका छन् । ग्रामीण र सहरिया दुवै परिवेशलाई झल्काउने उनका कथाहरूमा केही मात्रामा झर्रा नेपाली शब्द, स्थानीय बोली अङ्ग्रेजी र हिन्दी आगन्तुक शब्द, तत्सम शब्द र उखानको प्रयोग रहेको छ भने अनुकरणात्मक शब्द, टुक्का र उपमा आदिको प्रचुर प्रयोग पनि गरिएको छ । पात्र र परिवेशअनुरूपको संवादको प्रयोगले उनका कथालाई जीवन्तता प्रदान गरेको छ ।

### ५.२.२ कवितागत निष्कर्ष

साहित्यकार इन्द्रमणि 'मानव' एक कविका रूपमा पनि ख्याति प्राप्त छन् । कविता विधामा मुक्तकको रूपमा मानिने सबैभन्दा छोटो कविता ११ पङ्क्तिको 'कोटी कामना' देखि लघुरूप मानिने फुटकर कविता र मध्यम रूपसम्मको रचना उनले गरेका छन् । उनको कविताको संरचनात्मक आयाम लघु र मध्यम नै रहेको छ । उनको सबैभन्दा लामो कविता, 'नौलो कोलाहल दुई' १४१ पङ्क्तिको रहेको छ । उनका कवितायात्राका प्रथम चरणका रचनाहरूको संरचनापक्ष त्यति व्यवस्थित नदेखिए तापनि काव्ययात्राको

विकाससँगै उनको कविता र काव्यकृतिमा संरचना सुसङ्गठितता र व्यवस्थितता भने आउन थालेको देखिन्छ ।

समाजसुधारको चेतना लिई नेपाली साहित्यमा प्रवेश गरेका ‘मानव’ ले आफ्ना पद्यरचनामा विषयवस्तुगत प्रयोगमा विविधता अँगालेका छन् । उनले नेपाली समाज र राष्ट्रमा देखा परेका सामाजिक विकृति र विसङ्गति, जातीय एवं वर्गीय असमानता तथा शोषणदमन, अन्याय, अत्याचार र राष्ट्रिय चिन्तन जस्ता विविध विषयको अभिव्यक्ति दिएका छन् । उनले आफ्ना कवितामा विशेषतः ग्रामीण नेपाली समाजले भाग्नुपरेका अन्याय, अत्याचार, शोषण दमनको यथार्थ चित्रण गरेका हुनाले उनलाई शोषित-पीडित नेपाली जनताका प्रतिनिधि कविका रूपमा पनि लिन सकिन्छ । ग्रामीण नेपाली समाजको यथार्थ चित्रण मानव वास्तवमा सर्वसाधारण नेपाली जनताका जातीय कवि हुन् । उनी सामाजिक चेतनाका कवि हुन् । नेपाली समाजमा व्याप्त अज्ञानजनित आडम्बर, कुरीति र कुप्रथाहरू हटाउने उद्देश्यले नै मानव नेपाली साहित्यमा प्रवेश गरेका हुन् । समाज सुधारको सन्देश लिई नेपाली साहित्यमा प्रवेश गरेका मानव राष्ट्रिय भावचेतनाका कवि पनि हुन् । उनले आफ्ना कविताहरूमा नेपाली समाज, जाति तथा देशको आर्थिक र भौगोलिक स्थितिको सुन्दर चित्रण गरेका छन् । उनी व्यङ्ग्यात्मक कवि पनि हुन् । उनका कवितामा समाजका कतिपय अमिल्दा पक्षमाथि तीव्र ब्यङ्ग्य गरिएको भेटिन्छ । मानव प्रकृतिका पूजारी नै हुन् । उनले आफ्ना रचनामा प्रकृतिको तन्मय चित्रण गरेका छन् । नेपालको विभिन्न भागमा घुमफिर गरेका मानवले आफ्ना रचनामा विशेषतः हिमाल, पहाड, तराई, नदीनाला, समय आदिको रोचक चित्रण गरेका छन् । उनले समाज, राष्ट्र र देशप्रेमी अभिव्यक्तिमा प्रकृतिको सहयोग लिएका छन् । उनले आफ्ना कवितामा नेपाली संस्कृतिको पनि चित्रण गरेका छन् । संस्कृतिको संरक्षण गर्नुपर्छ र संस्कृतिका नाममा समाजमा कहित्यै विकृति भित्र्याउनु हुदैन भन्ने सन्देश दिने ‘मानव’ प्रेमका कवि हुन् ।

'मानव' विशेषतः गद्यकवि हुन् । तर पनि उनका कवितामा वार्णिक, मात्रिक र लोकलयको पनि प्रयोग पाइन्छ । कवि 'मानव' ले आफ्ना रचनामा शब्दालङ्कार  र अर्थालङ्कार दुवैको प्रयोग गरे तापनि आलङ्कारिक चमत्कार प्रदर्शन गर्नु उनको उद्देश्य रहेको देखिँदैन । उनले अर्थालङ्कारभन्दा शब्दालङ्कारअन्तर्गतको आद्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग बढी गरेका छन् । शब्दालङ्कारबाहेक छिटफुट रूपमा अर्थालङ्कारअन्तर्गतका स्वभावोक्ति र उत्प्रेक्षा आदि अलङ्कारको पनि प्रयोग गरी आफ्ना पद्यरचनालाई आस्वाद्य बनाउनु कविको आलङ्कारिता वैशिष्ट्य हो । समाज सुधारको सन्देश लिई नेपाली साहित्यमा प्रवेश गरेका मानव सरल शैलीमा यथार्थवादी कवि  हुन् । उनले आफ्ना रचनामा जनसामान्यले बुझ्न सक्ने किसिमको शैलीको अवलम्बन गर्नुका साथै विभिन्न क्षेत्रसँग सम्बन्धित बिम्ब पनि प्रयोग गरेका छन् । यसैले उनका रचनाहरू रोचक र सहजग्राह्य बनेका छन् । समष्टिमा सरल शैलीशिल्पको प्रयोग गरी परिष्कृत पद्यरचनाहरूको सिर्जना गर्नु कवि मानवको शैलीशिल्पगत विशेषता पनि हो । उनले आफ्ना रचनामा तत्सम तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोग गरेका छन् । 'मानव'ले आफ्ना रचनाहरूमा हिन्दी र अंग्रेजी आगन्तुक शब्दहरूको प्रयोग बढी गरेका छन् । यस दृष्टिले उनलाई आगन्तुक बहुल शब्दहरूको प्रयोग गर्ने जनजिब्रोका पक्षधर कविका रूपमा लिन सकिन्छ । सरल, स्पष्ट र सहज शब्दहरूको प्रयोग गर्नु कवि 'मानव'को शब्द प्रयोगगत एवं भाषिक बैशिष्ट्य हो ।

### ५.२.३ निबन्धगत निष्कर्ष

साहित्यकार इन्द्रमणि 'मानव'ले निबन्धका क्षेत्रमा पनि आफ्नो कलम चलाएका छन् । वि. सं. २००२ देखि नै निबन्धको क्षेत्रमा कलम चलाउने 'मानव' को प्रथम निबन्ध 'हामी नेपाली हौं' (उदय, बर्ष ९, अङ्क ५-६, २००२) प्रकाशित भएको छ । मानवका ८ ओटा निबन्धहरू प्रकाशित भएको जानकारी पाइन्छ । उनका निबन्धहरू राष्ट्रिय भावनाले ओतप्रोत छन् । उनका निबन्धहरू

वैयक्तिक (आत्मपरक) शैलीमा लेखिएका छन् । उद्देश्यगत आधारमा हेर्दा, उनका निबन्ध आत्मप्रकाशन एवं सूचनाप्रदान गर्ने सन्देशमूलक रहेका छन् । उनका निबन्ध संरचनागत दृष्टिले लघु आयामका भए तापनि आख्यानात्मक र सम्बोधनात्मक देखिन्छन् । भाव-अभिव्यक्तिको तरिका र मध्यम भाषाशैलीका दृष्टिले मानवले अलङ्कृत, लयात्मक एवं ध्वन्यात्मकतासहितको काव्यात्मक भाषाको प्रयोग गरेको पाइन्छ । उनका निबन्धमा भावसम्प्रेषणका लागि प्रतीक, बिम्ब र अलङ्कारहरू प्रयोग गरिएका छन् । विशिष्ट शैली मानवका निबन्धमा पाइने अर्को विशेषता हो । अधिकांश निबन्धमा उनले एउटा कुराबाट अर्को कुरा शृङ्खलाका रूपमा निस्कने वृत्तशैलीका साथै तार्किक शैलीको प्रयोग गरेका छन् । अनुप्रास एवं क्रियाविनाको वाक्य, उखानटुक्का उनका निबन्धमा प्रयुक्त छन् ।

शब्दप्रयोगका दृष्टिले झर्रा नेपाली शब्द, विदेशी एवं तत्सम शब्दहरू उनका निबन्धमा पाइन्छन् । उनका अधिकांश निबन्धमा पदक्रमविचलन पाइन्छ भने कतै अर्थ विचलन पनि देखिन्छ । बिषय एवम् उद्देश्यका दृष्टिले मानवको निबन्ध विधा न्यून रहे तापनि उनको निबन्धमा राष्ट्रप्रेमका झङ्कार देखिन्छ । नेपालमा अन्तर्राष्ट्रिय प्रभावले तहसनहस पारेको स्थिति उनका निबन्धमा देखाइको छ । उनले देशभित्र भएका सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक गतिविधिलाई आफ्नो निबन्धका बिषय बनाएका छन् । उनले निबन्धबिधामा कम कलम चलाए तापनि नयाँपन अँगालेका छन् । उनको भाषाशैली रोचक र आकर्षक छ ।

**५.२.४ नाटकगत निष्कर्ष**

नेपाली साहित्यका विविध विधामा कलम चलाउने 'मानव'ले नाटक क्षेत्रलाई पनि छोडेका छैनन् । उनको एउटा मात्रै नाटक 'देवकन्या' शीर्षकमा 'दौंतरी' को इन्द्रमणि 'मानव' विशेषाङ्क (२०६१) मा प्रकाशित छ । उनको

नाटक मञ्चन हुन नसके तापनि देश काल र परिस्थितिअनुरूप दृश्यहरूको समायोजन, पात्रगत विविधता र भाषाशैलीको उचित प्रयोगका कारण सफल रहेको पाइन्छ । 'देवकन्या' नाटक एउटा प्रगतिशील नाटक हो जसमा अन्धविश्वासलाई जरैदेखि हटाउनु पर्छ भन्ने सन्देश विद्यमान छ ।

## ५.३ नेपाली भाषा र साहित्यप्रति 'मानव' को दृष्टिकोण

इन्द्रमणि 'मानव' नेपाली भाषा र साहित्य दुवैमा सुधार चाहन्छन् । उनले समाज सुधारका भावनाहरू समेटिएको साहित्यले नै जाति, समाज र राष्ट्रको उन्नति हुने भएकाले त्यस किसिमका साहित्यको रचना गर्नुपर्ने कुरामा जोड दिएका छन् । विदेशी भाषा र भावका पछि लाग्दा हाम्रो मौलिकता नै हराउने भएकाले हामीले आफ्नै भाषा र भावलाई साहित्यिक रचनामा समावेश गर्नुपर्छ भन्ने सोचाइ 'मानव' को रहेको छ । समाजमा जातीय चेतना र राष्ट्रिय चेतना तथा आध्यात्मिक परिष्कार ल्याई मानवीय बल प्रदान गर्न सक्नुमा नै साहित्यको मूल्याङ्कन हुन सक्छ र त्यस किसिमका साहित्यिक रचनामा जीवन भोगाइ र समाजप्रतिको मार्ग निर्देशनसमेत हनुपर्छ भन्ने धारणा उनको रहेको छ ।[६२] समष्टिमा मानवले समाजको हित गर्ने सत्साहित्यको सिर्जनामा जोड दिएका छन् । नेपाली भाषा र साहित्यको विकासमा लगभग साढे पाँच दशक (२००२-२०५६) लामो समय खर्च गरेका 'मानव' ले समाजमा सुविचार फैलाउने र मानवीय बल प्रदान गर्ने जातीय एवम् राष्ट्रिय उत्थानका लागि उपयुक्त मार्ग निर्देशन तथा समाजमा आध्यात्मिक परिष्कार ल्याउन सक्ने साहित्यको समाज र राष्ट्रमा विशिष्ट स्थान हुनसक्छ भन्ने धारणा, राखेका छन् । यसका लागि सबै क्षेत्रबाट पहल हुनुपर्दछ भन्नु साहित्यकार इन्द्रमणि 'मानव' को नेपाली भाषा र साहित्यप्रतिको दृष्टिकोण हो ।

---

[६२] इन्द्रमणि 'मानव', अन्तवार्ता "इन्द्रमणिसँग", दौंतरी, वर्ष १, अङ्क ४-५ (संयूक्त) पौष- चैत्र, २०५३), पृ. ६-७ ।

## ५.४ साहित्यकार इन्द्रमणि 'मानव' ले नेपाली साहित्यलाई दिएको योगदान

साहित्यकार इन्द्रमणि 'मानव' ले नेपाली साहित्यका विविध विधामा कलम चलाए तापनि उनको कथाविधा नै सशक्त रहेको छ । नेपाली साहित्यको आधुनिक कालको पूर्वाद्र्धसँगै उदाएका सशक्त साहित्यकारहरू लक्ष्मीप्रसाद देवकोटा, भवानी भिक्षु, दौलतविक्रम विष्ट, बी.पी. कोइराला, हृदयचन्द्र सिंह प्रधान, बालकृष्ण सम, आदिमध्ये यी पनि एक हुन् । नेपाली साहित्यमा लगभग ५४ बर्ष लामो समय खर्च गरेका 'मानव' नेपाली साहित्यमा सर्वप्रथम 'राष्ट्रिय वन्दना' (कविता) र 'नर्स' (कथा) सुधारवादी कृति लिएर देखा परेका हुन् । उनी सामाजिक जागरण र सुधारका यथार्थवादी साहित्यकार हुन् । उनले यस किसिमका चेतना आफ्ना अग्रजहरू काशीबहादुर श्रेष्ठ, जगत्बहादुर सिंह, खगेन्द्रमानसिंह, हृदयचन्द्रसिंह प्रधान आदि र आफ्नै जीवनभोगलाई तीता अनुभवबाट प्रेरणा लिई त्यसलाई आफ्ना कृतिमार्फत् कामसमेत गरेका छन् । उनले आाफ्ना रचनामा तत्कालीन नेपाली समाजमा रहेका जातीय एवम् वर्गीय असमानता, राणा शासनका शोषण, दमन तथा अन्याय-अत्याचारजस्ता कुराको यथार्थ चित्रण गरी सर्वसाधारण नेपालीलाई जागरुक गराउन निर्वाह गरेको भूमिकालाई कहिल्यै बिर्सन सकिँदैन । उनका कृतिहरूमा अभिव्यक्त भएका जातीय जागरण, राष्ट्रिय जागरण, नारीजागरण र सुधारको चेतना अहिलेसम्म पनि त्यति नै सामाजिक छ । यस दृष्टिले हेर्दा मानव नेपाली साहित्यमा सामाजिक जागरण र सुधारका साहित्यकारका रूपमा चिनिएका छन् । उनलाई यही रूपमा मूल्याङ्कन गर्नु सान्दर्भिक हुन्छ ।

'मानव' राष्ट्रिवादी साहित्यकार हुन् । उनका कृतिमा व्यक्त भएको सामाजिक राष्ट्रिय उन्नति गर्ने चेतना नै राष्ट्रप्रेमको परिचायक बनेको छ । 'मानव' ले साहित्ययात्राको प्रथम चरण वि.सं.२००२ देखि रचनामा देखापरेका राष्ट्रवादी चिन्तनले साहित्ययात्राको दोस्रो चरण वि.सं. २०२५ मा आएर विस्तृत रूप लिएको छ । उनका कृतिहरू क्रान्तिकारी पनि छन् । राणाशासनको बिरोधमा आवाज उठाउने 'मानव' का कृतिमा समाज र राष्ट्रमा

देखा परेका अन्याय-अत्याचारका विरुद्ध सबै नेपालीलाई क्रान्तिमा सामेल हुन आह्वान गरिएको छ । उनका रचनाहरूमध्ये कथा र  नाटक ‘देवकन्या’ मा पनि प्रगतिशील चेत प्रखर रूपमा देखा परेको छ । आफ्नो जाति र राष्ट्र उत्थानका निम्ति आजीवन समर्पित भएका ‘मानव’ को राष्ट्रवादी चिन्तनले वर्तमान कालका मूर्धन्य राष्ट्रवादी कविहरूलाई पनि प्रेरित गरिरहेको अनुभव गर्न सकिन्छ । उनका राष्ट्रवादी समाजवादी चिन्तनहरू हिजो जति उपयोगी र ग्रहणीय थिए ती आज पनि त्यतिकैं महत्वपूर्ण छन् । हामीलाई आफ्नो माटोका निम्ति लड्न आज पनि ‘मानव’ को राष्ट्रिय र समाजवादी चिन्तनले ठूलो सहयोग गर्न सक्छ ।

समष्टिमा साहित्य सिर्जनाका क्षेत्रमा नवीन मूल्य र मान्यताको स्थापना र संवर्द्धन तथा विभिन्न काव्यकृतिद्वारा नेपाली साहित्यको विधागत विकासमा पुऱ्याएको टेवा नै इन्द्रमणि ‘मानव’ ले नेपाली साहित्यमा दिएको योगदान ठहरिएको छ । उनी आफ्नो लगभग साढे पाँच दशक (वि.सं. २००२- वि.सं. २०५६) लामो साहित्यिक यात्राका माध्यमबाट नेपाली साहित्यमा असल समाज सुधारक र सच्चा राष्ट्रवादी साहित्यकारका रूपमा सुपरिचित रहेका भन्ने कुरा स्पष्ट छ ।

## ५.५ सम्भावित शोधशीर्षकहरू

१. कवि इन्द्रमणि ‘मानव’ र उनका फुटकर कविताहरूको अध्ययन

२. ‘अभिशप्त जीवन’ कथासङ्ग्रहको कृतिपरक अध्ययन

३. कवि इन्द्रमणि ‘मानव’ का कविता र कथामा सामाजिक र राष्ट्रिय चिन्तन

४.नेपाली भाषा साहित्यको विकासमा इन्द्रमणि ‘मानव’ को योगदान

५. नाटककार इन्द्रमणि ‘मानव’ र ‘देवकन्या’ नाटकको विश्लेषण

६. कथाकार इन्द्रमणि ‘मानव’ का कथामा आदर्शोन्मुख यथार्थवाद

७. निबन्धकार इन्द्रमणि ‘मानव’ र उनको निबन्धको विश्लेषण

८. इन्द्रमणि ‘मानव’ का कथामा पात्र विधान

# सन्दर्भग्रन्थ सूची


अस्मिता शाह, “स्व. इन्द्रमणि ‘मानव’ : एक चिनारी”, दौंतरी वर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१ ।

इन्द्रमणि ‘मानव’ , “आत्मकथा”, दौंतरी, बर्ष १०, अङ्क १ पूर्णाङ्क ११, २०६१, मंसिर ।

… … … अन्तवार्ता, “इन्द्रमणि ‘मानव’ सँग”, दौंतरी, बर्ष १, अङ्क ४-५ ( संयुक्त) पौष- चैत्र, २०५३ ।

… … … “साहित्यकार स्व. इन्द्रमणि ‘मानव’ सँगको कुराकानी”, दौंतरी बर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१, मंसिर ।

काशीनाथ तमोट, “कथा अञ्चल भेरी”, प्रतीक, २०३९, वर्ष अङ्क ।

गणेश बत्स्याल, राप्ति पश्चिमको प्रजातान्त्रिक आन्दोलन, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५२ ।

दयाराम श्रेष्ठ (सम्पा.), नेपाली कथा भाग-४, काठमाडौं : साझा प्रकाशन, २०५७ ।

दिलीप कार्की, “ज्यूँदो इतिहास हुनुहुन्छ इन्द्रमणि ‘मानव’ बज्राचार्य”, दौंतरी, बर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१ ।

नारायणप्रसाद शर्मा गैरे, “इन्द्रमणि ‘मानव’ को परिचय”, वागेश्वरी टाइम्स दैनिक, नेपालगन्ज, पौष १८, २०५७ ।

… … … “इन्द्रमणि ‘मानव’ को परिचय”, वागेश्वरी टाइम्स दैनिक, नेपालगन्ज, पौष २९, २०५७ ।

मधुसूदन गिरी, “भेरीका कविताः पृष्ठभूमि र परम्परा”, मध्यपश्चिमका कविता, काठमाडौं मध्यपश्चिमाञ्चल साहित्य परिषद, २०५३ ।

… … … “स्व. इन्द्रमणि ‘मानव’ (वि. सं. १९७४- २०५७) : परिचय”, दौंतरी बर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१ ।

मोहनराज शर्मा, शैली विज्ञान, काठमाडौं, नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान, २०४८ ।

सनत रेग्मी, "भूमिका", अभिशप्त जीवन कथासङ्ग्रह, नेपालगन्ज, नेपाल पाकट बुक्स, २०२५ ।

... ... ... "साहित्यिक विकासको बाटोमा भेरी अञ्चल", महेन्द्रसौरभ, बर्ष ३, अङ्क २३, २०३९ ।

सृजन लम्साल, "एक नक्षत्र अस्ताएको छ", दौंतरी, बर्ष १०, अङ्क १, पूर्णाङ्क ११, २०६१ ।

"संन्दर्भ", सिर्जना, बर्ष २, अङ्क ५, २०३३ ।

"भूमिका", भेरीका कथा, भेरी साहित्य विकास समिति, २०३५ ।

## शोधग्रन्थ

ईश्वरीप्रसाद रिजाल, "बाँके जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविताकृतिको अध्ययन, "त्रि. वि. मा प्रस्तुत शोधपत्र, २०६२ ।

महेन्द्र वाग्ले, "कथाकार इन्द्रमणि 'मानव' र उनका कथाहरूको विश्लेषण", त्रि. वि. म. ब. क्याम्पस नेपालगन्ज, २०६२ ।

## स्रोत व्यक्तिहरूको नामावली र ठेगाना

नन्दराम लम्साल- मणिपुर- १७, नेपालगन्ज, बाँके, भे. अ. ।

नारायणप्रसाद शर्मा गैरे- म. ब. क्यापम्पस, नेपालगन्ज, बाँके, भे. अ. ।

महेन्द्र वाग्ले- क्याम्पस रोड, नेपालगन्ज, बाँके, भे. अ. ।

शिलकुमारी वज्राचार्य - मणिपुर- १७, नेपालगन्ज, बाँके, भे. अ. ।

शोभना बज्राचार्य- मणिपुर- १७, नेपालगन्ज, बाँके, भे. अ. ।

सनत रेग्मी- गगनगन्ज-८, नेपालगन्ज, बाँके, भे. अ. ।

स्थिरमणि वज्राचार्य - मणिपुर- १७, नेपालगन्ज, बाँके, भे. अ. ।